जननेता

# मदन भण्डारी

र संविधान



मदन भण्डारी फाउण्डेशनद्वारा राष्ट्रव्यापी रूपमा आह्वान गरिएको
**नेपालको संविधान र जननेता मदन भण्डारी**
विषयक खुला निबन्ध प्रतियोगितामा
सहभागी उत्कृष्ट निबन्धहरूको
**सँगालो**

# नेपालको संविधान
र
# जननेता मदन भण्डारी

**सम्पादक**
शार्दुल भट्टराई

**मदन भण्डारी फाउण्डेशन**

**दस्तावेजको नाम** : **नेपालको संविधान र जननेता मदन भण्डारी**

**प्रकाशित संख्या** : १००० प्रति

**प्रकाशन मिति** : २०७८

**संस्करण** : पहिलो

**आवरण/लेआउट** : एमएस माउस

**मुद्रण** : एरोल प्रा.लि.

**ISBN** **:** 978-9937-091-56-5

# प्रकाशन बारे

समृद्ध नेपाल निर्माणको अभियानमा समाजवाद उन्मुख वर्तमान संविधानले मुलुकको आर्थिक सामाजिक र सांस्कृतिक परिवर्तमा महत्वपूर्ण भूमिका निभाउन सक्छ भन्ने कुरामा दुई मत छैन । तर, जतिसुकै राम्रो संविधान भएपनि त्यसलाई इमान्दारीताका साथ कार्यान्वयन गर्ने विषय अहिलेको चुनौतीको विषय हो । वर्तमान संविधानको मियो २०४७ सालमै जननेता मदन भण्डारीले राखिसक्नुभएको थियो । जनताको बहदुलीय जनवादको आलोकमा नेकपा (माले)को महासचिवको हैसियतले उहाँले प्रस्तुत गर्नुभएका आलोचनाका २७ बुंदाहरुको मार्गदर्शनमामा अहिलेको संविधान बनेको छ । तात्कालिन समयमा सहमत हुन नसकेका तर धेरैका बिचार समेटिएर इतिहासमै पहिलो पटक जनताका प्रतिनिधिबाट बनेको संविधानको कार्यान्वयनको विषय चुनौतिको विषय बनेको छ । त्यस्ता चुनौतिहरुका बारेमा भविष्यका कर्णधार युवा पुस्ताको विचार महत्वपूर्ण हुन्छ । त्यही विषयलाई दृष्टिगत गरी मदन भण्डारी फाउण्डेशनले “युवाका आँखामा जननेता मदन भण्डारी” विषय निवन्ध प्रतियोगिता २०६७ सालमा सम्पन्न गरेको थियो । जसमा युवाका बिचारोत्तेजक गहन प्रस्तुतीहरु प्राप्त भएका थिए ।

जननेता मदन भण्डारीले अल्पायुमै यस धर्तीबाट विदा हुनुपर्ने दुःखद परिस्थिती सृजना भएतापनि उहाँले दिनुभएका योगदान सबैका लागि उदाहरणीय बनेको छ । जसले समाज परिवर्तनका लागि युवा जनशक्तिलाई हरदम प्रेरणा दिईरहको छ ।

यसै परिप्रेक्ष्यमा वर्तमान संविधान र त्यसका विभिन्न आयामहरुलाई उजागर गर्नका लागि मदन भण्डारी फाउण्डेशन काठमाडौंले **जननेता मदन भण्डारी र नेपालको संविधान** विषयक राष्ट्रव्यापी निवन्ध प्रतियोगिताको आयोजना गरेको थियो । फरक-फरक क्षेत्रका युवाहरुको सहभागिता रहेको उक्त प्रतियोगिताबाट आएका बिचारहरु युवा लगायत सबैका लागि प्रेरणा बन्न सक्ने विषयलाई ध्यानमा राखेर प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो गरी दश उत्कृष्ट निवन्धहरुलाई प्रकाशन गर्ने जमर्को गरिएको छ ।

प्रतियोगितामा सहभागिहरुबाट प्रथम, दोस्रो, तेस्रो र उत्कृष्ट निवन्ध छनौट गर्ने कठिन कार्यसम्पन्न गर्न सहयोग गर्नुहुने निर्णायक मण्डलका संयोजक, साहित्यकार श्री अनिल पौडेल, सदस्यहरु अधिवक्ता विष्णुमाया भुषाल र सहप्राध्यापक श्री विनोद मञ्जनलाई हार्दिक आभार सहित धन्यवाद । त्यसैगरी फाउण्डेसनका हरेक प्रकाशनमा आफ्नो महत्वपूर्ण योगदान दिनुहुने साहित्यकार श्री शार्दूल भट्टराईलाई यो निबन्ध संग्रह प्रकाशनयोग्य बनाइदिनु भएकोमा हार्दिक आभारसहित धन्यवाद ।

सहभागी हुनुहुने सबैमा हार्दिक धन्यवाद र पुरस्कृत हुन नसक्नु हुने प्रतियोगीहरुलाई भविष्यका लागि धेरै बधाई र शुभकामनाछ,। पुरस्कृतहरुलाई बधाई आगामी दिनहरुमा सृजना क्षेत्रमा अझै सफलता मिल्दै जाने विश्वास सहित अझै जननेताले देखाउनु भएको बाटो पहिल्याउँदै, जनताको बहुदलिय जनवादको विविध पक्षमा यहाँहरुको ध्यान केन्द्रित हुनसकोस शुभकामना ।

प्रकाशन सहयोग गर्ने **मदन भण्डारी फाउण्डेशन काठमाडौं जिल्ला कमिटी** र यो सामग्री प्रकाशनमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ।

यो सामग्री प्रकाशनमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ।

# निर्णायक मण्डलको मत

यद्यपि समयको क्रूर पन्जाबाट मदन भण्डारीलाई जोगाउन सकिएन । रहस्यमय दुर्घटनाबाट मृत्यु भएका समयमा राष्ट्रले शोकधुन बजायो, नेपाली जनता मलामी गए, देशले आशौच बाऱ्यो । हरियाली फिक्का भयो, हिमालले मौनधारण गऱ्यो, प्रकृति बलिन्द्रधारा आँसु झारेर छाती पिटीपिटी रोइन् । देश र विदेशका हितैसीहरु शोकको सागरमा डुबे । शोकलाई शक्तिमा बल्नुपर्छ भन्ने गहन मान्यतालाई आत्मसात् गरी हिमाल, पहाड र तराई मधेस सबैका प्रिय र ाष्ट्रियताका पहरेदार, जनताका भरोसायोग्य नेता र पार्टीको नेतृत्व कुशलतापूर्वक गर्ने मदन भण्डारीका विचारलाई चिरस्थायी बनाउने उद्देश्यले मदन भण्डारी फाउण्डेशनको स्थापना भएको हो । यसले समयमा विभिन्न कार्यक्रम, अभियान आदि सञ्चालन गर्दै आएको छ ।

'नेपालको संविधान र जननेता मदन भण्डारी' शीर्षकमा खुल्ला निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो । प्राप्त निबन्धहरुको मूल्याङ्कनका लागि अनिल पौडेल, विष्णुमाया भुसाल र विनोद मन्जन रहेको निर्णाय मण्डल गठन गरिएको थियो । पेम्बा लामा समेतको बैठकले मूल्याङ्कन प्रकाशन गरी प्रथम, द्वितीय, तृतीय र उत्कृष्ट ७ ओटा निबन्धहरुको स्तर निर्धारण सम्पन्न गरेको थियो । त्यही मूल्याङ्कनका आधारमा यी निबन्धहरु प्रकाशन भएका छन् । निबन्धहरुलाई मूल्याङ्कन गर्नका लागि विषय वस्तुको गहिराइ, अनुमतिको सघनता, भाषिक शिल्पको कलात्मकताका साथै भाव र बिचारको सन्तुलनलाई मूल आधार बनाइएको थियो ।

जननेता मदन भण्डारीको दुरदर्शी दृष्टिकोणलाई नेपालको संविधान प्रस्ट देख्न सकिने कुरा निबन्धमा आएका छन् । त्यसो त जननेताका जीवनका प्रमुख खण्डहरु समेत निबन्धमा गाँसिएर आएका छन् । जननेताका जीवनका सन्दर्भहरु र संविधानप्रतिको अवधारणा बुझ्नका लागि निबन्ध प्रतियोगिताबाट खुराक प्राप्त भएका छन् । पुरस्कृत हुन नसक्नु हुने प्रतियोगीहरुलाई धेरै धेरै बधाई छ । सहभागी हुनुभएकोमा, पुरस्कृतहरुलाई बधाई आगामी दिनहरुमा सृजना क्षेत्रमा अझै सफलता मिल्दै जाने विश्वास सहित ।

२०७८/०३/०६

**निर्णायक मण्डल**

# विषयक्रम

● प्रकाशन बारे ..... ग
● निर्णायक मण्डलको मत ..... ङ
१. नेपालको संविधान र जननेता मदन भण्डारी : दुर्गा पौडेल ..... १
२. नेपालको संविधान र जननेता मदन भण्डारी : प्रकाश पकुवाल ..... ११
३. नेपालको संविधान र जननेता मदन भण्डारी : वसन्त सिं ठगुन्ना ..... २१
४. नेपालको संविधान र जननेता मदन भण्डारी : वासुदेव आचार्य ..... २७
५. नेपालको संविधान र जननेता मदन भण्डारी : धर्म सुवेदी ..... ३७
६. नेपालको संविधान र जननेता मदन भण्डारी : रामप्रसाद पाण्डे ..... ४७
७. नेपालको संविधान र जननेता मदन भण्डारी : अश्विना न्यौपाने ..... ५९
८. नेपालको संविधान र जननेता मदन भण्डारी : समीक्षा कार्की ..... ६५
९. नेपालको संविधान र जननेता मदन भण्डारी : सुजाता गौतम ..... ७३
१०. नेपालको संविधान र जननेता मदन भण्डारी : दिनेशराज रेग्मी ..... ८३

**प्रथम घोषित निबन्ध**

# नेपालको संविधान

## र

# जननेता मदन भण्डारी

● दुर्गा पौडेल

भनिन्छ - संसारमा तिन प्रकारका मानिस हुन्छन् : पहिलो, व्यक्तिको बारेमा कुरा गर्ने, दोस्रो, घटनामा आधारित भएर बोल्ने र तेस्रो, नयाँ विचार, खोजमार्फत मानवजगत्का बारेमा सोच्ने । जो सानो घेरामा बाँच्न रमाउँछन्, तिनीहरू परम्पराभन्दा माथि उठ्न सक्दैनन् । उनीहरूले परिस्थितिको ठोस विश्लेषण गर्न सक्दैनन् । फलतः उनीहरू जनगणनामा मात्र सीमित हुने अर्बौं मानिसभन्दा भिन्न हुँदैनन् । जसले प्रत्येक परिवर्तनको बीउ प्रश्न हो भन्ने ठान्दछन्, जसले दुनियालाई बदल्ने दूरदृष्टि राख्दछन्, जसले विश्वमा नयाँ सृजना छोड्ने अठोट गर्दछन्, उनीहरू हर्दम आफ्ना लागि भन्दा पनि समाज र दुनियाका लागि समर्पित देखिन्छन् । वास्तवमा यस्ता प्रकारका मानिसहरू तेस्रो श्रेणीमा पर्दछन् । उनीहरू मरेर पनि युग-युगान्तर बाँचिरहन्छन् । कार्लमार्क्स, अलवर्ट आइन्सटाइन, महात्मा गान्धी, अब्राहम लिङ्कन, नेल्सन मण्डेला त्यस्ता युगपुरुषहरू हुन् जो मरेर गए पनि युगौँयुगसम्म जीवित रहने छन् । कम्युनिष्ट आन्दोलनको इतिहासमा त्यस्तै एउटा नाम हो - मदन भण्डारी ।

समुद्रको छाल र नदीको भेलसँगै जे पनि सजिलै बग्छ तर विपरीत दिशाबाट छाल आइरहेका ठाउँमा यात्रा गर्ने आँट कमैमा हुन्छ। मदन भण्डारी त्यस्तै जोखिमयुक्त स्थलमा यात्रा गर्ने सहासी यात्री हो, जसले अदम्य साहस र विश्वासका साथ कयौँ कठिनयात्रा थालेको देखिन्छ। जस्तो कि, जतिबेला सोभियत रूसको समाजवादी सत्ता गर्ल्यामगुर्लुम ढलेर विश्वबाट कम्युनिष्ट विचार समाप्त भयो भनेर हौवा पिटिँदै थियो, त्यसैबेला मदन भण्डारीको अगुवाइमा नेपालका कम्युनिष्टहरू मार्क्सवादको सृजनात्मक प्रयोग र विकास गर्न मौलिक कार्यक्रम अगाडि सार्दै थिए । त्यसबाहेक कम्युनिष्ट आन्दोलनको प्रजातान्त्रीकरणको सन्दर्भमा संविधानको सर्वोच्चता, विधिको शासन, बहुदलीय प्रतिस्पर्धा, मानवअधिकारको रक्षा, बहुलवादी खुल्ला समाज, आवधिक निर्वाचन, बहुमतको सरकार अल्पमतको विपक्षजस्ता विशेषतालाई कम्युनिष्ट आन्दोलनको प्रजातान्त्रीकरणका चौध विशेषता किटान गर्दै थिए ।

वस्तवमा तत्कालीन समयमा संविधानको सर्वोच्चता, बहुलवादी समाज र प्रतिस्पर्धामा श्रेष्ठताको अवधारणा अगाडि सारेर कम्युनिष्ट आन्दोलनभित्र लोकतान्त्रीकरणको एजेन्डासहितको बाटो अँगाल्नु छाल आइरहेको विपरीत दिशाबाट यात्रा गर्नुजस्तै थियो । जुन विचारलाई एकातर्फ केही कम्युनिष्ट घटकहरूले वर्ग समन्वयवादी, पूँजीवादपरस्त विसर्जनको बाटो भन्दै थिए भने अर्कोतर्फ पूँजीवादपन्थीहरूले नक्कली कुरा हो भनिरहेका थिए । कम्युनिष्टहरू कदापि लोकतन्त्रवादी हुनै सक्दैनन् भनेर उनीहरूले गोयवल्स शैलीमा ढ्वाङ फुकिरहेका थिए । त्यस्ता कुप्रचारबाट मदन भण्डारी कहिल्यै पनि विचलित र उत्तेजित नभएको प्रस्टै देखिन्छ । बरु उहाँले दुवै कोणबाट फैलाइएका अफवाहहरूलाई चोटिलो जवाफ दिँदै आम जनतालाई समेत विश्वासमा लिएर अगाडि बढेको देखिन्छ ।

विश्व कम्युनिष्ट आन्दोलनबाट सिकेको पाठ, अन्तर्राष्ट्रिय परिस्थिति र नेपालको मौलिकपनालाई केन्द्र भागमा राखेर मदन भण्डारीकै अगुवाइमा नेपालमा नयाँ बहस प्रारम्भ भएको पाइन्छ। अधिनायकवादी रुझानबाट आरोपित बिचारधारालाई बहुदलीय जनवादतर्फ मोड्नु र २०४७ को संविधानलाई आलोचनात्मक समर्थन

गर्नु दुवै जोखिमपूर्ण कदम थिए । जडसूत्रमा अल्झिएर मदन भण्डारीले त्यो साहसिक यात्रा नथालेको भए सायद आज नेपालको कम्युनिष्ट आन्दोलन यतिबेला मृत्युशैय्यामा छटपटाइरहेको हुनसक्दथ्यो । साइनिङपाथको दोस्रो संस्करण नेपाली धर्ती बन्न सक्दथ्यो । यसरी जडसूत्रवाद र विसर्जनवाद दुवैको खतराबाट बचाएर उहाँले देखाउनुभएको जबजरुपी बाटो ठोस परिस्थितिको ठोस विश्लेषण थियो । परिणामतः यस विचारले कम्युनिष्ट आन्दोलनलाई मात्रै जोगाएन नेपालको लोकतान्त्रिक आन्दोलनलाई समेत ऊर्जा दियो । २०६२/६३ को जनआन्दोलन सोही विचारधाराद्वारा निर्देशित थियो भन्ने तथ्य एक होइन अनेक कोणबाट प्रमाणित भएको छ । आन्दोलनको सफलतापछिको यात्रा मदन भण्डारीले औंल्याएकै बाटो हुँदै अगाडि बढेको तथ्य दिनको घाम जत्तिकै छर्लङ्ग छ । २०४७ को संविधानमा उहाँले राखेका आलोचनाका २७ बुँदा र २०६३ जेठ ४ को संसदीय घोषणालाई दाँज्दा त्यसमा कुनै भिन्नता देखिँदैन । यसकारण भन्न सकिन्छ - नेपाली म्याग्नाकार्टाको सूत्रपात अरूले होइन मदन भण्डारीले नै गरेका हुन् । अन्ततः त्यही म्याग्नाकार्टाको जगमा टेकेर देशमा गणतन्त्र घोषणा भयो । संविधानसभाबाट नयाँ संविधान बन्यो । आफ्नो संविधान आफैँ बनाउने दशकौं देखिको जनचाहानासमेत पूरा भयो ।

संविधानसँग मदन भण्डारीलाई जोड्दा छुटाउनै नहुने पाटो भनेको २०४७ को संविधान जारी हुँदाका बखत उहाँले व्यक्त गरेका धारणा र आलोचनाका बुँदा नै हुन् । उहाँले त्यस समयमा प्रस्ट ढङ्गले भन्नु भएको थियो “आलोचनात्मक समर्थन गर्छौं भन्नुको तात्पर्य यो संविधानमा जुन प्रजातान्त्रिक अधिकारका प्रावधानहरू राखिएका छन्, तिनीहरूलाई हार्दिक रूपमा समर्थन गर्नुपर्छ । तिनीहरूलाई प्रयोग गर्दै अगाडि बढ्नुपर्छ । दोस्रो, यो संविधानमा केही यस्ता धाराहरू राखिएका छन् जो उपयुक्त छैनन् । जस्तो : धर्मको सवालमा, जातिको सवालमा र भाषाको सवालमा । तेस्रो कुरा, त्यसभित्र हामीले केही सवालहरूमा मौनता पनि साँधेका छौँ । ती मौनता साँधेका कुराहरूमा राजाको सम्मान, राजालाई दिएका भौतिक सुविधाहरू र अधिकारमा सहभागिताका कुराहरू हुन् । राजाले यसको प्रयोग कसरी गर्छन् हेर्न बाँकी छ ।”

उहाँले थप स्पष्ट गर्दै भन्नुभएको थियो, 'अहिले संविधानमा प्रजातान्त्रिक अधिकारलाई एक हदसम्म संस्थागत गरेर यसलाई जारी गरिएको भए पनि यसले केवल संवैधानिक रूपमा कागजभित्र जनताको हातमा अधिकार ल्याएको कुरालाई संस्थागत गरेको छ। तर मुलुकको राज्यशक्ति त्यतिमात्र कुराले चल्दैन। त्यसको निम्ति शान्ति र सुरक्षाका अङ्गहरू, प्रशासनिक अङ्गहरू, अरू तमाम राजकीय निकायका विभिन्न अङ्गहरू हुन्छन् र ती अङ्गहरू प्रजातान्त्रिक छन् कि छैनन् ? ती अङ्गहरू प्रजातान्त्रिक हुन्छन् कि हुँदैनन् भन्ने कुराले यसको निर्क्यौल गर्छ।'

उहाँले आलोचना दर्ज गरेको केही वर्षपछि आएर उक्त कुरा सत्य प्रमाणित भएरै छाड्यो। राजाले २०६१ माघ १९ को 'कु' मार्फत् जनताको अधिकार खोसे। संविधानका कतिपय धारा निलम्बन पनि गरे। जब जनता जागे त्यसपछि राजा प्रतिनिधिसभा पुनर्स्थापना गर्न बाध्य भए। पुनर्स्थापित संसदको यात्रा पनि मदनले औँल्याएकै जस्तो गरी संविधान संशोधनको बाटो हुँदै अगाडि बढ्यो। उहाँले २०४७ को संविधानलाई आलोचनात्मक समर्थन गर्ने समयमै भन्नुभएको थियो 'यस संविधानमा अनेकौं दोषहरू छन्, त्रुटिहरू छन्, आलोचना गर्नुपर्ने कुराहरू छन्। त्यसका निम्ति हामी संवैधानिक प्रक्रियाबाट जान सक्छौं, संवैधानिक प्रक्रियाबाट जान सक्छौं भन्नुको तात्पर्य संसदमा बहुमत ल्याएर हामी त्यसलाई संशोधन गर्न सक्छौं, संशोधन गर्न सक्ने एउटा गुन्जाइस छ।' अन्ततः संविधान संशोधन भयो, अन्तरिम संविधान जारी भयो र संविधानसभामार्फत् नयाँ संविधान बनाउने बाटो खुल्ला भयो।

मदन भण्डारीले २०४७ को संविधानमा आलोचनात्मक समर्थन गर्ने सवालमा भन्नुभएको थियो - 'मुलुकको विकास, समृद्धिको निम्ति, अग्रगतिको निम्ति हामीले यी अधिकारहरूलाई प्रयोग गरेर जानुपर्छ। यस अर्थमा हामी यस संविधानलाई आलोचनात्मक समर्थन गरेर अगाडि बढ्छौं।' आलोचनाका ती २७ बुँदा मध्ये युगीन महत्व बोकेका केही बुँदाहरूलाई यहाँ चर्चा गर्न सकिन्छ।

पहिलो, 'सार्वभौमसत्ता जनतामा निहित रहेको र यसको प्रयोग संविधानमा व्यवस्था भएबमोजिम हुनेछ भनिएको छ। यस्तो अस्पष्टता हुनुहुँदैन। यसमा

सुस्पष्ट रूपमा जनता र जनताबाट निर्वाचित प्रतिनिधिहरूद्वारा सार्वभौमसत्ताको प्रयोग हुनेछ भनेर लेखिनुपर्छ, नत्र फेरि घुमाउरो ढङ्गले त्यो अधिकार राजाकै हातमा पुग्नसक्छ।' अन्ततः उहाँले भने जस्तै भएरै छाड्यो। राजाले पुनः अधिकार लिएरै छाडे । २०७२ को संविधानको प्रस्तावनाको शुरुमै 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता यो संविधान जारी गर्दछौं' भनी लेखेर यसलाई सधैंका लागि सच्याइएको छ ।

दोस्रो, 'संविधानमा उल्लेख भएको 'हिन्दु' शब्द हटाइनुपर्छ। राजा हिन्दु धर्मावलम्बी हुनेछन् भन्ने कुरा धारा २७ मा लेखिएको हुनाले यहाँ अधिराज्यको परिभाषामा त्यसलाई राख्नु आवश्यक छैन । त्यसले अधिराज्यको सम्बन्धमा भ्रम खडा गर्नसक्छ । राजा हिन्दु हुनु वर्तमान यथार्थताको तस्विरमात्र हो । अधिराज्यको सवालमा यस्तो कुनै भ्रम रचिनु हुँदैन ।' यस सवालमा अन्तरिम संविधान हुँदै नेपालको संविधान २०७२ सम्म आइपुग्दा नेपाल एक धर्मनिरपेक्ष देशको रूपमा स्थापित भइसकेको छ। धारा ४ ले धर्म निरपेक्षताबारे अझ स्पष्ट पारेको छ।

तेस्रो, 'नेपाली भाषालाई राष्ट्रभाषा र देशका सबै मातृभाषाहरूलाई 'राष्ट्रिय भाषा' लेखेको हुनाले पक्षपात गर्न खोजिएको भ्रम उत्पन्न भएको छ। सबै भाषालाई समानढङ्गले सम्मान गर्नका निमित्त एउटैमात्र शब्दको प्रयोग गरी नेपाली भाषालाई राजकीय वा सरकारी कामकाजको भाषामात्र मान्नुपर्छ।' २०७२ को संविधानमा त्यो विभेद हटेको छ, मदनले उठाउनु भएकै सन्दर्भ हुबहु उल्लेख भएको छ। जुन कुरा धारा ६ र ७ मा देख्न सकिन्छ।

चौथो, 'संविधान सर्वोपरि हुनुपर्छ, संविधानको स्रोत जनता हुनुपर्छ, सार्वभौम सत्ताधिकार जनताको हातमा सुरक्षित हुनुपर्छ, देशको रक्षा र समाजको शान्ति सुरक्षाका निम्ति स्थापित सेना र प्रहरी शक्ति जनप्रतिनिधिसभाको हातमा हुनुपर्छ, संविधानमा देशका सबै जाति, भाषा, धर्म र संस्कृतिको पूर्ण समानताको ग्यारेण्टी गरिनुपर्छ, मौलिक अधिकारहरूको निर्वाध रूपमा ग्यारेण्टी गरिनुपर्छ भनेर मदनले सशक्त वकालत गर्नुभएको छ। जुन कुराको पूर्ण सम्बोधन २०७२ को संविधानले अँगालिसकेको छ। उल्लेखित विषयहरू कार्यान्वयनमा गई नै सकेका छन्।

पाँचौ, एउटा व्यक्ति (राजा) अर्थात् 'श्री ५' राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्दैन, ऊ संविधानको एकल संरक्षणकर्ता हुन सक्दैन, सार्वभौम अधिकार भएका जनतामात्र त्यसका संरक्षक हुन सक्दछन्, राजा पूर्णरुपमा संविधानको मातहत हुनुपर्छ, राजा र राजपरिवारको सम्पत्तिमा पनि नागरिकसरह कर लाग्ने व्यवस्था गरिनुपर्छ, राजाका तजबिजी र विशिष्ट अधिकार पूर्णतः हटाउनु पर्दछ जस्ता अनेकौं जनसवालहरूलाई उहाँले तत्समयमै जोडदार ढङ्गले औँल्याउनु भएको थियो । जनतालाई सुसूचित गर्नु भएको थियो । जनआन्दोलनको जग खडा गर्न उहाँका यिनै विचारहरूले दिशानिर्देश गरेको देखिन्छ । अन्तरिम संविधान २०६३ जारी हुँदा यी सवालहरू पूर्णरुपले संस्थागत भए । राजपरिवारको सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण भई नै सकेको छ । २०७२ को संविधानमा राजतन्त्रको 'र' समेत राख्नु परेन ।

छैटौं, 'श्री ५ को सरकार' मा श्री ५ हटाएर 'नेपाल सरकार' भन्ने व्यवस्था हुनुपर्छ । 'शाही सेना' भनिएको ठाउँमा 'नेपाली सेना' भन्ने व्यवस्था हुनुपर्छ । सरकारी सार्वजनिक संस्थानहरू र निकायहरू सबै ठाउँमा रहेको 'शाही' शब्द हटाउनुपर्छ । अन्तरिम संविधान २०६३ जारी हुँदा मदनले औँल्याएका यी विषय सम्बोधन हुनपुगे । २०७२ को संविधानले राजतन्त्रको गन्धसमेत छिर्न दिएन । जनभावनाविरोधी, विभेदी वा असमानता सृजना गर्ने पदावलीसमेत सबै अस्वीकार्य भए ।

सातौं, 'श्री ५ ले संविधान विपरीत काम गरेको खण्डमा महाअभियोग लगाउन पाइने अधिकारको व्यवस्था गरिनुपर्छ । यदि यस्तो प्रावधान भएन भने इतिहासमा जस्तै फेरि निरङ्कुश तन्त्र/स्वेच्छाचारिता बढ्दै जान सक्ने खतराबाट जोगिन सकिन्न ।' उहाँले इंगित गरेको यस सवाललाई समावेश गरेको भए सायद २०५८ असोज १८ देखि ०६३ वैशाख ११ सम्मको कष्टकर यात्रा नेपाली जनताले भोग्नुपर्ने थिएन । दर्जनौंको सहादत, सयौंको अङ्गभङ्ग र हजारौँको बिचल्ली हुने थिएन । सार्वभौम जनताको अधिकार खोस्ने दुस्साहस हुने नै थिए । निरङ्कुश हुने कुपथ अँगाल्ने बित्तिकै सम्भवतः उनले महाअभियोगको समना गर्नुपर्ने थियो

अर्थात् संवैधानिक हिसाबले नै गद्दीच्युत हुनुपर्ने थियो । जसको परीक्षण हुनै पाएन ।

संविधानमा उल्लेखित जुन विषयहरूले जनता र राष्ट्रको कल्याण गर्दैनन्, त्यस बारेमा जनतालाई अवगत गराउँदै सचेत बनाउनुपर्छ र बाँकी लडाईंमा यी कुरालाई अघि बढाउनुपर्छ भन्ने कुरामा मदन बहुतै स्पष्ट हुनुहुन्थ्यो । आखिर मदनले भने जस्तै भयो, तत्पश्चात्का सङ्घर्षहरूले वर्षौंदेखि अनिर्णित सबै मुद्दाहरूको कठोर फैसला गरेरै छाड्यो । यसकारण जनतामा जागृत सचेतना, त्यसको जगमा उठेको २०६२/०६३ को जनआन्दोलन, जनआन्दोलनले जगाएको संसद, संसदले बनाएको अन्तरिम संविधान, अन्तरिम संविधानअनुरुप भएको संविधानसभाको निर्वाचन र संविधानसभाले २०७२ मा निर्माण गरेको संविधानलाई क्रमबद्धता र परिपूरकमा हेरिनुपर्दछ। तसर्थ, निचोडमा भन्न सकिन्छ कि नेपालको संविधान २०७२ को प्रस्थानबिन्दु २०४७ को संविधानमा मदन भण्डारीले राखेका आलोचनाका २७ बुँदा नै हुन् भने यसको निकासबिन्दु संविधानमा नै उल्लेखित समाजवादको लक्ष्य हो । यसर्थ, यी घटनाक्रमहरूलाई एक अर्काबाट अलग्याएर हेर्न कदापि मिल्दैन ।

अब प्रवेश गरौं - नेपालको संविधान २०७२ ले मदन भण्डारीले औंल्याएका सवालहरूलाई कतिको सम्बोधन गऱ्यो त भन्ने पाटोतर्फ । हुन त, यस सवालमा माथि नै धेरै सन्दर्भहरू उल्लेख भई नै सकेका छन् । मूलतः तिनैलाई सूत्रबद्ध गरेर नै २०७२ को संविधान बनेको छ । यस संविधानको प्रस्तावनामा उल्लेख भएका हरेक शब्द, वाक्य र अनुच्छेदमा मदन भण्डारीकै अपिल स्पष्ट देख्न सकिन्छ । सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्था र त्यसले सृजना गरेका विभेद तथा उत्पीडनका विरुद्ध उहाँले गरेका उद्घोष यस संविधानमा लिपिबद्ध भएका छन् ।

मुख्यतः यस संविधानले पहिलो पटक नेपाली जनतालाई सार्वभौमसत्ताको मालिक बनाएको छ । मौलिक हकका दर्जनौं धाराहरूको व्यवस्थाले संविधानतः जनता सर्वशक्तिमान भएका छन् । विभेद र असमानताका असङ्ख्य छिद्रहरूलाई यो

संविधालने बन्द गरेको छ भने समानताका थुप्रै ढोकाहरूलाई खोलिदिएको छ। खासगरी मौलिक हक खण्डमा उल्लेख भएका शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, रोजगारीको हक, महिलाको हक, खाद्य सम्बन्धी हक, श्रमको हक, आवसको हक, छुवाछूत र भेदभाव विरुद्धको हक यो संविधानले समाविष्ट गरेका असाध्यै ठुला उपलब्धि हुन्, जुन कुराका बारेमा मदनले सशक्त शङ्खघोष गर्नु भएको थियो ।

संविधानले प्रजातान्त्रिक चरित्र अँगाल्नुपर्छ भन्ने सन्दर्भमा मदनले इङ्गित गरेका प्रशासनिक र राजकीय निकायको बारेमा नयाँ संविधानमा ऐतिहासिक ढङ्गले विषयहरू समाविष्ट भएको पाइन्छ। उदाहरणको रुपमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगको व्यवस्थालाई लिन सकिन्छ । यी आयोगहरू मार्फत् उक्त समुदायका आवाजहरू सशक्त ढङ्गले राजनीतिको मूलधारमा प्रविष्ट गराउने वैधानिक ढोका खोलिएको छ। अब कसैले पनि जात, धर्म, भाषा, लिङ्गको आधारमा हेपिने, पेलिने, विभेदमा पर्ने वा आवाजविहीन बन्नुपर्ने अवस्थालाई संविधानले नै अन्त्य गरिदिएको छ । यस अवस्थालाई संविधानको बिल्कुल नयाँ आयाम मान्न सकिन्छ।

यस संविधानले अवलम्बन गरेका समावेशिता, सकारात्मक विभेद, समानुपातिक निर्वाचन प्रणाली, समतामूलक विकासजस्ता अवधारणामा पनि मदनले जनसहभागिताको सन्दर्भ उठाउँदै आफ्ना विचार व्यक्त गरेको पाइन्छ। आमाको नामबाट नागरिकता दिने वर्तमान संविधानको प्रावधानलाई आम बहसमा ल्याउने श्रेय उहाँलाई नदिँदा अन्याय हुन जान्छ । राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व खण्डमा उल्लेख भएका सिद्धान्त र नीतिहरू अध्ययन गर्दा मदनले उठाएका धेरै विषयहरू सूत्रबद्ध भएको जो सुकैले पनि सजिलै पत्ता लगाउनसक्छ। यदि गहिरिएर हेर्‍यो भने निष्कर्षमा के भन्न सकिन्छ भने नयाँ संविधानका प्रत्येक पाना मदन भण्डारीका कालजयी बिचारहरूले सजिएका छन्। यसकारण पनि जनअधिकारका कोणबाट हेर्दा यो संविधान विश्वका उत्कृष्टमध्ये पर्छ भनी वकालत गरिएको छ। यद्यपि यसको व्यावहारिक प्रयोग भने हेर्न बाँकी

नै छ । मदनले भने झैँ यदि संविधान, संविधानको हिसाबले मात्रै रह्यो भने त्यसको केही पनि मतलब हुँदैन । जनताको जीवनको निम्ति त्यसको मतलब हुनुपर्छ । जनताको दैनिकी सुर्धान र जीवनयापनमा आमूल परिवर्तन ल्याउन संविधान कामयावी बन्नसक्यो भने मात्रै यो जनताको अमूल्य सम्पत्ति बन्न सक्दछ ।

त्यसैगरी यो संविधानको प्रस्तावना र नेपाल राज्यको धारामा अबको नेपालको यात्रा समाजवाद हुने छ भनेर स्पष्ट उल्लेख भएको छ । त्यसैले अब नेपालका तमाम पार्टीहरूले शान्तिपूर्ण र वैधानिक बाटोबाट कसरी समाजवाद निर्माण गर्न सकिन्छ भन्ने प्रश्नमा आफूलाई केन्द्रित गर्नुपर्दछ । संविधानलाई असंशोधनीय जडवस्तु होइन, गतिशील अर्थमा बुझ्नुपर्दछ। यसो हुन सक्यो भने मात्रै संविधान र मदन भण्डारीको अन्तर्सम्बन्धलाई नयाँ पुस्ताले वस्तुपरक ढङ्गले बुझेको ठहरिने छ ।

भनिन्छ नयाँ राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक परिवेशबाट नयाँ विचारर र नेतृत्व जन्मन्छ। यो क्रम अगाडि बढेन भने समाजको गति अवरुद्ध हुन्छ । उत्कृष्ट बिचार छ तर सोअनुरुपको नेतृत्व भएन भने क्रान्ति अलपत्र पर्छ । हाम्रो परिवेश पनि यसैसँग मिल्दोजुल्दो छ । हो, अहिले हामीसँग मदन भण्डारीको विचार छ तर मदनजस्तै कुशल नेतृत्व अझै जन्मन सकेको छैन । नेपाललाई मात्र होइन संसारलाई दिशाबोध गर्ने विचार त छ हामीसँग तर देश हाँक्ने कुशल अगुवाको अभाव छ। सबैखाले पार्टीहरूमा गुटरक्षक दर्जनौं नेताहरू त छन् तर सर्वस्वीकार्य जननेताको खडेरी छ। नेपालीहरूसँग २१ औं शताब्दीको पहिलो क्रान्तिको गौरवगाथा छ तर शताब्दी सुहाउँदो राजनीतिक संस्कारयुक्त कुशल र दूरदर्शी नेताको अभाव छ। त्यसैले राष्ट्रिय सङ्कटका हरेक घडीहरूमा जन-जनले हरपल मदन भण्डारीलाई सम्झन्छन् ।

मदन भण्डारीका केही विशिष्ट गुण थिए । मूलतः जनतालाई छिट्टै विश्वासमा लिनसक्नु, दुनियाले मच्चाएका स्यालहुइँयालाई मुखभरिको जवाफ दिन सक्ने तर्कशीलता, दूरदर्शिता र विलक्षण क्षमता उहाँमा अद्भुत प्रकृतिको थियो ।

जनताका अत्याधिक प्रियपात्र हुनुहुन्थ्यो उहाँ । कार्यशैली, संगठनात्मक निपुणता र विचारमा उहाँ अब्बल हुनुहुन्थ्यो । यसकारण पुष्टि हुन्छ - मदनलाई अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले कार्लमार्क्सको अर्को उदयको उपमा दयाभावले दिएका होइनन् । 'न्युजविक' ले 'नेपालमा कार्लमार्क्स जीवित छन्' भनेर कसी नलगाई यत्तिकै छापेको होइन । विचारको ओझ नै त्यसको मूल कारण हो । यदि मदन भण्डारीको जन्म सिद्धान्तकारहरूको खानी युरोपमा भएको भए यो विचार संसार हल्लाउने तहमा पुग्दथ्यो । सानो देशमा जन्मे पनि मदन भण्डारीको सौर्य दुनियाका अन्य दार्शनिकभन्दा कम भने छैन ।

निष्कर्षमा भन्न सकिन्छ, संविधानमा लेखिएको समाजवादको लक्ष्य पूरा गर्ने दृढ अठोटसहितको नयाँ मदन आज आम नेपालीलाई चाहिएको छ । दलाल र बिचौलियाको घेराबन्दीमा पर्ने, भीडले लतार्नेभन्दा पनि वस्तुनिष्ठ विश्लेषण गर्ने भविष्यद्रष्टा चाहिएको छ । जनताको मनोभाव बुझ्नसक्ने फराकिलो सोचाइ भएको असल अगुवा चाहिएको छ । पक्कै हो, हामीकहाँ आ-आफ्नो पार्टी र गुटको डम्फू बजाउने नेताहरूको कमी छैन । बिहान, दिउँसो र साँझ धुन फेर्ने राजनीतिक संगीतकारहरूको पनि कमी छैन यहाँ । खाँचो छ केवल, समृद्ध नेपालको खाका बोकेको राजनेताको । नयाँ संविधान बनेर समृद्धिको यात्रा प्रारम्भ भएको यस युगीन महत्वको घडीमा दृढ इच्छा शक्तिसहितको नयाँ मदन चाहिएको छ । जनताका मूर्च्छित सपनाहरूलाई समृद्धिमा परिणत गर्ने जननेता चाहिएको छ ।

●

**द्वितीय घोषित निबन्ध**

# नेपालको संविधान र जननेता मदन भण्डारी

● प्रकाश पकुवाल

कुनै पनि राष्ट्रको व्यवस्था सञ्चालन गर्न सरकार, संसद, न्याय र संवैधानिक निकायसँग सम्बद्ध निकायलाई मार्गनिर्देशन गर्न अर्थात कुनै पनि देशको शासकीय स्वरुप र संरचना बताउने प्रमुख कानुन वा मातृ कानुन वा दस्तावेजलाई संविधान भनिन्छ। संविधानको आधारबाट नै राज्यमा अन्य कानुनहरूका निर्माण गरिने भएकाले संविधानलाई मूल कानुन वा कानूनको जननी भनिन्छ। विश्वका धेरै मुलुकमा संविधानलाई आधारभूत कानुन पनि भनिन्छ। संविधानलाई राज्य सञ्चालनका लागि सरकारको बडापत्रका रूपमा लिइन्छ भने नागरिकहरूका लागि प्रमाणिक अधिकारको रूपमा लिइन्छ। यसले देशको आर्थिक, सामाजिक तथा राजनीतिक पक्षमासमेत प्रभाव पारेको हुन्छ। संविधानको भावना विपरीत निर्माण भएका संविधानसँग बाझिने कानूनहरू बनाइएका भए पनि अदालतबाट बदर वा अमान्य गर्न सकिने व्यवस्था हुन्छ।

नेपालको संवैधानिक इतिहासलाई नियाल्दा यो करिब सात दशकमात्र पुरानो छ। नेपाल सरकारको वैधानिक कानुन २००४ लाई नेपालको पहिलो लिखित संविधान मानिन्छ । उक्त संविधान हुँदै आजका मितिसम्म आइपुग्दा हाम्रो देश नेपालले सातवटा संविधान पाइसकेको छ र वि.सं.२०७२ असोज ३ गतेबाट नेपालको संविधान २०७२ हाम्रो देशमा लागू भएको छ। आज हामी हाम्रो संविधानको छैठौँ वर्षगाँठ मनाइरहेका छौँ । वि.सं. २००७ सालदेखि नै नेपाली जनताले आफूले चुनेका जनप्रतिनिधिमार्फत संविधान लेख्ने उत्कट आकाङ्क्षा र सपनालाई यो संविधानले पूरा गरेको छ। यो संविधानले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित गरेको छ भने नेपालमा पूर्ण लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गरेको छ ।

इतिहासको कुनै बिन्दुमा एउटा ऐतिहासिक अभिभारा सम्पन्न हुन्छ र त्यसको परिणाम देखिन्छ ।अधिकांशले त्यसलाई त्यही बिन्दुमा सुरु भएर छोटो अवधिमै समापन भएको कार्यका रूपमा लिन्छन् । तर त्यस्तो नभएर उक्त समापनको ऐतिहासिक पहलकदमी भने निकै लामो समयअघिबाटै सुरु भएको हुन्छ । हो, त्यसरी नै नेपाली जनताले आफ्ना निर्वाचित प्रतिनिधिमार्फत पाएको यो संविधान लेखनको यात्रा वि.सं. २००७ सालमा १०४ वर्षको राणा शासनको विधिवत अन्त्यपश्चात सुरु भएको हो भन्दा कुनै अत्युक्ति नहोला । तत्कालीन समयमा नेपाल कम्युनिष्ट पार्टी र नेपाली कांग्रेसले जनताले आफ्ना प्रतिनिधिमार्फत लेखेको संविधानको वकालत गरेपनि विभिन्न समयमा भएका राजनीतिक, सामाजिक र आर्थिक उतारचढावले गर्दा यो अभिभारा ६५ वर्षपछि मात्र पूरा भयो। यसक्रममा यो लामो यात्रालाई गति प्रदान गर्ने ठुलो श्रेय जान्छ - जननेता मदन भण्डारीलाई ।

नेपालको संविधान २०७२ को निर्माणमा जननेता मदन भण्डारीका विचारहरूको भूमिका प्रभावशाली रहेको छ । यसको पुष्टि गर्नको लागि दर्जनौं प्रमाणहरू छन् । सबैभन्दा पहिले त जननेता मदन भण्डारी र उहाँले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवादलाई छुट्याएर हेर्न सकिँदैन। वि.सं. २०४९ मा नेकपा एमालेको एकता महाधिवेशनबाट पार्टी कार्यक्रमको रूपमा पारित जनताको

बहुदलीय जनवाद (जबज) लाई अनेकौं कोणबाट व्याख्या र विश्लेषण गर्न सकिने भएतापनि जबजलाई संविधानको सर्वोच्चता, बहुलवादी खुल्ला समाज, शक्ति पृथकीकरण, मानवअधिकारको रक्षा, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको संवैधानिक प्रतिपक्ष, विदेशी पूँजी र प्रविधिको उपयोग, स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितमा आधारित विदेश नीति, कानुनको शासनजस्ता बुँदामा संश्लेषण गर्न सकिन्छ । नेपालको संविधान र जबजका संश्लेषित बुँदाहरूलाई हेर्दा, नेपालको संविधानले जबजका मूलभूत मुद्दाहरूलाई अङ्गीकार गर्दै स्थापित गराएको छ ।

संविधान देशको मूल कानुन हो र यसको सर्वोच्चतालाई सबैले स्वीकार गर्नुपर्छ भनेर जबर्जस्त वकालत गर्ने श्रेय उहाँलाई नै जान्छ । यसलाई नेपालको संविधानले पनि स्थापित गराएको छ । त्यसैगरी कानुनी शासनलाई पनि आज संविधानले अङ्गीकार गरेको छ । आज नेपालको संविधानले शक्ति पृथकीकरण अनुरुप कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई छुट्टाछुट्टै काम, कर्तव्य र अधिकारको प्रत्यायोजन गरेको छ जसको पैरवी जननेता मदन भण्डारीबाट प्रतिपादित जबजले गरेको छ ।

यतिमात्र नभएर बहुलवादी खुल्ला समाज, बहुमतको सरकार र अल्पमतको प्रतिपक्षी, मानव अधिकारको रक्षा, आवधिक निर्वाचन, स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितमा आधारित विदेश नीतिलाई हाम्रो नेपालको संविधानले सुस्पष्ट रुपमा स्थापित गराएको छ । यसरी जननेता भण्डारीद्वारा प्रतिपादित जबजका मूलभूत पक्षलाई नेपालको संविधानले स्थापित गराएको अकाट्य प्रमाणका आधारमा नेपालको संविधान र जननेता मदन भण्डारीबीच नङमासुको जस्तै सम्बन्ध छ ।

मानिस मरणशील छ, ऊ सधैँ बाँच्दैन । नेपालको संविधान २०७२ निर्माणका क्रममा जननेता भण्डारी हामीबीच हुनुहुन्थेन । कतिपयलाई लाग्नसक्छ उहाँको भौतिक उपस्थितबिना नै बनेको संविधान निर्माणमा उहाँको भूमिका के? हामीले यो भुल्न हुँदैन कि मानिस सधैँ हामीबीच नरहन सक्छ तर उसले स्थापित गराएका

मान्यता र सिद्धान्त भने कदापि मर्दैनन् । जननेता मदन भण्डारी पनि संविधान निर्माणका क्रममा हामीबीच नरहनु भएपनि उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्त, स्थापित गराउनुभएको राजनीतिक संस्कार र देश,जनताका निमित्त लिनुभएको दृढ सङ्कल्पले नै नेपालको संविधान निर्माणको गोरेटो खनेको हो भन्नेमा कुनै शङ्का छैन । आज वि.सं. २०७७ को समयमा उभिएर अहिलेको समयलाई मात्र हेर्दा जननेता मदन भण्डारीले संविधान निर्माणको गोरेटो खन्नुभयो भन्दा इतिहासको ज्ञान नभएकाहरूलाई अचम्म लाग्नु स्वाभाविक नै हो ।

वि.सं. २०२८ सालमा पुष्पलालसँगको भेटपछि आफ्नो राजनीतिक यात्रा सुरु गर्नुभएका जननेता भण्डारी,जनवादी सांस्कृतिक मोर्चाको केन्द्रीय सदस्य हुँदै २०३० सालमा पार्टीको पूर्णकालीन कार्यकर्ता हुनुभयो । २०३५ सालमा कोअर्डिनेसन केन्द्रको केन्द्रीय सदस्य हुँदै, नेकपा (माले) को स्थापना,त्यसको केन्द्रीय सदस्य, २०४१ सालमा पोलिटब्युरो सदस्य,२०४६ सालमा नेकपा (माले) को महासचिव, २०४७ मा भूमिगत जीवनबाट खुल्ला राजनीतिमा प्रवेश गर्दै माले-मार्क्सवादी एकीकरणबाट नेकपा-एमालेको गठन र २०४९ को पाँचौ महाधिवेशनबाट जनताको बहुदलीय जनवादलाई पार्टीको रणनीतिक कार्यक्रमका रूपमा स्थापित गराउँदासम्म उहाँले नेपाली कम्युनिष्ट आन्दोलनमा देखिएका विकृति र विसङ्गतिलाई चिर्न सफल हुनुभयो । छरिएर रहेका कम्युनिष्ट शक्तिलाई कार्यनीतिक एकरूपताका आधारमा एक ढिक्का गर्नुभयो । त्यहाँबाट नै अहिलेको संविधान निर्माणको यात्राले गति प्राप्त गरेको हो भन्ने सत्यलाई सबैले मनन गर्न जरुरी छ ।

तत्कालीन समयमा नेपाली कम्युनिष्ट आन्दोलन व्यापक ध्रुवीकरण, टुटफुट, वैचारिक जडता र व्यक्तिगत इगोको टकरावबाट आफैंभित्र रुमल्लिएको थियो । तथापि परिवर्तनको चाहना भने थियो तर कसरी परिवर्तन गर्ने भन्ने स्पष्ट खाका कसैसँग थिएन । एउटा समूहले अर्को समूहलाई सत्तोसराप गरेर गाली गर्ने, दक्षिणपन्थी, उग्रवामपन्थी, सङ्कीर्णतावादी, संशोधनवादीको आरोप लगाएर वाममोर्चा पनि बनाउन नसक्ने अवस्थामा रहेको कम्युनिष्ट आन्दोलनलाई जोडेर वाममोर्चा बनाउन जननेता मदन भण्डारी सफल हुनुभयो । त्यस समयमा अरू

कसैले वाममोर्चा बनाउनु त कता हो कता त्यसबारे कल्पना पनि गर्न नसकिने अवस्था थियो । कार्यनीति र एजेन्डा मिलेका विषयमा फराकिलो भएर सहकार्य गर्न सक्ने अनि फरक मतलाई सुन्न सक्ने उहाँको क्षमताले नै वाममोर्चा बन्न सकेको थियो जुन अन्ततः ३० वर्षदेखि मुलुकमा जरा गाडेर बसेको पञ्चायती व्यवस्थाको अन्त्य गर्न महत्वपूर्ण कारण बन्यो र मुलुकमा लोकतान्त्रिक व्यवस्थाको पुनर्बहाली सम्भव भयो ।

एकातिर सोभियत सङ्घदेखि पूर्वी युरोपमा कम्युनिष्ट आन्दोलन क्षयीकरणतर्फ गइरहेको अनि नेपाली कम्युनिष्ट आन्दोलन पनि सिद्धान्तको शब्दजालमा मात्र रमाइरहेको अवस्थामा अन्तर्राष्ट्रिय परिस्थिति र राष्ट्रिय राजनीतिको ठोस मूल्याङ्कन गर्दै पार्टीको आन्तरिक जीवनको संवेदनशील घडीमा संयम, प्रतिपक्षीमाथि सहिष्णु, विरोधका स्वर सुन्न सक्ने धैर्य राख्दै जनताप्रति उत्तरदायी, जनताबाट नियन्त्रित र आवधिक रूपमा परीक्षित रहने उद्घोष उहाँले गर्नुभयो । त्यही बिन्दुबाट नै आजको बहुलवादी खुल्ला समाज र अहिलेको पूर्ण लोकतान्त्रिक संविधान सम्भव भएको हो ।

अन्याय नसहने विद्रोही स्वभाव, विषयवस्तुको उच्चतम ज्ञानको आधार,साहित्य र सृजनामार्फत नवीन चिन्तनको विकास, सधैँ जडताको विपक्षमा उभिने र गतिमा विश्वास गर्ने उहाँको व्यक्तित्वको कारणले नै आयातित मोडेलमै रमाइरहेको कम्युनिष्ट आन्दोलनलाई उहाँले नेपाली मौलिक स्वरुपमा सङ्गठित गर्न सक्नुभएको हो । सबैभन्दा महत्वपूर्ण पक्ष त तत्कालीन समयमा वामपन्थीले नेपाली कांग्रेस र नेपाली कांग्रेसले वामपन्थीलाई स्वीकार गर्न नसक्ने तर पञ्चायती व्यवस्था अन्त्य गर्दै प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनाको साझा राजनीतिक उद्देश्य राख्ने स्थितिमा दुवै पक्षलाई पुऱ्याउनु थियो । वामपन्थी र कांग्रेसको अन्तरविरोधमा खेलेर पञ्चायती शासनले आफ्ना विकृतिका सम्पूर्ण सीमाहरू नाघिसकेको अवस्थामा वाममोर्चा र नेपाली कांग्रेसबीच सहकार्य गराई प्रजातन्त्रको पुनर्वहालीमा उहाँले खेलेको भूमिकाको जति नै प्रशंसा गरेपनि कम हुन्छ । वामघटकहरूकै मोर्चा बनाउन कठिन रहेको समयमा उहाँको पहलकदमी साँच्चै अदभुत रहेको आज समयले प्रमाणित गरेको छ । त्यही सहकार्यबाट नै

मुलुकमा प्रजातन्त्रको युग सुरु भयो । कतिपयलाई त्यो समयमा प्रजातन्त्र भन्ने शब्दप्रति नै आपत्ति थियो तर हामीले खोजेको परिणाम एउटै हो भने नामले केही फरक पर्दैन भनेर असन्तुष्ट पक्षलाई सहमत गराउनुभयो जसमा जननेता भण्डारीको समभ्रुदारीपूर्ण व्यक्तित्व पाउन सकिन्छ ।

प्रजातान्त्रिक आन्दोलनको सफलताकै पृष्ठभूमिमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । उक्त संविधानले नेपालको सार्वभौमसत्ता जनतामा निहित गर्दै संविधानलाई मूल कानुनका रूपमा स्वीकार गऱ्यो । त्यस्तै नागरिकका मौलिक हक र स्वतन्त्रताको संरक्षण,बहुदलीय प्रजातन्त्रको सुदृढीकरण र स्वतन्त्र न्यायपालिकाको व्यवस्था गऱ्यो जुन पार्टीभित्र तीव्र बहसमा रहेको तर पारित नभइसकेको जननेता भण्डारीले प्रस्ताव गर्नुभएको जबज अनुरुप नै थियो । यसरी २०४७ को संविधानले नेपालको संविधान २०७२ को लागि आधार तयार गऱ्यो ।

जननेता भण्डारी खुल्लापनमा विश्वास गर्नुहुन्थ्यो । सोभियत सङ्घ र पूर्वी युरोपको कम्युनिष्ट आन्दोलनको अधोगतिको गहिरो अध्ययन गर्दा समस्त राजकीय तथा आर्थिक मामिलामा जनताका स्वतन्त्र इच्छाहरू अभिव्यक्त हुन नदिनु नै मुख्य कारण हो भन्ने उहाँको निष्कर्ष थियो । यही निष्कर्षका आधारमा बहुलवादी खुल्ला समाजका पक्षमा उहाँले जबर्जस्त वकालत गर्नुभयो । सिङ्गो पार्टीलाई यसमा सहमतमात्र गराउनु भएन जनतामा व्याप्त भ्रमहरू चिर्न पनि पहलकदमी लिनुभयो । आधा झ्याल खोल्ने र आधा बन्द नगरेर पुर्णरुपमा खुल्ला गरेर जनताका माझमा जाने, जनता नै राजनीतिक शक्तिका स्रोत हुन् र सम्पूर्ण शक्ति जनतामै निहित छ भन्ने मान्यता स्थापित गराउनुभयो । उक्त मान्यता नै आजको नेपालको संविधानको मुख्य आधार हो ।

गतिशीलता जननेता भण्डारीको जीवनको पर्याय नै थियो । उहाँले समय र परिवेशको गतिशीलतालाई बुझ्दै आफ्ना विचार, कार्यनीति र व्यवहारलाई सोहीअनुरुप गति दिनुभयो । जडतालाई जितेर सबै मुद्दा र विषयको वस्तुनिष्ठ मूल्याङ्कन गर्न सक्नुपर्छ भन्ने उदाहरण उहाँले चीनमा सुरु भएको सुधार र आर्थिक खुल्लापनको समर्थन गर्दै पेस गर्नुभयो, जसले नेपालको बहुलवादी खुल्ला

समाजको पक्षमा सकारात्मक माहौल सृजना गऱ्यो । २०४७ को संविधानले उहाँले उठाउनुभएका अधिकांश मुद्दाको सम्बोधन गर्दागर्दै पनि उहाँले उक्त संविधानको आलोचनात्मक समर्थन गर्नुभयो । संविधानमा अझै सुधार गर्न सकिन्छ भन्ने धारणा राख्दै किन संविधानको आलोचनात्मक समर्थन गर्नुपऱ्यो भन्ने विषय आफ्नो अद्वितीय वाक कलामार्फत उहाँले सम्पूर्ण जनतालाई बुझाउन सफल हुनुभयो ।

जननेता मदन भण्डारी पूर्ण लोकतान्त्रिक व्यवस्थाका हिमायती हुनुहुन्थ्यो । २०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भएतापनि पूर्ण लोकतान्त्रिक व्यवस्था नभएकोमा उहाँको फरकमत थियो । चाहे राजा हुन् या राजनीतिक शक्ति, उनीहरू आवधिक रूपमा जनताबाट अनुमोदित भइरहनुपर्छ,एकपटकको जनमत सधैंका लागि होइन भन्ने जुन राजनीतिक मान्यता उहाँले स्थापित गराउनुभयो त्यो वास्तवमै ऐतिहासिक उपलब्धि थियो । यदि लोकतान्त्रिक व्यवस्था र आवधिक निर्वाचनका पक्षमा उहाँले पैरवी नगर्नुभएको भए सायदै हामीले यति चाँडै पूर्ण लोकतान्त्रिक संविधान पाउनसक्थ्यौं होला । आज हाम्रो नेपालको संविधानले हामीलाई प्रत्येक ५-५ वर्षमा आफ्ना जनप्रतिनिधि चुन्ने अधिकार दिएको छ । यो जननेता भण्डारीको पहलकदमीबाटै सम्भव भएको हो ।

जीवनका लागि सिद्धान्त हो, सिद्धान्तका लागि जीवन होइन भन्ने उहाँको चिन्तनशैली आज पनि उत्तिकै सान्दर्भिक छ । उहाँले सिद्धान्तलाई कहिल्यै पनि ढुङ्गामा लेखिएको अक्षर मान्नुभएन । समय,सन्दर्भ र जनताका आवश्यकता अनुरुप सिद्धान्तमा परिवर्तन गर्नसक्नु गतिशीलता र व्यवहारिकता हो भन्ने उहाँको मान्यता थियो । आज हाम्रो नेपालको संविधान पनि समय, परिस्थिति, आवश्यकता र औचित्यका आधारमा परिवर्तन गर्न सकिने गतिशील दस्तावेजका रूपमा स्थापित भएको छ । जननेता भण्डारीको जीवनका लागि सिद्धान्तको अवधारणालाई बुझेर नै सबै राजनीतिक शक्तिले यसलाई संविधानमा स्थापित गरेका हुन् ।

मानिस त आउँछ, निश्चित अवधिपछि उसको समय सकिन्छ तर प्राप्त उपलब्धिको रक्षा गर्दै थप अग्रगमनतिर अग्रसर गराउनको लागि बहुदलीय व्यवस्थामा जनतामा आधारित राजनीतिक दल अत्यावश्यक हुन्छ। त्यसैलाई बुझेर जननेता भण्डारीले कम्युनिष्ट शक्तिको ठुलो हिस्सालाई समेटेर नेकपा (एमाले) जस्तो लोकतान्त्रिक र प्रगतिशील राजनीतिक दललाई नेपाली राजनीतिमा स्थापित गर्न प्रमुख भूमिका निर्वाह गर्नुभयो । उहाँको उक्त भूमिकालाई उच्चसम्मान गर्दै नेकपा (एमाले)ले अहिलेको लोकतान्त्रिक संविधान निर्माणमा प्रमुख भूमिका खेल्यो । जननेता भण्डारीकै बहुदलीय व्यवस्थामा बलियो राजनीतिक दल हुनुपर्छ भन्ने मर्म अनुरुप मुलुकका दुई ठूला वामघटक एक भए । उहाँले बहुदलीय व्यवस्थामा लोकतान्त्रिक र प्रगतिशील राजनीतिक दलको स्थापनामा भूमिका निर्वाह गर्ने काममात्र गर्नुभएन, जनतामा राजनीतिक चेतनाको सञ्चार गराउन पहलकदमी लिनुभयो । वाक कलामार्फत आफ्ना राजनीतिक सिद्धान्त र कार्यक्रमबारे जनतालाई अवगत गराउनुभयो ।

बहुदलीय खुल्ला समाजमा पूर्ण लोकतान्त्रिक व्यवस्था सफल र सुदृढ हुनका लागि जनतामा राजनीतिक चेतना हुनुपर्छ भन्ने उहाँको राजनीतिक मान्यता थियो । त्यसै अनुरुपका कार्यक्रम तय गरेकाले नै नेपाली जनताले आफ्नो संविधान आफैँ बनाउन सकेका हुन् । उहाँले आलोचनात्मक भावनाका साथ जनतालाई झन चेतनशील बनाउनुभयो जुन नेपाली राजनीतिले प्राप्त गरेको ठुलो वैभव हो जसलाई संविधानले पनि अङ्गीकार गरेको छ । देशभक्तिपूर्ण आन्दोलन, लोकतान्त्रिक आन्दोलन र वामपन्थी आन्दोलनको त्रिवेणीका रूपमा जननेता भण्डारीले जुन राजनीतिक मान्यता र चेतनाको सञ्चार गराउनुभयो, त्यो नै हाम्रो नेपालको संविधानको एउटा महत्वपूर्ण आधारशिला हो भन्नेमा कुनै दुइमत छैन ।

आज हाम्रो संविधानले हामीलाई व्यापक राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार दिएको छ। धारा १६ देखि ४८ सम्म ३१ वटा मौलिकहकको व्यवस्था गर्दै नागरिक अधिकार र स्वतन्त्रतालाई उच्च सम्मान गरेको छ । मानवअधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ । नेपालको

स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरेको छ । हुन त आफ्नो माटो अनुरुप सबै देशका संविधान फरकफरक हुन्छन् तर तुलना नै गर्नुपर्दा हामीले तुलनात्मक रूपमा असल र उत्कृष्ट संविधान पाएका छौँ । विश्वका कुनै पनि मुलुकको संविधानलाई पूर्ण मानिँदैन,सायद नेपालको संविधान पनि छैन होला तर गिलास यति खाली छ भन्नुभन्दा, गिलास यति भरिएको छ भन्ने सकारात्मक दृष्टिकोणबाट हेर्दा हाम्रो संविधान उत्कृष्ट छ । यसमा हामी सबैले गर्व गर्नुपर्छ ।

जसरी संविधानमा पनि केही अपूर्णता हुनसक्छन्, त्यसरी नै मानिसमा पनि कमीकमजोरी थिएनन्, छैनन् भन्नु पनि शतप्रतिशत ठिक हुँदैन । जननेता मदन भण्डारीमा पनि केही कमजोरी थिए होलान्, यसमा रचनात्मक आलोचना गर्न सकिन्छ । उहाँ आफैँ पनि आलोचनाबाट भाग्ने होइन, त्यसबाट सिक्ने र अगाडि बढ्ने मानिस हो । तर केही कमजोरीका छिद्र पैलाएर उहाँले आजको संविधान निर्माणमा गर्नुभएका योगदान,यसको लागि वातावरण बनाउन खेल्नुभएको भूमिका र उचित समयमा लिनुभएको उचित निर्णयको नजरअन्दाज गर्नुचाहिँ हामी कसैका लागि पनि हितकर हुँदैन ।

सबै व्यक्तिलाई इतिहासले चिन्दैन सायद चिन्न आवश्यक पनि छैन तर जब जननेता मदन भण्डारीजस्ता व्यक्ति जन्मिँदा रहेछन् तब इतिहास नै त्यस्तो समाज र देशका वैभवप्रति ऋणी हुँदोरहेछ । वास्तवमै पञ्चायती एकल शासनको जर्जर अवस्था, आयातित सिद्धान्त र कार्यनीतिको जडतामा रुमल्लिएका राजनीतिक दल,समान उद्देश्य भएर पनि कार्यगत एकता गर्न नसकेका राजनीतिक शक्ति, न्यून राजनीति र सामाजिक चेतनाले पीडित समाजको अवस्थाबाट सबैलाई समेटेर, आफ्ना सिद्धान्त र कार्यक्रमलाई मौलिक स्वरुप प्रदान गर्दै जनतामा चेतना छर्दै मुलुकलाई पूर्ण लोकतान्त्रिक व्यवस्थासम्म ल्याउने गोरेटो बनाउन जो कोहीले कहाँ सक्छ र ? नेपालको संविधान निर्माण र संविधानको कार्यान्वयन गर्दै अहिलेको अवस्थासम्म ल्याइपुऱ्याउन राजनीतिक दल, विभिन्न आन्दोलन, राजनीतिक नेतृत्व, नागरिक समाज,सञ्चार जगत् र सम्पूर्ण नेपाली जनताको

महत्वपूर्ण भूमिका छ। ती सम्पूर्ण भूमिकाहरूका बीचमा एउटा अग्लो भूमिका भने जननेता मदन भण्डारीको छ। नेपालको संविधान र जननेता मदन भण्डारीबीच अन्योन्याश्रित सम्बन्ध छ।

जननेता मदन भण्डारीका सिद्धान्त, विचार र मान्यतालाई अनुसरण गरेर संविधानको पूर्णपालना र कार्यान्वयन गर्दै देश र आमनागरिकको जीवनलाई अग्रगमन र प्रगतिको बाटोमा हिँडाउनु नै हामी सबैको अभिभारा हो। यही संविधानको जगमा टेकेर हाम्रा राष्ट्रिय आकाङ्क्षा र सपना पूरा गर्दै जननेता भण्डारीले हामीलाई प्रदान गर्नुभएको सुन्दर राजनीतिक परिवेशजस्तै भोलिका दिनमा हामीले हाम्रा सन्ततिलाई आर्थिक रूपमा समृद्ध, सामाजिक रूपमा प्रगतिशील र राजनीतिक रूपमा अझै सुदृढ लोकतान्त्रिक र एकतामा बाँधिएको राष्ट्र हस्तान्तरण गर्न सक्नुमा नै हामी र हाम्रो संविधानको सफलता जोडिएको छ।

●

तृतीय घोषित निबन्ध

# नेपालको संविधान र जननेता मदन भण्डारी

● वसन्त सिं ठगुन्ना

संविधान देशको मूल कानुनका रूपमा रहन्छ । नेपालमा संवैधानिक विकासको इतिहास धेरै लामो छैन । नेपालमा राजाकालमा सत्तामा रहेका राजाहरूकै बोली कानुनको रूपमा थियो । राजा वा सत्ताको बोली नै कानुनका रुपमा रहँदा जनतालाई एकदमै मर्का परेको थियो ।

वि.सं. २००४ सालबाट शुरु भएको संवैधानिक विकासक्रम क्रमशः २००७, २०१५, २०१९, २०४७, २०६३ हुँदै सातौ संविधानको रुपमा नेपालको संविधान २०७२ बन्न सफल भएको छ । ३०८ वटा धारामा लिपिबद्ध संविधानको प्रस्तावनामा नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावनामा प्रयोग भएका विषयहरूलाई नै समावेश गरिएको छ। सङ्घीयताको विषयलाई ७ वटा प्रदेशमा विभाजन गरिएको छ । मूलतः यो संविधानको प्रस्तावनामा व्यक्त भएको विषयले स्पष्ट बोलेको छ - अब देश बनाउने जिम्मा जनताले नै लिनुपर्छ । यसभन्दा अगाडिका संविधानहरूमा राजा र राणहरूलाई दोषी देखाउन सक्ने संवैधानिक व्यवस्था थियो । नेपाल एकीकरणदेखि वि.सं. २०७२ सालको संविधान

घोषणासम्म आइपुग्दा नेपालको राजनीतिक आन्तरिक द्वन्द्वमा नै बढीमात्रामा अल्झेको देखिन्छ । राजाले राजनीतिक दलहरूलाई र राजनीतिक दलहरूले राजालाई दोषी देखाएर आफ्नो बचाउ गर्ने सुविधा संविधानसभाबाट जारी भएको संविधानले दिँदैन तर संविधानको प्रस्तावनामा नै उल्लेख भएका वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक लगायतका विषयहरूमा नेपालमा अब नयाँ आयामबाट द्वन्द्व देखिएको छ । हिमाल, पहाड र तराईको क्षेत्रीय टकराव, भाषिक टकराव र धार्मिक टकरावलाई सन्तुलन मिलाउन सकिएन भने, पहाडले हिमाललाई दोष दिने, हिमालले तराईलाई दोष दिने र तराईले पहाडलाई दोष दिने नयाँ दोषीचस्माको विकास हुनेछ । विधिशास्त्रको अमेरिकन स्कुल अफ थटले भन्छ - 'आदालतले के हो कानुन भनेर व्याख्या नगर्दासम्म कानुन कानुनको स्रोतको रूपमा त रहन्छ तर कानुन हुन भने सक्दैन ।' विधिशास्त्रको यो स्कुल अफ थटलाई नेपालको न्यायपालिकाले ग्रहण गर्न सक्यो र परिवर्तित समाजको मनोविज्ञानलाई आत्मसाथ गर्दै कानुनमा समाज होइन समाजमा कानुनको अवधारणा लागू गराउन सक्यो भने विविधताभित्रको एकता बलियो बन्दै जानेछ । लामो द्वन्द्वपछि प्राप्त भएको संविधानमा जनताको विश्वास र मुख्य गरी कानुनका विद्यार्थीले संविधानलाई कार्यान्वयन गराउने दिशामा खेल्ने रचनात्मक भूमिकाले संविधानको आयु निर्धारण गर्दछ । वर्तमान संविधान जनप्रतिनिधि अथवा, जनताको प्रत्यक्ष सहभागितामा बनेको सङ्घीयता, सार्वभौमसत्ता, अखण्डता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र सुशासनको अधिकारलाई आत्मसात गर्ने जस्ता कुरा समावेश भएको संविधान हो ।

वर्तमान संविधानसँग जोडिएर आउने एक कुशल राजनेताको नाम मदन भण्डारी हो । मदन भण्डारीको जन्म वि.सं.२००९ साल असार १४ मा ताप्लेजुङ जिल्लाको ढुङ्गेसाँघुमा भयो । माता चन्द्रकुमारी भण्डारी र पिता देवीप्रसाद भण्डारीका सुपुत्र मदन भण्डारी सानैदेखि देशप्रेमी र रचनात्मक विचारका थिए । उनको प्रारम्भिक शिक्षा जन्मथलोबाट सुरु भयो । वि.सं. २०१५ सालमा गाउँमा एउटा हिउँदे पाठशाला (जुन वर्षा याममा बन्द हुन्थ्यो) बाट औपचारिक शिक्षातर्फ प्रवेश गर्ने भण्डारी अप्ठ्यारा पाठहरू भए पनि दुई पटक आफ्नो कानमा परेपछि

सधैँका लागि कण्ठ गर्न सक्ने र बाल्यकालमै चण्डी कण्ठाग्र गर्ने व्यक्तिका रूपमा जिल्लाभरि चर्चित भए । यद्यपि उनले अक्षरहरू चिनी सकेका थिएनन् । उनका बुबा गाउँका थराना गर्ने (गाउँलेहरूले दिएको सुब्बाको मान) पाएकाले माया पाए, दुःख भएन । वि.सं. २०२३ सालमा गाउँमा उपलब्ध पढाइ सकेर बनारस विश्वविद्यालयबाट भाषा-साहित्यमा स्नातकोत्तर गरेका भण्डारी बनारसमा पुष्पलालसँगको भेटपछि राजनीतिमा प्रवेश गरेका हुन् । वि.सं. २०२९ सालमा जनवादी सांस्कृतिक मोर्चाको केन्द्रीय सदस्य समेत बनेका मदन भण्डारी वि.सं. २०३५ सालमा कोअर्डिनेसन केन्द्र हुँदै नेपाल कम्युनिष्ट पार्टी (माले) को केन्द्रीय सदस्य भए । वि.सं. २०४१ साल वैशाखमा पार्टीको पोलिटब्युरो सदस्य हुँदै वि.सं. २०४६ सालमा नेकपा (माले) को चौथो महाधिवेशनबाट महासचिवको पद ग्रहण गरे । एकीकरणपछि एमालेको पहिलो महासचिव पनि उनी नै रहे ।

सानैदेखि निडर, निस्वार्थ र देशप्रेमी व्यक्तिका रुपमा हुर्कदै गएका मदन भण्डारी राजनीतिबाट जनताको मनमुटुमा बस्न सफल भए । जहानिया राणाशासनको अन्त्य भए पनि देशमा बेथिति, विसङ्गति, अन्याय र अत्याचार कायम नै रहेको विद्यमान परिस्थितिमा उनले त्यसका विरुद्धमा आम जनसमुदायले एकजुट भएर देशको अमूल परिवर्तनमा हातमा हात, काँधमा काँध गरी हातेमालो गर्दै अगाडि बढ्नु पर्दछ भन्ने मान्यतालाई अगाडि बढाए । देशमा जनताले अमूल परिवर्तन गर्नुपर्दछ भन्ने विचार राखेर नेपालको राजनीतिमा उचाइ बढाउन उनी सफल भए ।

वि.सं. २०३९ सालमा विद्यादेवी पाण्डेसँग मदन भण्डारीको वैवाहिक सम्बन्ध गाँसियो । विद्यादेवी भण्डारीको कोखबाट दुइटी छोरी उषाकिरण भण्डारी र निशाकुशुम भण्डारीको जन्मभयो । वि.सं. २०५० जेठ ३ गतेका दिन चितवन जिल्लाको दासढुंगामा रहस्यमय जिप दुर्घटनामा परी जननेता मदन भण्डारी र जीवराज आश्रितको मृत्युभएको थियो ।

मदन भण्डारी जनताको बहुदलीय जनवादका प्रवर्तक हुन् । उनका विचारहरू सामूहिकताका लागि थिए । समाजवादी आन्दोलनलाई नयाँ ढङ्गबाट व्याख्या र विश्लेषण गर्ने कुशल भाष्यकारका रूपमा उनलाई लिन सकिन्छ। विशेषतः पश्चिमी विश्वमा आएको उदारवाद तथा खुल्ला राजनीतिक प्रतिस्पर्धामा सामाजवादी

विचारलाई कसरी स्थापित गर्न सकिन्छ र तत्कालीन पूर्वी युरोपलगायत सोभियत सङ्घको विघटन र अवसानपछि विश्व कम्युनिष्ट आन्दोलनकै अवसानको अवस्था र पुनर्जागरणको आवश्यकताको टड्कारो प्रतिछायामा नवजीवन दिने वैचारिक मान्यता जनताको बहुदलीय जनवाद (जबज) थियो । यसको कुशल प्रयोग र व्याख्याको व्यवहारिकतालाई पुष्टि गर्न जननेता मदन भण्डारी सफल भए । त्यसैले समग्र कम्युनिष्ट आन्दोलन र सामाजवादी विचारको पुनर्चिन्तनको अग्रज अभियन्ताको रूपमा मदन भण्डारीको नाम लिन सकिन्छ ।

जबजले उतिबेलै भनेको थियो - क्रान्ति समाजको प्रथम र अनिवार्य लक्ष्य भएको बेला सामाजिक क्रान्तिको कार्यक्रम र क्रान्तिपछिको निर्माण तथा विकासलाई प्रमुख लक्ष्य बनाइनुपर्छ । अहिले नेपाली समाजमा सामाजिक क्रान्तिको अनिवार्यता छ। यसलाई प्राथमिकता दिनु जरुरी छ। सामान्तवाद र सम्राज्यवादको शोषण-उत्पीडनको अन्त्य नगरी नेपाली समाजको प्रगतिशील विकास सम्भव छैन । औद्योगिकीकरणबिना देशको प्रगति सम्भव हुँदैन । जबज हाम्रो आर्थिक र सामाजिक उत्थानको विस्तार थियो । यही आजसम्मको नेपाली क्रान्तिको मौलिक र माटो सुहाउँदो कार्यक्रम हो । यसले बहुदलीय पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रमभन्दा भिन्न विशेषता ग्रहण गरेको छ। संविधानको सर्वोच्चता बहुलवादी, खुल्ला समाज, शक्तिपृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, आवधिक निर्वाचन, स्वाभिमानमा आधारित विदेशनीति आदि यसका लोकतान्त्रिक विशेषता हुन् । यही कुरालाई धेरथोर वर्तमान संविधानले समेटेको छ ।

नेपालको संविधान, २०७२ नेपालमा विभिन्न समयमा भएको आन्दोलनको दस्तावेज हो । देशमा संविधानप्रति जनताको असन्तुष्टि रहँदा विभिन्न समयमा आन्दोलनहरू भए, धेरैले ती आन्दोलनहरूमा ज्यान गुमाए, कयौं घाइते भए, कयौंका सिन्दुर पुछिए, कयौंका कोख रित्तिए भने कयौं टुहुरा बन्न बाध्य भए । त्यसैले यस्तो परिस्थितिमा जनताद्वारा निर्मित संविधानको टड्कारो आवश्यकता थियो । त्यो आवश्यकताले जनताको चाहना, राष्ट्रको मान वर्तमान समयमा आएर पूरा भएको छ । संसारमा सबभन्दा बढी मतका साथ घोषणा हुने संविधानका रूपमा नेपालको वर्तमान संविधान रहेको छ ।

नेपालको संविधान २०७२ का थुप्रै विशेषता छन् । यो सङ्घीय संरचनामा बनेको पहिलो संविधान हो । मौलिक हकलाई प्रस्ट रूपमा व्याख्या गरिएको संविधान हो । संविधानसभाबाट बनेको नेपालको पहिलो संविधान हो । राज्यशक्तिको बाँडफाँड र पुनर्संरचनालाई समेटेको संविधान हो । यसले अनेकतामा एकतालाई जोड दिएको छ । यसले देशमा स्थायी सरकारको मान्यता बोकेको छ । देशमा छोटो समयमा सरकार फेरिने गरेको र त्यसको प्रत्यक्ष असर देश विकासमा पर्न गएको अवस्थामा वर्तमान संविधानको टड्कारो आवश्यकता थियो । विगतका संविधानहरूले देशमा न त सरकार टिक्ने व्यवस्था गर्न सके न त शासन व्यवस्था नै । वि.सं. २००४ साल र २००७ सालमा संविधान बनेपछि वि.सं. २००७ सालदेखि वि.सं. २०१०–२०१८ सालसम्म एकदमै छोटो समयमा सरकार फेरिए भने, राजा महेन्द्रले पञ्चायती व्यवस्थाको सुरुआत गरे । वि.सं. २००७ सालको आन्दोलनको उपलब्धिको रूपमा रहेको प्रजातन्त्रको अपहरण हुनपुग्यो । वर्तमान संविधानले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ भनेर संविधानको भाग १ को धारा (२) मा उल्लेख गरेको छ । यो कुरा मदन भण्डारीको जनताको बहुदलीय जनवादको सिद्धान्तसँग मेल खान्छ । उनले यो सिद्धान्त प्रस्तुत गर्दै जनता सबैभन्दा उच्चस्थानमा रहन्छ अथवा देशमा जनताले नै जनताका लागि शासन गर्ने व्यवस्था गर्नुपर्दछ भन्ने धारणा अघि सारेका थिए । जनताले नै चुनेर पठाएका जनप्रतिनिधिहरूद्वारा निर्माण गरिएको यो संविधान संविधानसभाबाट दुई तिहाइभन्दा बढी बहुमतले पारित भएको थियो ।

मदन भण्डारीले तत्कालीन समयमा नै संविधानसभाबाट संविधान निर्माण गरिनुपर्दछ भन्ने धारणा सार्वजनिक गरेका थिए । वर्तमान संविधानले शाहवंशीय व्यवस्थाको अन्त्य गर्दै राष्ट्रपति र उपराष्ट्रपति सहितको शासन व्यवस्थालाई अघि बढाएको छ । वंशका आधारमा शाहवंशका राजाहरूले देश सञ्चालन गर्दा जनताको वास्तविक पिरमर्का र आवश्यकताको सम्बोधन हुन नसकेको र देशको विकासले गति लिन नसकेको अवस्थामा वर्तमान संविधान आएपछि जनतामा देश विकासको आशा पलाएको छ । जनताले आफूले चाहेका आफ्ना प्रतिनिधिहरूले देश सञ्चालन गर्दा जनताका आवश्यकता सजिलै सम्बोधन हुने सम्भावना प्रवल हुन्छ । जननेता मदन भण्डारीले त्यतिबेला पनि यो कुरालाई प्रवल रूपमा उठान

गरेका थिए । जननेता मदन भण्डारीले त्यतिबेला भनेका थिए - 'सिद्धान्तका लागि जीवन होइन् जीवनका लागि सिद्धान्त हुनु पर्दछ ।' उनको यस विचारले सिद्धान्तलाई, नीतिनियमलाई पूर्ण रुपमा नभई जीवनको साङ्गोपाङ्गो पक्षसँग जोडेर अनुसरण गर्नुपर्ने धारणा बोकेको थियो । जननेता मदन भण्डारीको धारणा, बहुदलीयता, बहुसंस्कृति, बहुजाति, बहुधार्मिक परम्परालाई सम्मान गर्नुपर्दछ भन्ने थियो । उनले नेपाल बहुजातीय, बहुभाषिक देश भएकाले एकता, सद्भावजस्ता कुरालाई व्यवहारमा लागू गर्न सक्नुपर्दछ भन्ने कुरा अघि सारेका थिए । वर्तमान संविधानले पनि बहुभाषिकता, बहुजातीयता, बहुसंस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्दै अनेकतामा एकता कायम गर्ने कुरालाई जोड दिएको छ। समग्रमा भन्नुपर्दा जननेता मदन भण्डारीले उठान गरेका बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधता बीचको एकता, राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रियहित, लैङ्गिक समानता, सार्वभौमसत्ता जस्ता कुराहरूलाई वर्तमान संविधानले समेटेको छ ।

वर्तमान संविधान दुई तिहाइभन्दा बढी बहुमतबाट पारित भएको संसारको सर्वोत्कृष्ट संविधान मध्येको हो । यसले सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको रूपमा मानेको छ । सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको भनेको छ । यसले धर्म निरपेक्षतालाई जोड दिएको छ । संविधानको भाग १ को धारा (४) मा नेपालराज्य भन्ने व्यवस्था गरी उपधारा (१) मा नेपाल स्वतन्त्र अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनिएको छ । अहिले नेपाली जनतामा नेपालको विकास र समृद्धिको सपना वा आशा जागेको छ । विगतको संविधानभन्दा अहिलेको संविधान नेपाली जनता र नेपाल राष्ट्रको हितमा बढी केन्द्रित भएको देखिन्छ। नेपालको संविधान २०७२ मा जननेता मदन भण्डारीले सम्बोधन गरेका विचारहरू समावेश गरिएका छन्। यसकारण वर्तमान संविधानमा जननेता मदन भण्डारीका सपना तथा विचारलाई समेत सम्बोधन गरिएको छ । जसरी जननेता मदन भण्डारीको नाम जनताको मनमुटुमा जीवित छ, त्यसरी नै यो संविधान नेपालमा वर्षौंवर्षसम्म जीवित रहने छ ।

●

उत्कृष्ट ४

# नेपालको संविधान
र
# जननेता मदन भण्डारी

● वासुदेव आचार्य

मुटु देश, देश मुटुमा लगाउदैं
सङ्घर्ष स्वार्थको होइन, स्वाधिनतामा श्रम मिसाउँदै
रगत शरीरमा हैन देशका नशा नशामा बगाई
दृश्य सुन्दरतामा हैन समर्पण र सत्कर्ममा सजाई ।
देशले कुशल सपूतको चिना मागेमा पल्टाइदिनु कुन्डली मदन भण्डारीको... ।

देशले बेलाबेलामा यस्ता महान सपूतको जन्म दियो, समयको कालखण्डसँगै जो भौतिक शरीरबिना नै इतिहासका पानाहरुमा अमर छन्। जसले आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागेर राष्ट्र, राष्ट्रियता, जाति, भाषा, कला, साहित्य र राजनीतिमा पुरै आफ्नो जीवन समर्पित गरेर देशलाई कायापलट गराउनमा अहोरात्र खटिरहे । नेपाली राजनीति र साहित्यका शीर्ष पुरुष जननेता मदन भण्डारी नेपाल, नेपाली

र कम्युनिष्ट प्रजातान्त्रिक आन्दोलनका लागि नमेटिने नाम हो । अन्याय सहन नसक्ने विद्रोही स्वभाव र क्रान्तिकारी बिचारधाराका भण्डारीको जन्म बुबा देवीप्रसाद र आमा चन्द्रकला भण्डारीको कोखबाट वि.सं.२००९ असार १४ मा पूर्वी पहाडी जिल्ला ताप्लेजुङमा भएको थियो । सामान्य कृषक परिवारमा जन्मिएका भण्डारीको बाल्यकाल पहाडी डाँडाकाँडाहरुमा बामे सर्दै, दु:ख र सङ्घर्षका साथ बित्यो । आत्मवल, कुशाग्र बुद्धि र दक्षताका त्रिवेणी भण्डारीले घरबाटै शिक्षाको श्रीगणेश गरेर गाउँको प्राथामिक शिक्षा पछि माध्यामिक तहको शिक्षा सदरमुकाम स्थित बालसुबोधनी संस्कृत माध्यामिक विद्यालयमा वि.सं. २०२४ सालको प्रवेशिका परीक्षामा उत्कृष्ट अङ्क ल्याएर हासिल गर्नुभयो ।

उच्चशिक्षा अध्ययनको लागि भारतको बनारस गएका भण्डारीले बनारस विश्व विद्यालयबाट दुई विषयमा स्नातकोत्तर गर्नुभएको थियो । वनारसमै रहदा विद्यार्थी जीवनबाटै उहाँमा राजनीतिको प्रभाव पर्न थालिसकेको थियो । भारतमै रहँदा नेपालका पुराना नेता र भारतका समाजवादी कम्युनिष्ट नेताहरु हरिकिङ स्वराज र ज्योति बसु र नेपाली नेता पुष्पलाल श्रेष्ठ र मनमोहन अधिकारीको संसर्गले भण्डारीलाई राजनीतिमा लाग्न प्रेरित गऱ्यो । भारतमै रहँदा कम्युनिष्ट पार्टीको राम्रो छाप उहाँमा परेकाले पनि भण्डारीले नेपाली कम्युनिष्ट आन्दोलनमा लाग्ने मनसाय राख्दै नेपाल फर्कनुभयो । त्यतिखेर नेपालमा निर्दलिय पञ्चायती शासन व्यवस्था थियो । नेपाली जनता शासन र शासकबाट थिचिएका थिए । सामन्ती र साम्राान्यवादी सोचले आदिम नेपाली समाजमा प्रफूल्लता फूल्न सकेको थिएन । यस्तो नेपालको राजनीतिक परिवेशलाई नजिकैबाट नियाल्ने अवसर पाएका भण्डारीले राजनीतिमा होमिने प्रण गर्नुभयो । वनारसबाट नेपाल आएपछि वि.स. २०२८ मा पुष्पलालसँगको भेटपछि राजनीतिक विकासक्रममा पुष्पलाल समूहको जनवादी संघको केन्द्रिय सदस्य बनेर राजनीतिमा प्रवेश गर्नुभयो । वि.सं.२०२ ९ सालमा यस पार्टीले जनवादी सांस्कृतिक मोर्चाको निर्माण गऱ्यो र जसमा भण्डारी केन्द्रिय सदस्य हुनुभयो र वि.स. २०३० सालमा पार्टीको पूर्णकालिन कार्यकर्ता हुनुभयो ।

वि.स.२०३४ मा अखिल नेपाल क्रान्तिकारी कमिटीको केन्द्रिय सदस्य बनेका भण्डारी वि.सं. २०३५ मा नेकपा मालेको स्थापना भयो र उहाँ त्यसको पनि केन्द्रिय सदस्य बन्नुभयो। वि.सं. २०४१ बैशाखमा भण्डारी पोलिटब्युरो सदस्य र २०४६ सालमा नेकपा एमालेको चौथो महाअधिवेशनकाट महासचिव बन्नुभयो। २०४६ सालको जनआन्दोलनको सफलता पछि राजा नेपाली काग्रेँस र बाममोर्चावीच भएको त्रिपक्षीय सम्झौताको रुपमा २०४७ सालको संविधानलाई प्रजातान्त्रिक र जनपक्षीय गराउन भण्डारीको भूमिका अतुलनिय थियो। "राजनीतिमा थकाई हुदैन" भन्ने मान्यता राख्ने भण्डारी ३० वर्षे जन आन्दोलनको प्रमुख अगुवा हुनुहुन्थ्यो । आफ्नो छोटो जीवनकालमा देश र जनताको लागि क्रियाशील भण्डारी शान्तिपूर्ण जनआन्दोलनबाट गतिशिल नीति र कार्यक्रमका साथ जनताको सम्पूर्ण अधिकार स्थापित गरेर आमुल परिर्वतन गर्न सकिन्छ भन्ने बिचारमा अडिक भएकै कारण नेपालको कम्युनिष्ट आन्दोलनसँगै सफलता हासिल गर्दै लोकप्रिय बन्दै गइरहेको थियो। "सङ्घर्षको सीमा र अवधि हुँदैन" भन्ने मान्यता राख्ने भण्डारीको बेजोड तर्कशीलता देखेर विपक्षी नेताहरु समेत नतमस्तक हुन्थे। तत्कालिन नेकपा मालेको महासचिवको रुपमा संयोजनकारी भूमिकाकै कारण पञ्चायती शासन विरुद्ध काग्रेँस र कम्युनिष्ट एक धारमा आउने समय अनुकूल बन्यो। त्यतिबेला नेपाली काग्रेँसको तर्फबाट गणेशमान सिंह र बाममोर्चाको तर्फबाट भण्डारीले आन्दोलनको भूमिका निर्वाह गर्नुभयो। यसरी नेपाली काग्रेँससँग सहकार्य गर्ने भण्डारीको बैचारिक शक्ति निर्णायक बनेको थियो । फलतः कांग्रेस र बाममोर्चावीचको सहकार्यमा भएको सफल संयुक्त आन्दोलनको परिणाम स्वरुप वि.सं. २०४६ चैत्र २६ गते नेपालबाट पञ्चायती व्यवस्थाको अन्य भएर बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनःस्थापित भयो । जनआन्दोलनमा निर्वाह गरेको भूमिकाले उहाँलाई कुशल नेता र निर्भिक, निडर बक्ताको साथै साहसिक बिचारकका रुपमा स्थापित गरायो । जनआन्दोलनको सफलता पछि जारी नेपालको संविधान २०४७ लाई आलोचनात्मक समर्थन गर्ने भण्डारीको राजनैतिक विद्धताले मुलुकमा शिशु बहुदलीय व्यवस्थाको जग हाल्न भूमिका खेलेको थियो । उहाँले आफ्नो पार्टीको सैद्धान्तिक पक्षलाई केलाउँदै शिशु प्रजातन्त्रको विकासका लागि तत्कालिन शक्ति सन्तुलनलाई ध्यानमा राख्दै

२७ सुत्रीय माग प्रस्तुत गरिएको थियो । त्यसैले गर्दा पनि नेपालको संसदीय व्यवस्थाको इतिहासमा प्रमुख प्रतिपक्षदलको भूमिकालाई रचनात्मक गराउने कार्यमा उहाँको अतुलनीय योगदान रहेको थियो ।

वि.सं. २०४७ मा भूमिगत जीवनबाट बाहिर आइ माले र मार्क्सवादी एकिकृतबाट उहाँ नेपाल कम्युनिष्ट पार्टी एकिकृत मार्क्सवादी लेनिनवादीको महासचिव बन्नुभयो । निर्दलिय पञ्चायती व्यवस्था ढाल्ने, वैचारिक आन्दोलन शसक्त पार्ने र प्रजातान्त्रिक शक्तिसँग सहकार्य गर्न उहाँको प्रमुख भूमिका रह्यो । वि.सं. २०४७ सालको जनआन्दोलनको सफलता पछि अन्तरिम सरकारमा सहभागी हुने, पार्टीलाई खुल्ला गर्दै पार्टीकै नामबाट संसदीय चुनावमा जाने र सरकार निर्माण गने, निर्णय लिदैं जनमतमा आधारित राजनीतिक लक्ष्य प्राप्त गर्ने नीति पार्टीले लियो । त्यतिखेरै भण्डारीले आफ्नो पार्टीको तर्फबाट संविधानमा राजतन्त्रको अन्त्य, धर्म निरपेक्षता, स्वायत्त शासन लगाएतका २७ सुत्रिय सुझाव सहितको प्रतिवेदन संविधानमा नसमेटिएका कारण संविधान जारी भएपछि त्यसलाई पार्टीले आलोचनात्मक सर्मथन गऱ्यो । तत्कालिन समयमा सारिएका असहमति भित्रका बुँदाहरु संविधानमा लागु गर्न देशले झन्डै १५औं वसन्त कुर्नुपऱ्यो ।

जननेता भण्डारीले सार्वजनिक रुपमै संविधानमा रहेको श्री ५ को सरकार हटाएर नेपाल सरकार गराउनु पर्ने, शाही सेना हटाएर नेपाली सेना राख्नुपर्ने, सरकारी र सार्वजनिक निकायमा रहेका शाही शब्द हटाउनुपर्ने प्रस्ताव राख्नुभएको थियो । विशेष गरी राजा र राज परिवारका असिमित अधिकार कटौति गर्दै प्रजातन्त्रलाई बलियो गराउनुपर्ने मत भण्डारीले अगाडि सार्नु त्यस समयमा चुनौतिपूर्ण थियो । उहाँले करिब १५ वर्ष अगाडि सारेका बिचार २०६२/२०६३ को जनआन्दोलन पछि फलदायिक बन्यो । वि.सं.२०४८ सालको संसदीय निर्वाचनमा नेपाली काग्रेंसका तत्कालिन सभापति अन्तरिम प्रधानमन्त्री कृष्णप्रसादलाई हराउँदै काठमाडौं क्षेत्र नं. १ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएसँगै भण्डारीको पार्टी देशकै ठूलो पार्टी बन्नपुग्यो । जनतामा गरिबी, प्रजातान्त्रिक शक्तिप्रतिको निराशा, महङ्गी र बढ्दो जनआक्रोश भएकै कारण तत्कालिन समयमा कम्युनिष्टको लोकप्रियता दिनानुदिन बढ्न थाल्यो ।

वि.सं.२०४९ सालमा सम्पन्न नेकपा एमालेको पाँचौ महाधिवेशनले मदन भण्डारीद्वारा प्रतिपादित सिद्धान्त जनताको बहुदलीय जनबादलाई अत्यधिक बहुमतले पारित गऱ्यो। लोकतान्त्रिक आन्दोलनका प्रखर व्यक्ति र अगुवा कम्युनिष्ट आन्दोलनका विशिष्ट सिद्धान्तकार भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादको सिद्धान्तले नेपालको कम्युनिष्ट आन्दोलनमा निकै ठूलो भूमिका राख्दछ। सिद्धान्त र जीवनलाई आत्मसाथ गरी मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने, भण्डारीले ल्याउनुभएको **बहुदलीय जनवाद बारे** शीर्षकको सानो पुस्तिकाबाट प्रजातान्त्रिक कारणले यो अभियान नेपाल कम्युनिष्ट पार्टी माले र मार्क्सवादी एकिकरणको आधारशीला बन्न सफल भयो । उहाँले प्रतिपादन गरेको बहुदलीय जनवादको नीति पन्छ्याउँदै नेकपा-एमाले बहुदलवादी राजनीतिमा अगाडि बढ्यो । लेनिनले सबैभन्दा पहिले संसारमा स्थापित गरेको सोभियत समाजवाद असफल भएर विश्व कम्युष्टि आन्दोलनले पराजयको परिणाम भोगेको बेला पनि मार्क्सवादी सिर्जनात्मक प्रयोग गर्दै नेपाल जस्तो देशमा बहुदलीय जनवादको सिद्धान्त प्रतिपादन गर्नमा भण्डारी सफल हुनुभयो । जनताको बहुदलवादको सिद्धान्तले नेपालको कम्युनिष्ट आन्दोलनमा निकै ठूलो अर्थ राख्दछ, विगतका वर्षहरुमा गरिएका राजनैतिक परिवर्तनका सङ्घर्षलाई जनताको बहुदलीय जनवादले पुष्टि गऱ्यो । यससँगै उहाँले संविधानको सर्वोच्चता, बहुदलवादी खुल्ला समाज, शक्ति पृथकिकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, आवधिक निर्वाचन, बहुदलिय प्रतिस्पर्धात्मक प्रणाली, कानुनी राज्य लगाएतका विशेषता सहितको राज्यको शासन प्रणालीबाट कल्याणकारी जनवादी व्यवस्था अगाडि ल्याउनुभयो। सैद्धान्तिक क्षमता र राजनीतिक कुशलताका धनी भण्डारी निर्दलीय पञ्चायती व्यवस्था ढाल्ने परिर्वतनका संवाहक बन्नुभयो । विषयको उच्चतम ज्ञान, बिचारको विशालता, राजनीतिक विविधता र दुरदर्शीताका कारणले गर्दा पनि भण्डारी छोटो समयमै आम नेपालीका लागि प्रिय र प्रतिपक्षका लागि पनि सहज वन्नुभयो। मदन भण्डारीले आम जनतालाई नै प्रमुख मान्नुभएको थियो।

**"युगले व्यक्तिको निर्माण हैन, व्यक्तिले युगको निर्माण गर्नुपर्छ"** भन्ने विचार राख्ने उहाँले इतिहासमा कहिलै एकताबद्ध हुन नसकेका बामपन्थी शक्तिहरुलाई एउटै

धारमा ल्याएर प्रजातन्त्र स्थापना र पुर्नवहालीका लागि ठूलो त्याग र सङ्घर्ष गर्नुभएको थियो । प्रजातन्त्र स्थापनाका लागि आधारभूत वर्ग र जनतावीच क्रान्तिकारी धारणा राख्ने भण्डारी विश्वका कम्युनिष्टहरुका नजरमा पनि प्रशंसाको पात्र वन्नुभएको थियो । हर समय देशलाई प्रजातान्त्रिक मार्गमा हिंडाउने राजनीतिक छवी उच्च भएका आत्मबलका धनी भण्डारी एमालेको महासचिव बनीसकेपछि झनै नयाँ उर्जाका साथ एकदलीय तानाशाही विरुद्ध प्रतिस्पर्धाको सिद्धान्त लिएर अगाडि बढ्नुभयो । जनताको हक अधिकार र देशको सङ्घर्षमा होमिएका भण्डारीले तत्कालिन शासक राजा वीरेन्द्रलाई चुनौति दिएकोमा पछि उनै राजा र आफ्नै प्रतिस्पर्धी नेपाली कांग्रेसका लौह पुरुष गणेशमान समेतबाट प्रजातन्त्रको स्थापनाका लागि उहाँको त्याग सफलता र सङ्घर्षको उच्च मूल्याङ्कन गर्दै प्रशंसा पनि बटुल्नु भएको थियो ।

नेपाली साम्यवादी आन्दोलनका शीर्ष परुष नवीन विचारक सिर्जनात्मक प्रयोगकर्ता प्रगतिशील राष्ट्रवादका प्रवक्ता जनताको उन्मुक्ति र प्रजातान्त्रिक आन्दोलनका कुशल नेता र प्रखर वक्ता, प्रतिभावान मार्क्सवाद सिद्धान्तका चिन्तक भण्डारीले नेपाली जनता र प्रजातन्त्रका लागि पुऱ्याउनुभएको योगदानले गर्दा उहाँ आम जनतामा छोटो समयमै सुपरिचत हुनुभयो । उहाँले संसदभित्र प्रतिपक्षलाई सम्मानका दृष्टिले हेर्नुहुन्थ्यो । त्यसैले संसदभित्र उहाँलाई राष्ट्रवादी नेताको रुपमा स्वीकार गरियो ।

“**सिद्धान्तका लागि जीवन हैन जीवनका लागि सिद्धान्त**” हुनुपर्छ भन्ने भण्डारीको धारणाले नेपाली कम्युनिष्ट आन्दोलनको विकासमा ठूलो महत्व राख्दछ । सामन्तवाद, साम्यवाद र निरङकुशतावादबाट देशलाई मुक्त गरेर स्वतन्त्र गराउने निडर, साहसिक र क्रान्तिकारी राजनीतिक योद्धा भण्डारी प्रजातान्त्रिक शिखरको लक्ष्य प्राप्तिमा जीवनकै तिलाञ्जली दिन पछाडि नपर्ने नेता हुनुहुन्थ्यो । नेपाली राजनीतिमा चम्किला ताराको रुपमा उदाएका भण्डारीको चर्चा नेपालमा मात्रै नभएर विश्व परिवेशमा उत्तिकै छाएको छ । सरल जीवन र ओजपूर्ण भाषा र वाक शैलीका धनी भण्डारीले नेपालको कम्युनिष्ट आन्दोलनलाई सामाजिक र आर्थिक परिर्वतनको सिद्धान्त जनताको बहुदलीय जनवादमार्फत अगाडि

सार्नुभयो । उहाँको लोकप्रिय विचार र त्यसले सिर्जना गरेका जनलहर देखेर विश्वविख्यात पत्रिका "वर्ल्ड मागिजन"ले समेत **नेपालमा काल मार्क्स जीवितै छन्** भन्दै उहाँको अर्न्तवार्ता प्रकाशित गऱ्यो ।

यसरी नेपाली जनताको मन जित्दै महान् विचारका साथ देशको आमुल कायापलटको लागि कहिले पूर्व त कहिले पश्चिमका जनतासँग परिर्वतनको विगुल सञ्चार गर्दै सहअस्तिव र भातृत्वको भावना बाँड्दै पोखराको राजनीतिक कार्यक्रमलाई सकेर चितवनको कार्यक्रमलाई सम्बोधन गर्न भनेर हिंड्नुभएका भण्डारीको वि.सं. २०५० जेठ ३ गते साँझ करिव ५:३० तिर चितवनको दास ढुंगामा गाडी दुर्घटनामा परेर उहाँको अकल्पनीय निधन भयो । उहाँको निधनसँगै प्रजातान्त्रिक नेपालीको एउटा आस्थाको दीप निभ्न पुग्यो । प्रत्येक नेपालीको गला अवरुद्ध भयो । नेपाली राजनीतिको आकाशमा उदाउँदै गरेको एउटा विलक्षणको असाधारण तारा अस्तायो । उहाँको दुःखद् अन्त्यले समग्रमा नेपालको कम्युनिष्ट तथा प्रजातान्त्रिक आन्दोलनमा अतुलनीय क्षति पुग्यो । घटनाको विषयलाई लगेर चारवटा छानविन आयोगसम्म गठन भए तर उचित ढङ्गले कार्य गर्न सकेनन् । अझैंसम्म पनि बहुदलीय जनवादका व्याख्याता भण्डारीको गाडी दुर्घटनाको रहस्य अनुसन्धानको गर्भमै तुहिएको छ । भण्डारीको निधनले नेपाली प्रजातान्त्रिक आन्दोलन, उन्मुक्ति, स्वतन्त्रता र समृद्धिको यात्रामा अल्पविराम लग्यो । उहाँको भौतिक शरीर नभए पनि उहाँले गर्नुभएका सङ्घर्ष, चुनौति, सफलताका साथै उहाँले प्रतिपादन गर्नुभएका सिद्धान्त र बिचारले नेपाली राजनीतिलाई उचो बनाएको छ । साथै नेपाली राजनीतिको इतिहासमा उहाँ सदैव अमर हुनुभएको छ । जननेता मदन भण्डारीको जीवन नेपाली राजनीतिमा मात्रै समर्पित थिएन, उहाँ गायन, साहित्य र खेलकदमा पनि रुची भएका व्यक्तित्व हुनुहन्थ्यो । भण्डारीले बहुदलीय **जनवादबारे केही कुरा, अर्न्तविरोध, अर्जुन दृष्टि, मसाल समूहका कार्यकर्ता किन गलत** छन् लगाएत धेरै पुस्तक मार्फत पनि कम्युनिष्ट प्रनातान्त्रिक क्रान्तिकारीको बिचारधारा समेटनुभएको थियो ।

नेपालको इतिहासलाई केलाएर हेर्दा पृथ्वीनारायण शाह र जंगबहादुरको मुलुकी ऐनका रुपमा वि.सं. २००४ मा वैधानिक कानुनको रुपमा नेपालको संविधान

विकसित हुँदै नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२/०६/०३ सम्म आइपुग्दा देशले विभिन्न राजनैतिक उतार चढावको सङ्घर्ष र सामना गर्नुपऱ्यो। वि.सं. २०४७ सालसम्म सार्वभौम शक्तिको स्रोत राजालाई नै मानिएको थियो भने २०७२ को संविधान अनुसार सार्वभौमसत्ता जनतामा निहित भएको छ। जनताको ६५ वर्षिय पुरानो संविधान जारी गर्ने आकाङ्क्षा पुरा हुँदै सार्वभौम नेपाली जनताले अहिले आफ्नै प्रतिनिधि मार्फत निर्मित नयाँ संविधानको स्वाद लिइरहेका छन् । अहिलेको संविधानले समानता, स्वतन्त्रता र वन्धुत्वलाई समावेश गरेको छ। लोकतान्त्रिक गणतन्त्र, सङ्घीय राज्य, संवैधानिक राज्य, कल्याणकारी राज्य, सार्वभौमक्ता, आधारभूत मौलिक हक, मानव अधिकार, सार्वजनिक सहभागिता, निर्वाचन प्रणाली र संवैधानिक अदालत संविधानका आधारभूत सिद्धान्तमा समेटिएका छन्, जसको श्रेय मदन भण्डारीलाई नै जान्छ। वि.सं. ०४७ अगाडिका संविधानमा मानव अधिकार, लोकतन्त्र, विधिको शासन र जनसर्वोच्चता जस्ता लोकतान्त्रिक मूल्य र मान्यताको कमि खड्किरहेको थियो । संविधान अनुकूल आचरण र शासनलाई स्थापित गर्न सकिएको थिएन । सार्वभौमसत्ता सम्पन्न जनताको अभिव्यक्ति र इच्छा अनुसार शासन गर्ने जनताका आधारभूत र मौलिक अधिकारले पश्रय पाएका थिएनन्। साथै विगतका संविधानहरुमा राज्यको प्रारुप, सैद्धान्तिक र व्यवहारिक लक्ष्य, जनताप्रतिको उत्तरदायित्व एवम् अधिकारमा शासक र शासितबीच सन्तुलत हुन सकेको थिएन । देश, काल, परिस्थिति र वातावरण अनुकूल नभएका कारणले गर्दा नै पटक पटक जनआन्दोलन र कानुन शंसोधन गरिदैं आएको इतिहास छ। राजाद्वारा प्रदत्त संविधान २०४७ मा आएर पूर्णविराम लाग्यो भने त्यसपछि वर्तमान परिपेक्षसम्म आइपुग्दा जनता नै सार्वभौम भएका छन् । यहाँसम्म आइपुग्दाको सफलतामा जननेता भण्डारीको अग्रणी भूमिका देखिन्छ ।

संविधान देशको मूल र गतिशील कानुन हो। साथै संविधान विधिको शासनको अवधारणा भएकाले यो लोकतान्त्रिक मूल्यको केन्द्रिय तत्व पनि हो । कुनै

पनि व्यक्तिको मात्रै नभएर नियमको शासनलाई नै सर्वोच्च मान्ने अवधारणा संविधानमा छ। अहिले विश्वका करिब १९३ जति देशमा संविधान जारी गरिएको छ तर पनि उत्कृष्ट संविधान नेपालकै हुन आउँछ।

अन्ततः सन् १९५० को नेपाल र भारतवीच भएका असमान सन्धी तथा सम्झौताका सम्बन्धमा मदन भण्डारीले संसदमा उठाएको धारणा नै आज आएर सिङ्गो देशकै धारणा बन्न पुगेको छ। कार्यक्रम, सिद्धान्त र बहुदलीय जनवादबाटै आज आएर देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक बनेको छ। यो नै मदन भण्डारीका आन्दोलन र सङ्घर्षको अतुलनीय उपज हो। यस्तै नेपाली राजनीतिमा देशकै ठूला दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रवीच वि.सं. २०७५ जेठ ३ मा भण्डारीकै स्मृति दिवसका अवसरमा एकिकरण भएर हाल देशकै ठूलो राजनैतिक दल नेपाल कम्युनिष्ट पार्टी बनेको छ। भण्डारीले तत्कालिन समयमा सार्नुभएको विचारका आधारमा नेपालको कम्युनिष्ट पार्टीले २०७४ मा सम्पन्न निर्वाचनमा लोकप्रिय जनमत हातपार्न सफल भयो र अहिले आएर सरकार पनि सञ्चालन गरिरहेका छन्। यहाँसम्म आइपुग्दा भण्डारीका विचार, सङ्घर्षले गर्दा नै विजय हासिल गरेको सहजै अनुमान गर्न सकिन्छ।

तत्कालिन समयमा वाममोर्चाको गठन हुनु र मोर्चाले प्रजातान्त्रिक व्यवस्थापनको संयुक्त जनआन्दोलनमा भाग लिएर गणतन्त्रात्मक संविधानको निर्माण गर्नु नै वर्तमान संविधानको उपलब्धीको आधारशिला हो। यसरी जननेता मदन भण्डारीले नेपालको प्रजातान्त्रिक आन्दोलनमा सहभागि भएर नेपालको संविधान निर्माणसम्म आइपुग्दा धेरे सङ्घर्ष गर्नुभएको देखिन्छ। अतः भण्डारीले अल्पविराम लगाएर गएका कार्यलाई पुरा गर्दे उहाँको विचारधाराको गन्तव्य पहिल्याउनु सबै नेपालीको कर्तव्य हो। वर्तमान सन्दर्भमा मदन भण्डारीले देखाउनुभएको गन्तव्यमा संविधान कार्यान्वयन गर्दे जाँदा **"समृद्ध नेपाल, सुखी नेपाली"को** मन्त्रले सम्पूर्ण जातजाति, भाषा धर्म, संस्कृति, इतिहास र भूगोल समेट्दै सत्कर्म, सभ्यता र समृद्धिको मार्ग पहिल्याओस्।

विलिन भयो एक असाधारण क्रान्ति,
अस्तायो एक युगको अन्त्य,
निभेर गयो एक आस्थाको दीप,
त्याग, सङ्घर्ष र सफलता सदैव अमर छन् ।
र त गणतान्त्रिक मुलूकमा छाती फुलाउँदै,
अधिकारको आधारमा कलम दौडाउने स्वतन्त्रतामा बुई लागेर
लेखिदिए संविधानको पर्याय मदनका सङ्घर्ष चुनौति र
सफलताका जीवन गाथा ।

●

उत्कृष्ट ५

# नेपालको संविधान
## र
# जननेता मदन भण्डारी

● धर्म सुवेदी

संविधान राजनीतिक र कानुनी अधिकार भएको राज्य सञ्चालनको आधारभूत मार्गदर्शक दस्तावेज हो । अर्को अर्थमा भन्दा संविधान राज्यरूपी शरीरमा विभिन्न अङ्गहरू सृजना गरी ती अङ्गहरूलाई शक्ति प्रदान गर्ने र नियन्त्रण गर्ने कानुनी हतियार हो । राष्ट्रको संरक्षण गर्ने, जनताको जीउधनको सुरक्षा गर्ने, राजनीतिक र शासकीय पद्धति प्रदान गर्ने, राष्ट्रको अर्थतन्त्र र स्रोत, साधनको व्यवस्थापन गर्ने आदि जस्ता उद्देश्यमा केन्द्रित रहेर संविधानले कार्य गर्ने गर्छ । राज्य सञ्चालनको संरचना निर्माण गर्नु, तिनीहरूको कार्यगत आधार तय गर्नु र नियन्त्रण गर्नु संविधानको मूल कार्य हो ।**विश्वको संवैधानिक विकासक्रम**

विश्वमा प्राचीन समयमा ऐन नियम लिखित रूपमा उपलब्ध थिएनन् । भनिन्छ - दार्शनिक अरस्तुले ५८ वटा देशको संविधान अध्ययन गरेका थिए तर ती सबै अलिखित थिए । विश्वमा लिखित संविधानको सुरुआत भने सन् १७८७ मा अमेरिकाबाट भएको थियो । त्यसभन्दा पहिला प्रजातन्त्रको जननी मानिने

बेलायतसहित विश्वका धेरै देशमा कानुनहरू अलिखित रूपमै थिए । अमेरिकाले संविधान बनाइसकेपछि पोल्याण्ड, फ्रान्सलगायतका पश्चिमा देशहरूले पनि आफ्ना ऐन कानुनहरूलाई लिखित दस्तावेजको रूपमा सुरक्षित गर्न थाले ।

एसियाली देशहरूको कुरा गर्ने हो भने निकै पछि सन् १८८९ मा जापानले आफ्नो संविधान निर्माण गऱ्यो, जुन अमेरिकी कर्नेलले उपहारस्वरूप दिएका थिए । त्यसपश्चात विश्वमा संविधान लेखनको इतिहासले गति लिएको पाइन्छ । २० औँ शताब्दीको अन्त्य र एक्काइसौँ शताब्दीको सुरुआतलाई संवैधानिक व्यवस्थाको स्वर्णयुग मानिन्छ । यो समयमा नै विश्वका साठी प्रतिशत देशहरूले आफ्नो संविधान बनाएका थिए ।

संविधान गतिशील दस्तावेज हो, समय र घटनाअनुसार यसभित्रका कानुनलाई परिवर्तन गर्न सकिन्छ । तर राजनीतिक अस्थिरता भएका देशमा राजनीतिक पद्धतिमा केही हेरफेर हुने बित्तिकै संविधान नै परिवर्तन गर्ने चलन छ । नयाँ संविधान आउने बित्तिकै त्यसको व्याख्या, कार्यान्वयन र संरचनाको निर्माणमा अधिकतम समय खर्च हुने हुनाले जति उत्कृष्ट भएतापनि यसले उचित प्रतिफल दिन सक्दैन । त्यसैले संसारमा सबैभन्दा बढी संविधान परिवर्तन गरेका भेनेजुयला (२७), हाइटी (२०), बोलिभिया (१७) जस्ता देशमा न त राम्रो राजनीतिक पद्धतिको विकास भएको छ, न त ती देश विकास र समृद्धिमा नै अघि छन् ।

नेपालको राजनीतिक इतिहास धेरै लामो भएतापनि संवैधानिक इतिहास भने छोटो छ । विसं २००४ सालमा राणा प्रधानमन्त्री पदम शमशेरले निर्माण गरेको नेपाल सरकारको वैधानिक कानुन २००४ लाई नेपालको पहिलो संविधान मानिन्छ । यो २००५ सालबाट लागू हुने भनिए तापनि विशेष कारणवश लागू हुन सकेन । त्यसयता हरेक राजनीतिक व्यवस्था परिवर्तनसँगै देशले नयाँ संविधान पाएको छ । सत्तरी वर्षको संवैधानिक इतिहास बोकेको हाम्रो देशमा सात पटक संविधान परिवर्तन भइसकेको छ ।

पछिल्लो पटक वि.सं २०७२ मा बनेको नेपालको संविधानअनुसार नै देशको राज्यव्यवस्था सञ्चालन भएको छ । यस संविधानको मर्मअनुसार नै सङ्घीय,

प्रादेशिक र स्थानीय सरकार गरी राज्यलाई तीन तहमा विभाजित गरी सङ्घीयता कार्यान्वयन गरिसकिएको छ । समाजवादउन्मुख मानिएको उक्त संविधानले सम्पूर्ण जनताको हकअधिकार सुरक्षित गरी आर्थिक समृद्धितर्फ राज्यलाई उन्मुख गराउनु आजको आवश्यकता हो ।

## मदन भण्डारी : युगले मागेको नेता

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिसकेपछि हालसम्म आइपुग्दा धेरै नेपाली वीरहरूले नेपालको स्वाभिमान जोगाउन उल्लेखनीय योगदान दिएका छन् । २००७ सालमा देशमा प्रजातन्त्रको पुनर्बहालीसँगै नेपालको राजनीतिक इतिहासमा नयाँ अध्याय सुरु भयो । त्यसयता सयौं नेताले नेपालको राजनीतिमा आफ्नो क्षमता प्रदर्शन गरे । तर कुर्सीमोह, नातावाद, कृपावाद, भ्रष्टाचार आदिमा संलग्नताले गर्दा नेताहरूमाथि जनताको सम्मान दिनानुदिन घट्दो छ । देशको यस्तो विषम परिस्थितिमा पनि कुनै ठुलो जिम्मेवार पदमा नबसी मृत्युको ३ दशकसम्म पनि हरेक नेपालीको मन-मुटुमा बस्न सफल नेता हुनुहुन्छ मदन भण्डारी ।

उहाँको जन्म विसं २००९ साल असार १४ गते ताप्लेजुङ जिल्लाको ढुङ्गेसाँघुमा भएको थियो । प्राथमिक शिक्षा गाउँमै लिएका भण्डारीले अक्षर नचिन्ने बेलामै चण्डी कण्ठाग्र गरेर जिल्लाभर चर्चित हुनुभएको थियो । भारतको बनारस विश्वविद्यालयबाट भाषा-साहित्य विषयमा स्नातकोत्तर गर्नुभएका भण्डारी बनारसमा रहँदै भारतिय कम्युनिष्ट आन्दोलनसँग प्रभावित हुनुहुन्थ्यो । वि.सं. २०२८ सालमा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालसँगको भेटपछि नेपालको कम्युनिष्ट आन्दोलनमा होमिनुभएका भण्डारी त्यसयता लगातार नेपाली राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । वि. सं २०३५ देखि नेपाल कम्युनिष्ट पार्टी (माले) को नेतृत्व गर्दै आउनुभएका उहाँ २०४६ सालमा त्यस पार्टीको महाधिवेशनबाट महासचिब पदमा निर्वाचित हुनुभयो । २०४८ सालको आमनिर्वाचनमा काठमाडौँ क्षेत्र नं १ बाट तत्कालीन प्रधानमन्त्री र कांग्रेस पार्टीका सभापति कृष्णप्रसाद भट्टराईलाई पराजित गरेर निर्वाचित भएपछि उहाँको चर्चा अझै चुलिएको थियो । वि.सं. २०४८ सालमा विद्या पाण्डेसँग विवाह गरेका भण्डारीका दुई

छोरी छन् । तत्कालीन समयमा देशको सबैभन्दा आशालाग्दो नेता मानिनु भएका भण्डारीको वि.सं. २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा रहस्यमय सवारी दुर्घटनामा परी मृत्युभएको थियो । उक्त घटनालाई जनता अझै पनि दुर्घटनाको रूपमा स्वीकार गर्न तयार छैनन् ।

## कम्युनिष्ट आन्दोलन र नेपाल

उन्नाइसौं शताब्दीको पूर्वार्द्धमा विश्वमा पूँजीवाद चरम उत्कर्षमा थियो, त्यसैको गर्भबाट उसैको चिहान खन्ने शक्तिका रूपमा औद्योगिक मजदुरहरूले पुँजीवाद र प्रतिक्रियावादका विरुद्ध कडा सङ्घर्षको अभियान सञ्चालन गरे, त्यसैलाई कम्युनिष्ट आन्दोलन भनिन्छ । जसको नेतृत्व कार्लमार्क्स र फ्रेडिक एङ्गेल्सले गरेका थिए । सन् १८७१ को पहिलो मजदुर क्रान्ति पेरिस कम्युनपछि विश्वमा अर्को कम्युनिष्ट आन्दोलन सम्पन्न गर्न ४६ वर्ष पर्खिनुपऱ्यो ।

लेनिनको नेतृत्वमा रहेको रुसी कम्युनिष्ट पार्टीको नेतृत्वमा सम्पन्न भएको अक्टोबर क्रान्तिको सफलताले विश्वभर कम्युनिष्ट पार्टी स्थापनाको माहौल सृजना गऱ्यो । रूसी समाजवादी क्रान्तिको प्रभाव स्वरुप चीनमा सन् १९४९ मा माओत्सेतुङको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । चीन र रूसमा पाएको ठूलो सफलताले विश्वका राजनीतिमा यति ठूलो प्रभाव पाऱ्यो कि कोरिया, क्युबा, भियतनाम जस्ता देशहरूले पनि आफूलाई कम्युनिष्ट शक्तिका रूपमा उभ्याउन थाले । यसैको प्रतिक्रिया स्वरुप नेपालमा पनि पुष्पलालको नेतृत्वमा कम्युनिष्ट पार्टीको स्थापना भयो ।

समाजवादको उदयसँगै तीव्रताका साथ अघि बढिरहेको साम्राज्यवादले घुँडा टेक्दै थियो । कम्युनिष्ट पार्टिभित्र नेताहरूबीचको आन्तरिक सङ्घर्ष र कलहका कारण विस्तारै कम्युनिष्ट पार्टी र विश्व कम्युनिष्ट आन्दोलनमा नकारात्मक परिणामहरू देखिन थाले । यसैबीच रसियन कम्युनिष्ट पार्टीभित्र मार्क्सवादविरोधी सिद्धान्त अघि सारी विश्व कम्युनिष्ट आन्दोलनमा फुट पैदा गराउने काम भयो र पछि गएर समाजवादी सोभियत सङ्घ सामाजिक साम्राज्यवादी रूसको रूपमा परिणत भयो । सोभियत कम्युनिष्ट आन्दोलनमा धक्का लागेपछि बिस्तारै विश्वभरि

नै कम्युनिष्ट आन्दोलन कमजोर बन्दै गयो । चिनियाँ सर्वोच्च नेता माओको निधनपछि कम्युनिष्ट आन्दोलन केन्द्रविहीन र नेतृत्वविहीन बन्न पुग्यो, जसको नकारात्मक प्रभाव स्वरुप पुँजीवादले संसारमा फेरि हैकम चलाउन थाल्यो । सोभियत सङ्घको विघटनपछि अमेरिका सारा विश्वको एक्लो शक्तिकेन्द्रका रूपमा देखापऱ्यो । आफ्ना विरोधी देश र नेताहरूलाई बर्बाद पार्ने अमेरिकी योजना नै थियो । यसपछि भने आक्रामक रूपमा अघि बढिरहेको कम्युनिष्ट क्रान्ति एकाएक रक्षात्मक अवस्थामा देखापऱ्यो ।

विश्वभरका विज्ञबाट मार्क्सवाद केवल सैद्धान्तिक रूपमा मात्र ठिक भएको र दैनिक जीवनमा उपयुक्त नहुने कुरा आउनु र कम्युनिष्ट देशहरू अस्थिरतातर्फ जानुले कम्युनिष्ट आन्दोलन कमजोर हुँदै थियो । तर त्यसको ठिक विपरीत दक्षिण एसियाली देशमा कम्युनिष्ट पार्टीप्रति आकर्षण बढ्दै थियो । नेपालमा पनि वि.सं. २००६ सालमा पुष्पलालको नेतृत्वमा पाँच जनाबाट नेपाल कम्युनिष्ट पार्टीको विधिवत घोषणा भयो । ७० वर्षे लामो इतिहासमा अनेकौं पटक कम्युनिष्ट पार्टी फुट्ने र जुट्ने क्रम चलिरह्यो । स्थापनाका चार वर्षपछि पहिलो महाधिवेशनबाट मनमोहन अधिकारीलाई निर्वाचित गरेपछि नै पार्टीमा अन्तरसङ्घर्ष सुरु भयो । दोस्रो महाधिवेशनबाट महासचिव बनेका दरबारपरस्त केशरजङ्ग रायमाझीको कार्यकाललाई नेपाल कम्युनिष्ट पार्टीको सबैभन्दा कालो अवधि मान्न सकिन्छ । कम्युनिष्टमात्र होइन तत्कालीन नेपाली कांग्रेसमा पनि त्यतिबेला अन्तरसङ्घर्ष चरम उत्कर्षमा पुगेको थियो । त्यसैको फाइदा उठाउँदै राजा महेन्द्रले निरङ्कुश पञ्चायती व्यवस्थाको सुरुआत गरे । तत्कालीन महासचिव रायमाझीले राजाको उक्त कदमको स्वागत गरेपछि नेपाली कम्युनिष्ट आन्दोलनमा फुटको प्रक्रिया सुरु भयो । २०२३ सालसम्म आइपुग्द नेपाल कम्युनिष्ट पार्टी अवसानको संघारमा थियो । विसं. २०२४ सालमा पार्टीको तेस्रो महाधिवेशन भएतापनि यसले फुटको सिलसिलालाई रोक्न सकेन । समयको चक्रसँगै नेपालको कम्युनिष्ट आन्दोलन मुद्दाभन्दा पनि व्यक्तिवादी हुँदै थियो । पुष्पलाल, तुलसीलाल, मनमोहन, मोहनविक्रम सिंह आदिको नेतृत्वमा छुट्टाछुट्टै कम्युनिष्ट समूहहरू थिए ।

विक्रम सम्वत २०४६ को जनआन्दोलनपछि मनमोहन र मदन भण्डारीले नेतृत्व गरेका पार्टीबीच एकता सम्पन्न भई नेकपा (एमाले) बन्यो । त्यस पार्टीमा मनमोहन अधिकारीलाई अध्यक्ष र मदन भण्डारीलाई महासचिव पदमा चुनियो । त्यसपछिको महाधिवेशनले मदन भण्डारीले प्रस्तुत गरेको जनताको बहुदलीय जनवादलाई पार्टीको कार्यक्रमको रूपमा स्वीकार गऱ्यो । यसरी अनेकौं पटक फुट्दै र जुट्दै गरेका नेपाली कम्युनिष्टहरू फेरि एकत्रित भई लगभग दुइतिहाई बहुमतसहित अहिले सरकारको कार्यकारी भूमिकामा छन् ।

## नेपालको संविधान, मदन भण्डारी र जबज

'इन नेपाल कार्लमार्क्स लिभ्स' शीर्षकमा **न्युजविक** पत्रिकामा प्रकाशित मदन भण्डारीको तस्विरसहितको अन्तर्वार्ताले नेपालमा मात्र होइन विश्वराजनीतिमै तरङ्ग पैदा गऱ्यो । विश्वभर कम्युनिष्टहरू कमजोर बन्दै गएको परिप्रेक्ष्यमा नेपालमा भने दिनानुदिन कम्युनिष्ट पार्टीप्रति आकर्षण बढ्नाले अमेरिका, भारतलगायत तत्कालीन नेपालको राजदरबारको धेरै नै टाउको दुःखेको थियो । बीबीसीले गरेको एक सर्वेक्षणले नेपालमा कम्युनिष्ट क्रेज बढ्नुको मुख्य कारण जननेता मदन भण्डारी रहेको देखाएको थियो ।

राष्ट्र, राष्ट्रियता र जनताप्रतिको सेवामा सदैव अग्रभागमा रहेर काम गर्नुभएका भण्डारी २०४६ को पञ्चायतविरुद्धको जनआन्दोलनको प्रमुख नेतृत्वकर्ता हुनुहुन्थ्यो। उहाँकै संयोजनकारी भूमिकाको प्रभावस्वरूप नै २०४६ को जनआन्दोलनमा कांग्रेस र कम्युनिष्ट एकै ठाउँमा उभिएका थिए । उक्त आन्दोलनमा कांग्रेसको नेतृत्व गर्नुभएका लौहपुरुषका नामले परिचित गणेशमान सिंह र कम्युनिष्टको नेतृत्व गर्नुभएका मदन भण्डारीको कुशल नेतृत्वले गर्दा नै पञ्चायतविरुद्धको आन्दोलन सफल भएको थियो ।

पञ्चायतको अन्त्यपछि २०४७ सालबाट लागू गरिएको नेपालको संविधान २०४७ को आलोचनात्मक समर्थन गर्नुभएका उहाँले नेपालमा बहुदलीय व्यवस्था स्थापनाको लागि जगको रूपमा काम गर्नुभयो । भण्डारीले संविधानमा रहेका गलत धारा तथा अधिकारलाई हटाउनु पर्ने र केही आवश्यक प्रस्तावहरू थप्नुपर्ने

मागसहित संविधानप्रतिको २७ बुँदे सुझावमार्फत आफ्नो पार्टीको धारणा व्यक्त गर्नुभएको थियो, जसमध्ये अधिकांश धारणाहरू बल्ल पछि नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ मा अक्षराङ्श सम्मिलित छन् । यसबाट पनि उहाँको दूरदर्शिता र नेतृत्व क्षमताबारे स्पष्ट हुन्छ ।

राजतन्त्रको समयमा पनि संविधानमा राजालाई अनावश्यक रूपमा शक्ति सम्पन्न गर्न प्रयोग भएका गलत धारा तथा शब्दावलीप्रति उहाँले खुलेरै आलोचना गर्नुभयो । उहाँले संविधानमा नेपाली सेनालाई शाही सेना लेख्दा, नेपाल सरकारलाई श्री ५ को सरकार लेख्दा र राजदरबारलाई असीमित अधिकार प्रदान गर्दा भविष्यमा ठुलो सङ्कट निम्तिनसक्ने कुरो त्यतिवेलै उठाउनु भएको थियो । तर तत्कालीन समयको प्रमुख पार्टी नेपाली कांग्रेसले यसबारे खासै चासो देखाएन । २०५८ मा राजा ज्ञानेन्द्रले त्यसैको दुरुपयोग गरी बहुदलीय व्यवस्थालाई लत्याउने प्रयास गरे जसबिरुद्ध सङ्घर्ष गर्ने कयौँ नेपालीहरूले प्राणको आहुति दिनुपऱ्यो । २०४७ को संसदीय निर्वाचनपछि संसदमा उहाँले भनेजस्तै नेपाल गणतान्त्रिक, धर्मनिरपेक्ष, सार्वभौम राष्ट्रको रूपमा रहनुपर्छ भन्ने विचार बल्ल २०६३ मा आएर देशको अमूल्य सम्पत्ति बन्यो । उहाँले उक्त संसदको भाषणमा परिकल्पना गरेजस्तै शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा संविधानले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गर्ने छ, निर्वाचित व्यवस्थापिका सभाले सरकार निर्माण गर्नुपर्ने छ भन्ने जस्ता विषयहरूको हामीले बल्ल अभ्यास गर्दैछौँ ।

विश्वबजारबाट सोभियत मोडलको समाजवाद फेल भइसकेको अवस्था र नेपालमा गन्तव्यहीन बनिरहेको कम्युनिष्ट आन्दोलनलाई सामाजिक-आर्थिक परिवर्तनको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवाद मार्फत लोकतान्त्रीकरण गरेर उहाँले नेपालमा तत्कालीन समयमा सम्भावित रक्तपातपूर्ण क्रान्तिलाई वैचारिक युद्धमा ढाल्न सफल हुनुभयो । हाम्रा दुई छेउमा रहेका ठुला छिमेकी चीन र भारतसँग समान सम्बन्ध कायम राख्नुपर्छ भन्ने धारणा राख्ने भण्डारीले इतिहासमा भारतसँग भएका असमान र अपमानकारी सन्धिहरू पुनरावलोकन गर्नुपर्छ भन्ने माग सबैभन्दा पहिले संसदमा राख्नुभएको थियो । आज उक्त विचार आत्मसात गर्दै सारा नेपालीहरू असमान सन्धि विरुद्ध आवाज उठाइरहेका छन् भने सरकारको

तर्फबाट पनि भारतसँग प्रबुद्ध समूह गठन गरी सीमा समस्या समाधानको प्रयास भएको छ । नेपालको संसदीय व्यवस्थाको इतिहासमा प्रतिपक्षको भूमिकालाई रचनात्मक बनाउन भण्डारीको भूमिका अविस्मरणीय छ । तत्कालीन सभामुख दमननाथ ढुङ्गानाले भने जस्तै भण्डारी एक दूरदृष्टि भएको, संसदको परिधिभित्र रही आफ्नो कार्य गर्ने र आफ्नो बोलीको जिम्मेवारी लिन सक्ने कुशल सांसद हुनुहुन्थ्यो ।

एउटा कार्यक्रममा माओवादी नेता पुष्पकमल दाहालले व्यक्त गर्नुभएको भनाइलाई हेरौँ । उहाँले भन्नुएको थियो 'यदि मेरो भेट मदन भण्डारीसँग भएको भए देश १० वर्ष जनयुद्धमा जाने सम्भावना निकै कम हुन्थ्यो होला ।' यस भनाइबाट पनि मदन भण्डारीको विशिष्टता झल्कन्छ । लामो समय संसदीय व्यवस्थामा रहेर काम गर्न नपाए पनि मदन भण्डारीले नेपालको संसदीय व्यवस्था तथा संवैधानिक व्यवस्थालाई नयाँ बाटो देखाउनु भएको छ । नेपालको संवैधानिक विकासक्रम र समृद्धिमा जननेता मदन भण्डारी र उहाँले प्रतिपादन गरेको मौलिक सिद्धान्त जबजको भूमिका अविस्मरणिय छ ।

तिन दशकअघि मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादलाई तत्कालीन समयमा दक्षिणपन्थी विचारधारा भनेर आरोप नलगाइएको होइन तर मदन भण्डारी आफ्नो विचारमा स्पष्ट र अडिग हुनुहुन्थ्यो । पार्टीको स्थायी कमिटीबाट अस्वीकृत प्रस्तावलाई केन्द्रीय कमिटीमा लैजानु र पछि महाधिवेशनबाट अत्याधिक बहुमतले पारित गर्नुबाटै उहाँको आत्मविश्वास र नेतृत्व क्षमता स्पष्ट हुन्छ । अहिले आएर बहुदलीय व्यवस्थालाई नकार्दै सशस्त्र सङ्घर्षमा होमिएको नेकपा (माओवादी) पनि पुनः बहुदलीय व्यवस्थामा फर्किसकेको घटनाले नेपालमा बहुदलीय जनवादको महत्व अझै बढेको मान्न सकिन्छ । जनताले पनि आफ्नो मतमार्फत जनताको बहुदलीय जनवादलाई स्वीकारेको अवस्थामा नेतृत्वले जबजको मर्मअनुसार देशलाई अघि बढाउनु आजको आवश्यकता हो ।

## अबको हाम्रो बाटो

'जीवन सिद्धान्तका लागि नभई सिद्धान्त जीवनका लागि हुनुपर्छ' भन्ने भण्डारी हामीमाझ नभएपनि उहाँले देखाएको बाटो हामीसँग छ। संविधानको सर्वोच्चता, बहुदलीय खुल्ला समाज, समाजवाद, शक्ति पृथकीकरणको सिद्धान्त, मौलिक अधिकारको रक्षा, बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार, कानुनी प्रणालीको सुदृढीकरण आदिजस्ता विशेषता बोकेको जनताको बहुदलीय जनवाद नेपालको लागि अत्यावश्यक र सुहाउँदो सिद्धान्त हो । देशमा मण्डले राष्ट्रवादको भुमरी व्याप्त भएको अवस्थाबाट गुणात्मक वृद्धि गर्दै प्रगतिशील राष्ट्रवादतर्फ उन्मुख गराउन उहाँले खेल्नुभएको भूमिका अविस्मरणीय छ ।

हामीहरूले हाम्रा छिमेकीसँग पनि पारस्परिक सम्बन्ध राख्न जोड दिनुपर्छ। धेरैपटक फेरिसकेको नेपालको संविधान आफैँमा एक उत्कृष्ट प्रगतिशील दस्तावेज हो । हामीलाई थाहा छ - संविधान आफैँमा कहिल्यै पूर्ण हुँदैन । समयको मागअनुसार यसमा भएका केही नकारात्मक प्रावधान हटाउन पनि सकिन्छ र राम्रा प्रावधान राख्न पनि सकिन्छ । अझै पनि आन्तरिक द्वन्द्व र आन्दोलन नै चलिरहे हामी समृद्धि र उन्नतिको विश्वप्रतिस्पर्धाबाट धेरै टाढा पुग्नेछौँ । भण्डारीले देखाएको बहुदलीय जनवादको बाटो विश्व कम्युनिष्ट आन्दोलनकै नवीन र उत्कृष्ट विकल्प हो । नेपालमा यसको सफल अभ्यास भैसकेको परिपेक्ष्यमा सारा विश्वलाई नै हामी २१ एक्काइसौँ शताब्दीको मार्क्सवादको नवीन विकल्प दिन सक्छौँ ।

अहिलेको समयमा सशस्त्र सङ्घर्षको बलमा सत्ता कब्जा गर्ने भन्ने कुरा वैज्ञानिक र सामाजिक रूपमा पनि ठिक छैन । नेपालको कम्युनिष्ट आन्दोलनबाट सारा विश्वले यो नयाँ सिद्धान्त सिक्न जरुरी छ । मदन भण्डारीले भनेजस्तै ऐन, कानुन बन्नुमात्र ठुलो कुरो होइन, त्यसको प्रभावकारिता वा कार्यान्वयनको पाटो प्रमुख रहन्छ। नेपालमा पद्धतिको शासक हुने हो भने शासनसत्तामा जो आएपनि समृद्धिको बाटो कहिल्यै रोकिने छैन । गणतन्त्र आएपछि पनि जनप्रतिनिधि र उच्च नेतृत्व भ्रष्टाचार, नातावाद र कृपावादमा लिप्त हुँदा गणतन्त्रप्रति जनताको

विश्वास घट्दै गएको छ । देशमा सुशासन कायम हुनको लागि संविधान र संवैधानिक अङ्गहरू स्वतन्त्र हुन जरुरी छ ।

देशको कुनै भागमा संविधान दिवसको दिनमा संविधान जल्नु राम्रो सङ्केत होइन । संविधानको कुनै कुरासँग विमति रहेका समूहसँग वार्ता र संवादमार्फत सर्वमान्य बनाउनु आजको नेतृत्वको जिम्मेवारी हो । सबैले भनेजस्तै भण्डारी देशलाई सर्वाधिक आवश्यक नेता हुनुहुन्थ्यो । यदि उहाँ रहेको भए देश समृद्धि र सुशासनमा अर्कै बिन्दुमा हुन्थ्यो होला । तर यी सबै कल्पनामा मात्र सीमित रहे । अझैपनि उहाँले देखाएको समृद्धिको बाटो छँदैछ, त्यसैमा टेकेर वैज्ञानिक समाजवादतर्फ देशलाई उन्मुख गराउन सके जननेता मदन भण्डारीलाई सच्चा सम्मान हुनेछ ।

●

उत्कृष्ट ६

# नेपालको संविधान
र
# जननेता मदन भण्डारी

● रामप्रसाद पाण्डे

राज्यको सार्वभौमशक्तिको बाँडफाँड तथा शक्तिको संरचना र स्वरुपको बन्दोबस्त गरिएको देशको मूल दस्तावेजलाई संविधान भनिन्छ । यो संविधानवादको आधारमा हुनेगर्दछ । यसको विकास राज्यको विकाससँगै हुँदै आएको पाइन्छ । विश्वमा अहिले १ सय ९३ भन्दा बढी देशमा आफ्नो संविधान छ । ती सबैका आआफ्ना मौलिक विशेषताहरू रहेको पाइन्छ ।

संविधानद्वारा शासन गर्दैमा त्यसलाई संविधानवाद भन्न मिल्दैन । तानाशाही वा सैनिक शासनमा शासकको स्वेच्छाले ऐन-नियम तथा संविधान तर्जुमा गरी जनतामाथि लागू गरिएका प्रशस्त दृष्टान्त छन् । यथार्थमा यो संविधानवाद होइन । संविधानवादको लागि मूलभूत दुई कुराको आवश्यकता पर्दछ । यसले शासकको कार्यपद्धतिलाई नियन्त्रित गरी सीमित शासन गराउँछ । जनताका अधिकारको संरक्षण गर्दछ । त्यसैले सी.एफ.स्ट्रोङ्ले ‘सरकारको स्वेच्छाचारी कार्यलाई सीमित

गराउँछ, जनताको अधिकारको प्रत्याभूति गर्छ र सार्वभौमशक्तिको कार्यान्वयनको व्याख्या गर्दछ' भनी संविधानको परिभाषामा बताएका छन् ।

चाहे लिखित वा अलिखित जे होस, संविधानका बारेमा विभिन्न विद्वान्ले परिभाषा दिँदैं यसका केही पक्षहरूलाई स्पष्ट दिशानिर्देश गरेको हुनुपर्दछ भन्ने मान्यता राख्दछन् :

क. राज्य शासनको स्वरूप र सङ्गठन,
ख. शासनका विभिन्न अङ्ग व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको शक्ति र कार्य,
ग. शासनका विभिन्न अङ्गहरूबीचको सम्बन्ध,
घ. नागरिक अधिकार र कर्तव्य
ङ. शासन र नागरिकहरूको आपसी सम्बन्ध, तथा
च. संविधान संशोधनको कम-बेसी मात्रामा निश्चित गर्नुपर्ने ।

वर्तमान विश्व दुई विपरीत खेमामा विभाजित छ । यसमा पश्चिमी उदारवादी गणतन्त्र र साम्यवादी समूह पर्न आउँछन् । यसबाहेक यी दुवै विचारधाराबाट अलग रहेका नवस्वाधीन राष्ट्रहरूमा दुवैतर्फका मिश्रित राजनीतिक प्रणाली अपनाइएकाले पनि मुख्यतः तिन अवधारणा देखिएका छन् । यी अवधारणाहरूमा निम्न खालका संविधान निर्माण भएको पाइन्छ:

क. उदारवादी लोकतान्त्रिक संविधान
ख. साम्यवादी संविधान
ग. मिश्रित संविधान

संविधान देशको मूल कानुन हो । नेपाल सरकार वैधानिक कानुन (२००४), नेपालको अन्तरिम शासन विधान (२००७), नेपाल अधिराज्यको संविधान (२०१५), नेपालको संविधान (२०१९), नेपाल अधिराज्यको संविधान (२०४७), नेपालको अन्तरिम संविधान (२०६३) र गणतन्त्र नेपालको पहिलो संविधान (२०७२) नेपालमा हालसम्म लागू भएका संविधान हुन् । नेपालमा जननेता मदन

भण्डारीको जीवनकालपूर्व चारवटा संविधान जारी भए । उनको जीवनकालमा प्रत्यक्ष सहभागितामा नेपाल अधिराज्यको संविधान (२०४७) जारी भयो भने उनको जीवनकालपछि २ वटा संविधान जारी भइसकेका छन् ।

पिता देवीप्रसाद भण्डारी र आमा चन्द्रकलाका चारभाइ छोरामध्ये माहिला छोराका रूपमा ताप्लेजुङ जिल्लाको ढुङ्गेसाँघुमा वि.सं. २००९ साल असार १४ गतेका दिन मदन भण्डारीको जन्म भएको थियो । सातौँ बसन्त टेकिसकेपछि गाउँकै पाठशालामा वि.सं. २०१५ सालमा शिक्षारम्भ गर्नुभएका भण्डारी सानैदेखि तीक्ष्ण बुद्धिको हुनुहुन्थ्यो । तर ४१ वर्ष नपुग्दै २०५० जेठ ३ गते चितवन जिल्लाको दासढुङ्गामा भएको जीप दुर्घटनामा परी उहाँको जीवन भौतिक रूपमा समाप्त भएको थियो । मदन भण्डारीको आकस्मिक अवसानबाट खासगरी त्यो पुस्तालाई जो २००७ साल र २०१७ सालबीचको प्रजातन्त्रमा जन्म्यो तर प्रजातन्त्रको गन्धै सुँध्न नपाई पञ्चायतको ग्याँस च्याम्बरमा थुनिनु पर्‍यो, त्यो पुस्ताले ठुलो घाटा बेहोर्नु पर्‍यो ।

माओवादी द्वन्द्व, संयुक्त जनआन्दोलन, मधेश आन्दोलन तथा अन्य आन्दोलनबाट संविधानसभाको निर्वाचन भई दोस्रो संविधानसभाबाट नेपालको संविधान २०७२ असोज ३ गते जारी भयो । यो संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेका छन् । यो संविधान पहिलोचोटि जनताले आफ्ना प्रतिनिधिमार्फत आफैँले जारी गरेको संविधान हो । यो संविधानका आफ्नै मौलिकता छन् । संविधान जारी गर्दा अनेक किसिमका समस्यासमेत रहेका थिए ।

नेपालमा संविधानसभाबाट संविधान लेख्ने औपचारिक सुरुआत २०६२ सालमा ७ दल र माओवादीबीचको १२ बुँदे सहमतिको जगबाट भएको हो । यसमा आधारित भएर जनआन्दोलन सफल भएपछि २०६३ असोजको अन्तिम साता निर्वाचन आयोगको गठन भयो । यसपछि यसको औपचारिक प्रक्रिया सुरु भएको पाइन्छ । यसपछि २०६३ मङ्सिर ५ गते भएको बृहत् शान्तिसम्झौता र माघ १ गते जारी गरिएको अन्तरिम संविधानले गर्दा यो प्रक्रियाले तीव्रता पाएको हो । २०६४ चैत्र २८ गते पहिलो निर्वाचन, त्यसबाट बनेको संविधानसभाबाट

जारी गर्न नसकेपछि २०६९ चैत्र १ गते प्रधानन्यायधिश खिलराज रेग्मीको अध्यक्षतामा बनेको सरकारले संविधानसभाको निर्वाचन गरायो । यद्यपि वैद्य माओवादीलगायतका समूहले निर्वाचन बिथोल्ने प्रयास गरे । आतङ्कपूर्ण स्थितिमा सम्पन्न भएको निर्वाचनबाट बनेको दोस्रो संविधानसभाले २०७२ साल असोज ३ गते नयाँ संविधान जारी गऱ्यो ।

संविधानसभाबाट २०७२/०६/०३ गते संविधान जारी भएपछि ६५ वर्ष अघिदेखिको संविधानसभाबाट संविधान जारी गर्ने नेपाली जनताको उद्देश्य पूरा भएको थियो । त्यसैले भोलिपल्ट टुँडिखेलमा आयोजित विशालसभामा नेपालका तत्कालीन तिनवटै दलका नेताले जनताको जीत भएको बताए । यो घटनाले सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको, जननिर्वाचित संविधानसभाले पहिलो संविधान बनाएको, सातप्रदेश तथा सङ्घीय संरचना पहिलोपटक संस्थागत गरिएको, केन्द्रीकृत सामन्ती शासनको अन्त्य भएको, तिन तह - केन्द्र, प्रदेश र स्थानीय तहमा सरकारको व्यवस्था भएको, संवैधानिक राष्ट्रपति र कार्यकारी प्रमुख प्रधानमन्त्री रहनुका साथै राष्ट्रपति र प्रधानमन्त्रीमा शक्ति बाँडफाँड गरेको, स्रोत र साधनको स्वामित्व बाँडफाँड गरिएको, सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित गरिएको भनी यसलाई ऐतिहासिक विजयका रूपमा लिइएको थियो र विश्वले नै यसलाई स्वागत गर्नुपर्छ भनी दावा गरिएको थियो ।

त्यसो भए यसरी जारी गरिएको नेपालको संविधानमा मदन भण्डारीको भूमिका कहाँ र कसरी रह्यो ? इतिहासको कालखण्डमा भएको घटना, यसको प्रकृति र यसका असरहरूले कसरी काम गरे भन्नका लागि पहिले हामीले मदन भण्डारीका जीवनका पाटा, दृष्टिकोण, सृजनात्मकता, मौलिकता, चिन्तन, सोचजस्ता राजनीतिक आयामहरूको अनुशीलन गरी हेर्नुपर्छ । त्यसैले यहाँ ती दृष्टिकोणहरूलाई क्रमशः प्रस्तुत गरिन्छ ।

## भण्डारीको वाक कलामा जनताको आवाज

वि.सं. २०२४ सालमा ताप्लेजुङबाट मोरङमा बसाइ सरेपछि उच्च अध्ययनका लागि भारत जानुभएका भण्डारीले बनारस हिन्दु विश्वविद्यालयबाट भाषा-

साहित्यमा स्नातकोत्तर गर्नुभएको थियो । भाषाको गहन अध्ययनले पनि होला, उहाँको ओजस्वी भाषाभित्र जनताको स्पन्दन बोल्थ्यो । वि.स २०४७ सालको संविधान जारी गरेपछि उहाँले जुम्लेली जनतालाई सम्बोधन गर्दै प्रजातन्त्रको परिभाषा यसरी दिनुभयो 'प्रजातन्त्र भनेको केवल खोक्रा पेटहरू लिएर जिन्दावाद, मुर्दावाद भन्ने विषयमात्र होइन । नेताले मञ्चमा भाषण गर्नेमात्र कुरा होइन । प्रजातन्त्र भनेको खोक्रा पेटहरूलाई भर्ने कुरा हो । प्रजातन्त्र भनेको नाङ्गा आङलाई ढाक्ने कुरा पनि हो । प्रजातन्त्र भनेको आफूमाथिको शोषण, उत्पीडन र हजारौँ वर्षदेखि जनतामाथि थिचोमिचो गर्दै आएका जनताका वैरीलाई निमिट्यान्न पार्नु पनि हो ।' हाम्रो वर्तमान संविधानले जनताको जनजीविकाको ग्यारेन्टी गर्ने उल्लेख गरेको छ । यो मदन भण्डारीले आज भन्दा २५ वर्ष पहिले गरेको परिकल्पना थियो ।

एकपटक जनभेलालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो 'राजा संवैधानिक भएर बसुन । राजनीतिमा सक्रिय नहोऊन् । राजनीतिमा सक्रिय हुने हो भने उनले श्रीपेच फुकालेर चुनाव लड्न आउनु पर्छ । म उनीसँग चुनाव लड्न तयार छु ।' दरबार हत्याकाण्डपछि राजा ज्ञानेन्द्रले राजनीतिमा सक्रिय हुँदाको परिणाम आज उनी पूर्वराजा भएर नागरिक सरह बसेका छन् । यी सबै तथ्यले भण्डारीका वाणीलाई पुष्टि गर्छन् । अहिलेको संविधान सङ्घीय गणतान्त्रिक छ र राजाविहीन, आखिर भण्डारीकै परिकल्पना ।

मञ्चमा एक डेढघण्टासम्म धाराप्रवाह बोल्ने, ६-७ घण्टासम्म पार्टीका कार्यक्रम तथा प्रशिक्षणमा सटीक र स्पष्ट रूपमा दृष्टिकोण राख्ने, ती विचारहरू जनतामाझ प्रस्तुत गर्दा जनताले स्वतन्त्रता प्राप्तिका लागि लड्न सक्ने बनाउन भण्डारीको देन रह्यो । उहाँको प्राञ्जल भाषा प्रस्तुतिले जनआन्दोलनकालीन नेपालका सबैभन्दा बढी श्रोताहरू भेला गर्थ्यो र दरबार तथा सामन्तवादी, प्रतिक्रियावादी र प्रजातन्त्रविरोधी शक्तिको किल्लामा धावा बोल्थ्यो ।

## साहित्य सृजनामा जनताको पक्षपाती

भण्डारी एक सृजनशील प्रतिभा हुनहुन्थ्यो । उहाँ अविरल बग्ने इन्द्रावती हुनुहुन्थ्यो । पार्टीमा भूमिगत रही काम गर्नु परेकाले उहाँले पार्टीभित्र विभिन्न उपनामले आफ्नो परिचय बनाउनु भएको थियो । भीष्म, सागर, राजमोती, श्वेत शार्दूल, संग्रामसिंह, लोकेश, बारबरीक आदि । उहाँले अनेकन् गीत, कविताहरू लेख्नुभएको थियो । जस्तै - '**भर्तीवाले दाइलाई चिठी**, ...**हली दाइ** आदि । वि.स २०२९ सालतिर नेपाली छात्र परिषद् वाराणासीले एउटा समस्यापूर्ति राखेर कविगोष्ठीको आयोजना गरेको थियो । समस्यापूर्तिको विषय 'लौ उत्र सङ्घर्षमा' र 'मित्र पो चिन्नुपर्छ' भन्ने विषयमा उहाँले समस्यापूर्ति कविता लेख्नुभयो । गोष्ठीमा वाचिएका बिसौं कवितामध्ये उहाँको कविता उत्कृष्ट ठहरियो । ' लाहुरेलाई चिठी' उहाँले रचना गरेको अर्को कविता थियो । विद्यालयमा भएको वादविवाद प्रतियोगितामा उहाँले 'ईश्वरस्य अस्तित्व अस्ति' (पक्ष) वा नास्ति (विपक्ष) मध्ये 'ईश्वरस्य अस्तित्व नास्ति' भन्ने विषयमा प्राञ्जल संस्कृत भाषामा वाणभट्टीय शैलीमा बोल्नुभयो । उहाँका थुप्रै लेख रचना, राजनीतिक दस्तावेजहरू प्रकाशित छन् । उहाँले मार्क्सवादको नयाँ प्रयोग गर्नुभयो । उहाँभित्र जनताका पीडा, मर्म, वेदना थिए, किसान र मजदुरका उच्छ्वासहरू थिए । उहाँमा सानैदेखि भौतिकवादी सोच विकसित थियो । आफ्नो सृजना र वाणीभित्र त्यसलाई पस्कने जमर्को गर्नुहुन्थ्यो ताकि ती रचनाहरू जनताका पक्षपाती होऊन् ।

## राष्ट्रियताको सवालमा भण्डारीको दृष्टिकोण

'म अलि सानै उमेरदेखि भारतमा पढ्न बसेँ । टोपी लगाएका नेपालीहरूलाई धेरैजसो भारतीयहरूले हेपेको पाएँ । त्यसैले त्यसको प्रतिवाद गर्न मैले सधैँ टोपी लगाउन थालेँ । म यो टोपीको, नेपालीपनको गौरव अभिवृद्धि गर्न चाहन्छु ।' विषय सानोजस्तो लाग्छ तर भण्डारीको यस भनाइलाई म देवकोटाको 'के नेपाल सानो छ ?' भन्ने निबन्धसँग तुलनीय ठान्छु । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालामा गरिएको टनकपुर सन्धिको मामिलालाई संसदमा उठाएर निर्वाचित एकमना सरकारलाई बलियो धक्का दिनुभयो । टनकपुरको बारेमा एकजना भारतीय कम्युनिष्ट नेताले दिएको सल्लाहलाई पार्टीको आन्तरिक

सवालमा गरिएको ठाडो हस्तक्षेपको रूपमा उहाँले टिप्पणी गर्नुभयो । २०३७ सालको जनमतसङ्ग्रहको बेला शुरुमा पार्टीले उक्त जनमतसङ्ग्रहलाई बहिष्कार गर्ने नीति अवलम्बन गऱ्यो । त्यसताका जनमत सङ्ग्रहलाई बहिष्कार गर्नहुन्न, यसलाई जनताको पक्षमा उपयोग गर्नुपर्छ भन्ने धारणा ल्याउने मध्येमा अगुवा मदन भण्डारी हुनुहुन्थ्यो । त्यही जनमतसङ्ग्रहमा बहुदल कि निर्दल भन्ने विषयमा आखिर बहुदल पक्षको हार भएता पनि जनतामा बहुदलप्रतिको दृष्टिकोण बनाउने अवसर मिल्यो ।

## मानव अधिकारको लागि जननेताको लडाइँ

१११९० को डिसेम्वरमा दिल्लीमा भएको मानव अधिकार कांग्रेसको सिलसिलामा 'दक्षिण एसियाली मानव अधिकार मञ्च' को स्थापनाका लागि भएको प्रारम्भिक कामबारे बताउँदै उहाँले भन्नुभएको थियो- 'हामीले यस्तो सङ्गठन निर्माण गर्नुपर्छ र त्यसको कार्यालय नेपालमा रहनुपर्दछ । नेपालका मानवअधिकारवादी कार्यकर्ताले सक्रियतापूर्वक लाग्दै एसियाली मानवअधिकारको आन्दोलनमा नेपाली जनताको योगदानलाई स्थापित गराउनुपर्दछ । चीनको तियनम्यान चोकमा घटेको घटनामा मानवअधिकार संरक्षण मञ्चको कार्यक्रममा सम्बोधन गर्दै उहाँले भन्नुभयो 'मानव अधिकारको सङ्घर्षमा लाग्ने तपाईंहरूको लडाइँ लड्ने तौरतरिका र हाम्रो राजनीतिक लडाइँ लड्ने तौरतरिकामा कहिलेकाहीँ भिन्नता आउनसक्छ तर एउटा कुरामा सचेत हुनैपर्छ । तपाईंहरूको दृष्टिकोणमा यदि तियानम्यान चोकमा ज्यादती भएको छ भने निर्धक्क भन्नुहोस् र त्यसको विरोध गर्नुहोस् ।' यसरी विभिन्न घटनामा पार्टीले बनाउने दृष्टिकोण, अन्य सङ्गठनको स्वतन्त्रतामा उहाँको चिन्तन कति समसामयिक छ भन्ने कुरा स्पष्ट छ ।

## वम एकता, कार्यगत एकताप्रति भण्डारीको ऐक्यबद्धता

वि.स २०४६ सालको जनआन्दोलनका लागि भण्डारीको पहल अत्यन्त महत्वको रह्यो । चौथो राष्ट्रिय महाधिवेशनमा वाम समूहमा रहेका थुप्रै मतभेदको अन्त्य गरी कम्युनिष्ट समूहका बीचमा एकता हुनुपर्छ, मोर्चा बन्नुपर्छ भन्ने पक्षमा लागेर महाधिवेशनको लगत्तैपछि वाममोर्चा निर्माणका लागि तत्कालीन नेकपा

(माले) को तर्फबाट अन्य विभिन्न वामसमूहसित द्विपक्षीय वार्ताका अनेक क्रम चलाई अन्त्यमा 'संयुक्त वाममोर्चा' गठन गर्नुभयो ।

लामो समयदेखिको कम्युनिष्ट आन्दोलनभित्रको जडतालाई तोड्दै मदनले भन्नुभयो 'वर्गीय हिसाबले नेपाली कांग्रेस हाम्रो शत्रु पङ्क्तिमा पर्छ तर निरङ्कुशताविरोधी राजनीतिक लडाइँमा उसलाई मित्र बनाउनुपर्छ, ऊसित कार्यगत एकता गर्नुपर्छ र त्यसका लागि पहलकदमी लिनुपर्छ । चौथो महाधिवेशनले यो मान्यतालाई अनुमोदन गऱ्यो । नवनिर्वाचित महासचिवको हैसियतले यो कार्य पूरा गर्नुभयो र २०४६ सालको जनआन्दोलन सफल बन्यो ।

त्यस्तै राजनीतिमा कोही पनि स्थायी शत्रु हुँदैन भन्ने मान्यता राख्ने मदन भण्डारीको विचारअनुरुप नै सशस्त्र राजनीतिका निम्ति भूमिगत रहेका माओवादी, गणतन्त्र नचाहने कांग्रेस र जबज अख्तियार गरेको नेकपा (एमाले) बीच सहमति भई वि.सं. २०६२/०६३ सालको दोस्रो जनआन्दोलन भयो र सफल पनि भयो । यसको रसायन थियो मदन भण्डारीको चिन्तन ।

## अन्तर्राष्ट्रिय व्यक्तित्व, विश्व कम्युनिष्ट बिचारधारामा योगदान

कम्युनिष्ट पार्टी 'सैनिक सङ्गठन वा राजकीय सङ्गठन होइन, राजनीतिक सङ्गठन हुनुपर्दछ ।' भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) को आयोजनामा भारतको कलकत्तामा एउटा अन्तर्राष्ट्रिय सेमिनार सम्पन्न भएको थियो । उक्त सेमिनारमा मदन भण्डारीले अहिलेको विश्व परिस्थतिको मूल्याङ्कन गर्दै जनताको बहुदलीय जनवाद कार्यक्रममाथि आधारित भएर एउटा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस कार्यपत्रमा प्रस्तुत विचारले त्यहाँ प्रतिनिधित्व गरिरहेका २१ वटै कम्युनिष्ट पार्टीका प्रतिनिधिहरूलाई सकारात्मक रूपमा प्रभावित पाऱ्यो । त्यस सेमिनारले मदन भण्डारीलाई अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा उठाएको थियो । त्यस्तै भाकपा (माले) को अधिवेशन कलकत्तामा सम्पन्न हुँदा लाखौं भारतीय जनताका बीच आफ्ना विचारहरू प्रस्तुत गर्नुभयो । त्यहींबाट उहाँ विश्व कम्युनिष्ट आन्दोलनको फोर्थ माइण्ड (चौथो मस्तिष्क) भएको उद्गार गुञ्जियो । भारतको कलकत्तामा भएको 'मार्क्सवादको उपादेयता' विषयक गोष्ठीमा समेत

उहाँ अत्याधिक प्रशंसित हुनुभएको कुराले हरेक नेपालीलाई गौरवान्वित तुल्याएको छ । दुवै गोलार्द्धका ठुलाठुला कम्युनिष्ट नेताहरूका सामु उहाँको सृजनात्मक धारणाको राम्रो कदर भएको थियो ।

एउटै व्यक्तिमा सिद्धान्तविद् र जननेताको गुण विरलै पाइन्छ तर भण्डारीमा कुशल सिद्धान्तविद् र जननेता दुवै थरी व्यक्तित्वको गुण रहेको थियो । बहुदलीय जनवादको अवधारणामार्फत भण्डारीले पूर्वी युरोपको प्रलयपश्चात देखापरेको शून्यतालाई तोड्ने प्रयत्न गर्नुभएको थियो । यसरी विश्व तथा नेपाली कम्युनिष्ट आन्दोलनलाई संसदीय मार्गबाट नयाँ दिशा र गति प्रदान गर्ने यस युगकै महत्वपूर्ण व्यक्तित्वका रूपमा भण्डारी हुनुहुन्थ्यो ।

## जननेता भण्डारी र जबज

सन् १९७० को दशकमा विश्व कम्युनिष्ट आन्दोलन एक वा अर्को रूपमा फैलिँदै गयो । १९८० को दशकपछि कम्युनिष्ट आन्दोलनमाथिको साम्राज्यवादी षडयन्त्र र हस्तक्षेप तथा आफैँभित्रका कमीकमजोरीका कारण त्यसले एकपछि अर्को धक्का खानुपऱ्यो । कम्युनिष्ट आन्दोलनले आफ्नो रक्षात्मक स्थितिलाई बुझेर मार्क्सवादको सृजनात्मक विकास र प्रयोग गर्दै जानुपर्ने स्थिति खडा भयो । तर यो स्थितिलाई विश्वका कम्युनिष्ट पार्टीहरूले बुझेनन् ।

धेरैजसो साम्यवादी देशहरूमा संविधानले सर्वोच्चता, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा जस्ता महत्वपूर्ण कुराहरूलाई आत्मसात गरेको पाइँदैन । त्यसैले गर्दा क्रान्तिकालमा जनताका बीच अत्यन्तै लोकप्रिय व्यक्तिहरू पनि सत्तामा पुगेपछि अलोकप्रिय हुनपुगेका थिए । क्रान्तिपश्चात संविधानभन्दा पार्टीलाई माथि राख्ने, आवधिक आमनिर्वाचन नहुने हुँदा एकै व्यक्ति आजन्म राष्ट्राध्यक्ष बन्ने स्थिति बन्यो । यसले कानुनको शासन रहेन । तसर्थ २०४६ सालको जनआन्दोलनपश्चात राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवलाई समेटेर नेपाली क्रान्तिको कार्यक्रम पार्टीको पाँचौ महाधिवेशनबाट 'जनताको बहुदलीय जनवाद' संस्थागत गर्नुभयो ।

जनताको बहुदलीय जनवादभित्र केही नयाँ विशेषताहरू थपिए, जुन यसपूर्वको साम्यवादी दस्तावेजहरूमा थिएनन् । ती मध्ये प्रमुख विशेषताहरू निम्न छन् :

क. कुनै पार्टी, वर्ग, व्यक्ति वा संस्था होइन, संविधानको सर्वोच्चता रहने,
ख. वाक्, प्रेस, सञ्चार र सङ्गठनको स्वतन्त्रता हुने र बहुलवादी खुल्ला समाजको स्थापना हुने,
ग. एउटै संस्था कार्यकारी, विधायकी र न्यायिक नभई शक्ति पृथकीकरणको सिद्धान्तअनुरुप हुने,
घ. मान्छे मान्छेलाई गर्ने सम्पूर्ण शोषण,उत्पीडनको विरुद्ध मानवअधिकारको रक्षा गर्ने,
ङ. बहुदलीयताको आधारमा सामन्तवाद, साम्राज्यवादविरोधी पार्टीहरूबीच संविधानसम्मत ढङ्गले बहुदलीय प्रतिस्पर्धा हुने ।
च. राजनीतिमा जनताको पहल र भूमिकालाई निर्णायक बनाउन आवाधिक आमनिर्वाचन प्रणाली बहाली हुने,
छ. आम निर्वाचनमा बहुमत प्राप्त पार्टीको सरकार र अल्पमतको विपक्ष हुने,
ज. सरकार वा शक्ति हातमा भएका कुनै पनि निकाय वा व्यक्तिले स्वेच्छाचारी ढङ्गले नभई कानुनको शासन हुने,
झ. समाजवादमा सङ्क्रमणका लागि भौतिक परिस्थितिको निर्माण गर्दा जनवादी व्यवस्थालाई सुदृढ गर्ने, आदि ।

यिनै महत्वपूर्ण परम्परागत तथा नयाँ विशेषताहरूलाई समायोजित गरेर पार्टीले मदन भण्डारीको नेतृत्वमा आफ्नो कार्यक्रमलाई 'जनताको बहुदलीय जनवाद' को रूपमा प्रस्तुत गरेको छ । यी महत्वपूर्ण विशेषताहरूलाई ध्यान दिँदा यो कार्यक्रम अहिलेसम्म विश्व कम्युनिष्ट आन्दोलनमा प्रस्तावित गरेका विभिन्न कार्यक्रमभन्दा भिन्न छ ।

मदन भण्डारीले परिकल्पना गर्नुभएको जनताको बहुदलीय जनवादमा सामन्तवाद-साम्राज्यवादविरोधी नयाँ जनवादी क्रान्ति र क्रान्तिको फल रक्षा गर्न

चाहने पार्टीहरू बीच बहुदलीय प्रतिस्पर्धाको प्रणाली, यी दुई महत्वपूर्ण कुरालाई संयोजित गरिएको छ ।

भण्डारीले प्रतिपादन गर्नुभएको जबजभित्र केही विशेषपक्ष र विगतका मान्यताभन्दा धेरै फरक आर्थिक कार्यक्रम पनि समावेश गरिएका छन् । ती यस प्रकार छन् :

क. कृषि क्षेत्र मुख्यरूपमा निजी क्षेत्रमै कायम राख्ने,
ख. क्रान्तिका विरोधी ठुला जमिनदार र सामन्तबाहेक अरूलाई नयाँ कायम गरिने हदबन्दीभन्दा बढी जग्गाको क्षतिपूर्ति दिने,
ग. रक्षा तथा जनताका आवश्यक वस्तु र सेवाको आपूर्ति तथा विकास निर्माणका सामाग्रीसँग सम्बन्धित उद्योगबाहेक अन्य उद्योग निजी क्षेत्रलाई दिने,
घ. विदेशी लगानी नभित्र्याएसम्म देशको सीमित पुँजीले विकास निर्माणमा सहयोग नपुग्ने ।

यी माथिका तथ्यहरूले के बोल्दछन् भने २०४७ सालको संविधान निर्माणमा मदन भण्डारीको प्रत्यक्ष भूमिका थियो भने त्यसपछिको अन्तरिम शासन विधान २०६३ र हालको संविधानको भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत धारा १६-४८ सम्मका हकअधिकारको बारेमा, राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका छुट्टै अस्तित्व र शक्ति पृथकीकरणको सिद्धान्तका बारेमा भण्डारीले जनताको बहुदलीय जनवाद कार्यक्रमभित्र समेटी प्रस्तुत गर्नुभएको थियो । वाम एकता, संविधानको सर्वोच्चता, परिष्कृत विश्व कम्युनिष्ट विचारधाराजस्ता कुराहरूलाई स्पष्ट पार्दै जनसङ्घर्ष सञ्चालन नगरी सशस्त्र सङ्घर्ष सञ्चालन गर्न सकिन्न भन्ने विचारधारा पनि सान्दर्भिक छ । राजाविनाको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको परिकल्पना गरेरै त राजालाई राजनीति नगर्न, गर्ने भए श्रीपेच फुकालेर मैदानमा उत्रेर अनुमोदित हुन र पैठीजोरी खेल्न आफू तयार भएको घोषणा गर्नुभएको थियो ।

सशस्त्र युद्धमार्फत परिवर्तन चाहेका माओवादीहरूले आखिर जनसङ्घर्षको साथ लिनुपर्‍यो । उनीहरू पनि बहुदलीय प्रजातन्त्रलाई स्वीकार गरी संविधानसभाद्वारा

संविधान लेख्न तयार भए । यो जननायक भण्डारीको योगदानको प्रतिफल हो । भण्डारीकै विचारमा रहेर अहिलेको संविधान निर्माण भएको छ । त्यसैले नेपालको वर्तमान संविधानको पूर्वपीठिका हुन् महान् जनवादी नेता मदन भण्डारी ।

स्व. कवि नेत्रलाल पौडेलका शब्द सापटीसँगै,
आँधी र हुरी नचलेको बेलामा
वातावरण स्तब्ध र शान्त भएको घडीमा,
एउटा नरकट पनि
छाती खोलेर ठिङ्ग उभिनसक्छ
बहादुरीका लामालामा कुरा गर्नसक्छ
तर मेरा मित्र,
आँधी र हुरी चलिरहेको बेलामा,
वातावरण गतिशील र अशान्त भएको घडीमा,
पहाडको चुचुरोमाथि
आँधी र हुरीसँगै पौँठेजोरी खेल्दै
एउटा सतिसालमात्र ठिङ्ग उभिनसक्छ ।

त्यस्तै सतिसाल हुन् मदन भण्डारी, जो सय वर्ष सालजस्तै वनस्पति भएर बाँच्ने, जमिनमा हावापानी घाम खाएर पनि सय वर्ष नबिग्रने अनि निर्माण सामाग्री चौखट, त्रिकस खापा बनेर पनि सय साल बाँच्ने ।

●

उत्कृष्ट ७

# नेपालको संविधान
र
# जननेता मदन भण्डारी

● अश्विना न्यौपाने

नेपालको विद्यमान संविधान २०७२ नेपालको तत्कालीन संविधानसभाले बनाएको संविधान हो । यो संविधान जनताका प्रतिनिधिले पारित गरेको पहिलो र नेपालको सातौँ संविधानको रूपमा सम्मानित छ । संविधानसभाको दोस्रो निर्वाचनबाट निर्वाचित संविधानसभाले यो संविधान दुई तिहाइभन्दा बढी मतले पारित गरेको हो । साथै नेपालकै इतिहासमा जनतामाझ गएर मस्यौदा तयार गरिएको यो पहिलो र विश्वको सबैभन्दा कान्छो संविधानका रूपमा रहेको छ । तराईका केही जिल्लाहरूमा यसका विरुद्ध आवाज उठाइएता पनि यो संविधान ९० प्रतिशतभन्दा बढीको बहुमतमा तत्कालीन राष्ट्रपति रामवरण यादवबाट घोषणा गरिएको हो । यो संविधान २०७२ साल असोज १ गते संविधानसभाका बहुमत सदस्यहरूबाट हस्ताक्षर भएपछि सभाध्यक्षबाट प्रमाणित गरिएको थियो । नेपालको संविधान २०७२ असोज ३ गते नेपालका तत्कालीन राष्ट्रपतिले हस्ताक्षर गर्दै जारीभएको घोषणा गरी लागू गरिएको हो । यस संविधानमा ३५ भाग, ३०८ धारा र नौवटा

अनुसूचीहरू रहेका छन् । यो संविधान निर्माणमा जननेता मदन भण्डारीका महान् विचारहरूको महत्वपूर्ण योगदान रहेको देखिन्छ ।

बौद्धिक विचारका धनी, स्वप्नद्रष्टा र दूरदर्शी जननेता मदन भण्डारीले छोटो समयमै पार्टीको नेतृत्वदायी पदमा निर्वाचित भई आमजनताले समेत अनुभूति गर्ने गरी आफूलाई प्रस्तुत गरे, निडर तथा कुशल नेतृत्वकर्ताका रूपमा आम नेपाली जनताको मानसपटलमा छाप छोड्न सफल भए । सन् १९८९ मा विश्व कम्युनिष्ट आन्दोलनमा देखिएको विघटनलाई समेत ध्यानमा राखेर सम्पन्न नेकपा (माले) को चौथो महाधिवेशनबाट दलीय प्रतिस्पर्धामा जानुपर्ने बहस सुरु भयो । राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैन भन्ने कुरालाई व्यवहारमा स्थापित गर्दै मदन भण्डारीको नेतृत्वमा, पञ्चायतइतर राजनीतिक शक्तिबीचमा रहेको शत्रुतापूर्ण सम्बन्धको अन्त्य गर्दै पञ्चायती निरङ्कुशताको अन्त्यको लागि सात वामपन्थी दलबीच वाममोर्चा गठन गर्दै नेपाली कांग्रेससँग समेत संयुक्त आन्दोलन अगाडि बढाउने प्रस्ताव गरियो । जननेता मदन भण्डारीले आजको नेपाल निर्माणका लागि दिएको बुद्धिमत्तापूर्ण, साहसिक र दीर्घकालीन महत्व राख्ने सबैभन्दा ठुलो योगदान यही हो जसले गणतान्त्रिक नेपाल निर्माणका लागि अगाडि बढ्ने मार्गलाई खुल्ला र फराकिलो बनाइदियो । यसरी अगाडि बढेको विचारलाई उनले स्थापित गर्दै वि.सं. २०४९ मा सम्पन्न पार्टीको पाँचौं महाधिवेशनको मञ्चबाट अत्याधिक बहुमतसहित नेपाली क्रान्तिको कार्यक्रमको नाम 'नयाँ जनवाद' बाट 'जनताको बहुदलीय जनवाद' मा रूपान्तरण गरे । उनको यो योगदानले पूर्वी युरोपका देशहरू र सोभियत सङ्घमा कम्युनिष्ट पार्टीको विघटनपछि कम्पास हराएको पानी जहाज झैं हुनपुगेको विश्व कम्युनिष्ट आन्दोलनको परिवेशमा नेपाली कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक पद्धतिबाट अगाडि बढाउन सकिन्छ भन्ने नयाँ दिशा प्रदान गर्‍यो ।

वि.सं. २०४६ सालमा संविधान निर्माणको प्रक्रियमा जननेता मदन भण्डारीले पर्याप्त ध्यान दिनुका साथै उपलब्धिहरूलाई संस्थागत गर्ने क्रममा दूरदृष्टिका साथ आफ्नो विवेक प्रयोग गरेका थिए । वामपन्थी, कांग्रेस र दरबारसहित त्रिपक्षीय शक्ति सन्तुलनको दस्तावेजको रूपमा आएको संविधान घोषणा गर्ने

सन्दर्भमा मदन भण्डारीका विचारले प्रशिक्षित तत्कालीन नेकपा (माले)द्वारा २७ बुँदामा संविधानको आलोचनासहित समर्थन जनाइएको थियो । ती आलोचना थिए :

- सार्भभौमिकता जनतामा हुनुपर्ने,
- हिन्दु राजा हुने भन्ने भ्रम संविधानमा राख्न नहुने,
- नेपाली भाषा राष्ट्रभाषा र अन्य भाषा राष्ट्रियभाषा भन्ने कुरा राख्न नहुने,
- समयानुसार निशानछाप फेर्नुपर्ने,
- राजद्रोह, हिंसात्मकजस्ता शब्दहरू हटाउनुपर्ने,
- जमिनको भूमिसुधारमार्फत हदबन्दी राख्नुपर्ने,
- श्री ५ राष्ट्रिय एकताको प्रतीक हो भनेकोमा एक जना व्यक्ति राष्ट्रिय एकताको प्रतीक हुन सक्दैन, यसलाई हटाउनुपर्ने,
- संविधानको संरक्षक श्री ५ को सट्टा जनता हुने भन्ने कुरा उल्लेख हुनुपर्ने,
- राजा पूर्णरूपमा संविधानको मातहत रहनुपर्छ ।
- श्री ५ शब्द नै हटाउनुपर्ने र राजाको खर्च कटौती गर्नुपर्ने,
- राजाको सम्पतिमा पनि हदबन्दी र कर लगाउनुपर्ने,
- राजपरिवारलाई सुस्पष्ट परिभाषित गरिनुपर्ने,
- राजाका कतिपय कार्यमा सवाल-जवाफ गर्न नपाउने प्रावधान हटाउनुपर्ने,
- राजपरिषद्को व्यवस्थालाई हटाउनुपर्ने,
- कार्यकारी अधिकारीबाट श्री ५ लाई हटाउनुपर्ने,
- अविश्वासको प्रस्तावको बारेमा प्रस्टता हुनुपर्ने,
- मन्त्रिपरिषद्को विघटनपश्चातको अवस्थाको बारेमा स्पष्टता हुनुपर्ने,
- संसदमा बन्देज लगाइएको विषयमा पनि बहस हुनुपर्ने,
- संसदमा विधेयक संशोधन गर्दा श्री ५ को पूर्वस्वीकृति चाहिने भन्ने कुरा हटाउनुपर्ने,
- राष्ट्रिय सुरक्षाको व्यवस्था मन्त्रिपरिषद्ले मिलाउने छ भनेर लेख्नुपर्ने,

- शाही नेपाली सेनालाई नेपाली सेना भन्नुपर्ने,
- श्री ५ को सरकारको सट्टा नेपाल सरकार हुनुपर्ने,
- श्री ५ ले प्रचलित कानुन मिचेर स्वेच्छाले काम गर्दा महाअभियोग लगाउने प्रावधान संविधानमा हुनुपर्ने ।

२०४७ सालको संविधानमा संविधान निर्माणको क्रममा यस्ता असहमति हुँदाहुँदै पनि यिनलाई संविधानमा नसमेटिएकाले मदन भण्डारीको अगुवाइमा रहेको तत्कालीन नेकपा (माले) ले आलोचनात्मक समर्थन जनाएको थियो । यस आलोचनात्मक समर्थनलाई कसैले हाँसोको विषय पनि बनाए तर त्यो कति दूरदृष्टिपूर्ण कदम थियो भन्ने कुरा आजको संविधानलाई हेरेर मनन गर्न सकिन्छ । २०७२ सालको गणतान्त्रिक संविधानले आज ती सम्पूर्ण असहमतिलाई संविधानमा दर्ज गराएको छ ।

समाजको लोकतान्त्रीककरणको आधार स्थानीय सरकार, स्थानीय तहमा मात्र होइन व्यक्तिसम्म पुऱ्याउनुपर्छ भन्दै मदन भण्डारीले वि.सं. २०४८ सालमा संसदमा बोलेका थिए जुन कुरा २०७२ सालको संविधानले पूरा गरेको छ । स्थानीय निकायहरू भविष्यमा विस्तारै आफ्नै विकास निर्माण र आफ्नो क्षेत्रका समस्याहरू हल गर्नका निम्ति आफैँ स्वावलम्वी हुन सकुन र आफ्नो ठाउँको बौद्धिक प्रतिभा, मानवीय श्रम, शक्ति र साधनस्रोतलाई ठिक ढङ्गले प्रयोग गर्न सकुन् भन्नका निम्ति स्थानीय तह/निकायहरूलाई स्वायत्त शासनको निकायको रूपमा स्थापित गरिनुपर्छ । यही आसयअनुसारको स्थानीय सरकारको पहिलो पटकको निर्वाचन सम्पन्न भएको छ । यसको व्यवस्थित र प्रभावकारी सञ्चालनबाट नै वास्तविक रूपमा समाजको लोकतान्त्रीकरण सम्भव हुनसक्छ ।

जननेता मदन भण्डारीको जनताको बहुदलीय जनवादले पार्टीको नेतृत्व विकासलाई थप समावेशी, गतिशील, प्रतिस्पर्धी बनाउन प्रक्रियागत रूपमा नै अघि बढ्नुपर्छ भन्ने नयाँ मान्यता स्थापित गरेको छ । यो भावनालाई आज संविधानले समेत स्वीकार गर्दै राजनीतिक दलहरूभित्र पनि समावेशी सहभागिता हुनुपर्ने कुरालाई निर्देशित गरेको छ । केवल कम्युनिष्ट पार्टीका लागि मात्र नभएर

यो सम्पूर्ण नेपाली जनताको लागि ठुलो कोसेली हो । मदन भण्डारीका विचार र कार्यहरू कति महान् छन् भन्ने कुराको पुष्टि पनि हो यो ।

ऐतिहासिक रूपमा कम्युनिष्ट आन्दोलनको मूलआधार भनेको अर्थतन्त्रको सार्वजनिकीकरण हो, जसले निजी सम्पत्तिको अन्त्य गर्दै सार्वजनिक स्वामित्वको कुरा गर्दछ । नेपाली समाजमा रहेका विभेदका रूपहरू विश्व मानव समाजमा भन्दा फरक थिए र छन् । सामान्यतया विश्वभरको कम्युनिष्ट दर्शन आर्थिक न्यायको विषयलाई केन्द्रमा राखेर विकास भएको दर्शन हो । यो कुरा आज नेपालको संविधानमा समेत एक हदसम्म प्रतिबिम्बित हुनपुगेको छ ।

त्यसैगरी जातीय आधारमा हुँदै आएको विभेदको अन्त्य गरिनुपर्ने, संस्कार र संस्कृतिमा पनि रूपान्तरण हुनुपर्ने कुरामा पनि जननेता भण्डारीको जनताको बहुदलीय जनवाद जोडिएको छ । यसमा विभेदको क्षतिपूर्तिसमेतको कुरा उल्लेख छ । २०४८ सालमा मधेशमा रहेको विभेदपूर्ण अवस्थाको अध्ययन गर्न लगाउने कुराले क्षेत्रीय विभेदको अन्त्यमा जननेता मदन भण्डारीको दूरदृष्टिलाई अन्दाज गर्न सकिन्छ । वि.सं. २०४६ सालबाट पार्टी नेतृत्वको सर्वोच्च कार्यकारी पद र २०४८ बाट जनताको प्रतिनिधिको रूपमा आफ्ना विचार र भावनाहरू राख्ने समय पाएको छोटो समयमा नै उनले सबै उमेर, जाति, लिङ्ग, वर्ग र क्षेत्रका जनताको मन र मस्तिष्कमा वास गर्न पुगे । साथै उनमा आफ्नो सोच र विचारलाई तथ्य र तर्कले पुष्टि गर्दै जनताले बुझ्ने सरल भाषामा प्रभावकारी रूपमा सम्प्रेषण गर्नसक्ने कला थियो ।

जननेता मदन भण्डारीका विचार र कार्यहरूबाट अभिप्रेरित भई वर्तमान प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओली भारतीय नाकाबन्दीका समयमा राष्ट्रिय अडान लिँदै उत्तरी नाकाहरूबाट व्यापार विस्तार गर्ने, नेपालीभूमि कालापानी, लिपुलेक र लिम्पियाधुरालाई नेपालको नक्सामा समावेश गराउने, द्रुतगतिका सडक विस्तार गर्ने, सुरुङमार्ग विस्तार गर्ने, आर्थिक तथा करप्रशासनमा आधुनिक प्रविधिको प्रयोग गर्ने, दस वर्षमा थप १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने र रेलमार्ग विस्तारको योजना अघि बढाउने जस्ता शुभकार्यहरू गरी मदन

भण्डारीका आकाङ्क्षाअनुरुपको सुशासन प्रदान गर्दै उनको मन र आँखाले देखेका सपना पूरा गर्न प्रयत्नशील देखिन्छन् । वि.सं. २०७४ सालको स्थानीय र सङ्घीय चुनावमा देशमा ठुला पार्टी एमाले र माओवादी केन्द्रलाई मिलाई देशमा दशकौँसम्म बहुमतको मृगतृष्णमा रुमल्लिएका जनतालाई वर्तमान प्रधानमन्त्री ओलीले आज करिब दुई तिहाइको बहुमतको सरकार दिलाएका छन् । एक युगमा एकदिन पालो आउँछ भन्ने मदन भण्डारीको भनाइलाई आत्मसात गर्दै अघि बढेमा समृद्ध नेपाल निर्माण भएरै छाड्ने कुरामा दुईमत छैन ।

●

उत्कृष्ट ८

# नेपालको संविधान र जननेता मदन भण्डारी

● समीक्षा कार्की

**"सिद्धान्तको लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनुपर्छ ।"**

राष्ट्र, राष्ट्रियता र जनताका लागि मरिमेट्ने जननेताका देन र बलिदानका गीत गाएर हामी नेपाली थाक्दैनौँ, न त थाक्छौँ उनीहरूका योगदानको स्वादिलो फलको गाथा रचेर । नेपाली जनताका ढुकढुकी, सामन्तवादविरोधी आन्दोलनका प्रखर अगुवा र छोटो अवधिमा पार्टी कार्यकर्तादेखि आममानिस र अन्तर्राष्ट्रिय समुदायमा ठुलो छाप छाड्न सफल जननेता मदन भण्डारीलाई नेपाली राजनीतिक इतिहासमा एक पृथक पहिचानका रूपमा लिन सकिन्छ । नेपाली वाम, जनावादी र लोकतान्त्रिक आन्दोलनका नायक मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादले नेपालको कम्युनिष्ट आन्दोलनलाई वैचारिक रूपले मार्गदर्शन गरेको पाइन्छ । जनताबाटै चुनिएका जनताका प्रतिनिधिद्वारा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनहरूका विषयलाई समावेश गरी बनाइएको संविधानबारे चर्चा गर्दा जननेता भण्डारीको योगदान हामी कदापि बिर्सन सक्दैनौँ ।

संविधान के हो ? सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न बनाइएको र देशको मूल कानुनको रूपमा मानिएको लिखित दस्तावेज नै संविधान हो । यसले राज्यको स्वरुप, सरकारका गतिविधि, राज्य र जनताबीचको सम्बन्धलाई दृढ बनाउनका साथै जनताका हकअधिकारको सुनिश्चित गर्दछ ।

नेपालको संवैधानिक इतिहासलाई फर्केर हेर्दा अहिलेसम्म सातवटा संविधान निर्माण भएका छन् : (१) नेपाल सरकार वैधानिक कानुन २००४, (२) नेपालको अन्तरिम शासनविधान २००७, (३) नेपाल अधिराज्यको संविधान २०१५, (४) नेपालको संविधान २०१९, (५) नेपाल अधिराज्यको संविधान २०४७, (६) नेपालको अन्तरिम संविधान २०६३ र (७) नेपालको संविधान २०७२ । नेपालमा संविधानको विकासक्रमको आधारमा नेपाल सरकार वैधानिक कानुन २००४ नेपालको पहिलो संविधान हो । वर्तमान समयमा नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नाम गरेको नेपालको संविधान २०७२ छ, जुन संविधान विकासक्रमको सातौँ संविधान हो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) का श्रेष्ठ नेता मदन भण्डारीको जन्म ताप्लेजुङको ढुङ्गेसाँघुमा २००९ साल असार १४ गते भएको थियो । नेपालमै माध्यमिक तहसम्मको पढाइ सकाएर उच्चतहको अध्ययन गर्न उनी भारत गए । स्नातकसम्मको पढाइ भारतका विभिन्न स्थानबाट सकेर उनी स्नातकोत्तर गर्न बनारस पुगे । बनारसको विद्यार्थी जीवनमा उनको नेपालका पुराना नेता र विशेषगरी भारतका समाजवादी नेता, कम्युनिष्ट नेताहरू ज्योति बसु, तत्कालीन भाकपाका नेता हरकिशन सुरजीत र नेपाली नेताहरू पुष्पलाल, मनमोहन अधिकारी, मोहनविक्रम सिंह, नरबहादुर कर्माचार्य, साहना प्रधानसँगको सम्पर्कले नेपालमा रहेको त्यस समयको निरङ्कुश र सामन्तवादी पञ्चायती व्यवस्था अन्त्य गरी स्वतन्त्रता र समुन्नतिको यात्रातर्फ लाग्न प्रेरित गर्‍यो । भारतमा बढ्दै गएको कम्युनिष्ट पार्टीप्रतिको लोकप्रियताबाट आकर्षित भएर नयाँ विचार र दृढ अठोटका साथ उनी नेपाली राजनीतिक आन्दोलनमा होमिएका थिए । पढाइमा अत्यन्तै तेजिला मदन भण्डारी कवि र गीतकार पनि थिए ।

भूमिगत समयमा उनले दर्शन, राजनीति र सामयिक विषयमा प्रशस्त बौद्धिक लेखहरू लेखेका छन् । यसबाट उनी बहुप्रतिभाशाली व्यक्तित्वका धनी थिए भन्ने यथार्थ प्रस्ट हुन्छ ।

नेपाल कम्युनिष्ट पार्टी पुष्पलाल समूहको क्रान्तिकारी सांस्कृतिक सङ्घको केन्द्रीय सदस्यबाट वि.सं. २०२८ सालमा जननेता भण्डारीको राजनीतिक जीवनको यात्रा प्रारम्भ भएको थियो । पञ्चायतको निरङ्कुश र हुकुमी शासनमा किसान र मजदुरमाथि चरम दमनको अवस्था थियो । त्यसका विरुद्धमा निकै क्रान्तिकारी पाइलाहरू चालिए तर सफलता भने हासिल भएन। देशभरि पञ्चायती दमन तीव्र रूपमा बढ्दै गयो । वि.सं. २०२९ सालमा नेपाल कम्युनिष्ट पार्टी पुष्पलालको समूहबाट कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गरेका मदन भण्डारी २०३५ सालमा अखिल नेपाल क्रान्तिकारी कम्युनिष्ट कोअर्डिनेसन कमिटीको केन्द्रिय सदस्य रही नेपाली राजनीतिक क्षेत्रमा सक्रिय रहे ।

क्रान्तिकारी विचार र बलियो मनोबल राख्ने मदन भण्डारी २०३५ सालमा स्थापित नेकपा (माले) को केन्द्रीय सदस्यका रूपमा रहे । नेपाली जनताको स्वतन्त्रता र देशको मुक्तिका लागि उनले अघि सारेका दृढ विचारका कारण २०४१ सालमा मालेको पोलिटब्युरो सदस्यमा निर्वाचित हुनुका साथै २०४६ सालमा आयोजित नेकपा (माले) को चौथो महाधिवेशनमा महासचिवका रूपमा निर्वाचित भए । नेपालमा बहुदलीय व्यवस्था स्थापना गर्न भएको जनआन्दोलनका मुख्य योजनाकार रही अमूल्य योगदान प्रदान गरे । २०४६ को जनआन्दोलनको फलस्वरुप देशमा नयाँ राजनीतिक परिवेश सृजना हुनसक्यो र अन्तरिम सरकारमा सहभागी हुने, पार्टीलाई खुल्ला गर्ने, पार्टीकै नामबाट चुनाव लड्नेजस्ता जनमतमा आधारित प्रतिस्पर्धात्मक रानजीतिको थालनी गर्ने नीति पार्टीले लियो जसलाई दृढतापूर्वक लागू गर्न मदन भण्डारी निस्वार्थ भावले लागिपरे । विभिन्न भागमा विभाजित कम्युनिष्ट आन्दोलनलाई एउटै मूलप्रवाहमा ल्याउन र छरिएका वामपन्थी दलहरूलाई एकीकृत गर्न जननेता भण्डारीको अतुलनीय योगदान रह्यो ।

२०४६ सालको जनआन्दोलनको सफलतापछि संविधान निर्माणका लागि संविधान सुझाव तथा सुधार आयोग गठन भयो । जननेता मदन भण्डारीले अन्य राजनीतिक दलका खराब मनसाय बुझेर त्यसको विरुद्धमा आफ्ना विचार राखी दिगो र असल संविधान निर्माणका लागि प्रतिबद्ध भई लाग्न अनुरोध गरे । त्यसको फलस्वरुप २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । राष्ट्रलाई अनुशासित र गतिशील रूपमा अगाडि बढाउँदै जनअधिकारको संरक्षण गर्ने र विकासको गतिलाई तेज राख्ने मूल उद्देश्यका साथ त्यो संविधान ल्याइएको थियो । उक्त संविधानको आलोचनात्मक समर्थन गर्दै जननेता भण्डारीले असहमतिका २७ बुँदा प्रस्तुत गरेका थिए, जसको सेरोफेरोमा वर्तमान नेपालको संविधान र राजनीति घुमिरहेको छ । यसका आधारमा उनी गणतन्त्र र संविधानका सम्बन्धमा दूरदृष्टि राख्ने कुशल र क्रान्तिकारी भावना भएका जननेता थिए भनेर ठोकुवा गर्न सकिन्छ ।

बहुआयामिक व्यक्तित्व र फरक चिन्तन भएका जननेता भण्डारी २०४७ सालमा भूमिगत जीवनबाट बाहिर आई माले-मार्क्सवादी एकीकरणबाट नेपाल कम्युनिष्ट पार्टीको महासचिव बने । २०४८ सालमा भएको प्रतिनिधिसभाको पहिलो चुनावमा जननेता भण्डारी काठमाडौँका दुईवटा क्षेत्रबाट निर्वाचित भए र उनको पार्टी जनमतबाट दोस्रो ठुलो राजनीतिक शक्तिको रूपमा स्थापित भयो । कम्युनिष्ट आन्दोलनलाई मुलुकको प्रजातान्त्रिक आन्दोलनसँग गाँसेर भण्डारीले जनताको बहुदलीय जनवाद नामक नयाँ चिन्तन अगाडि सारे । पार्टी र देशको हितका लागि श्रद्धाभक्तिपूर्वक आफूलाई होम्ने मदन भण्डारीले २०४९ सालमा सम्पन्न पार्टीको पाँचौं महाधिवेशनमा अत्याधिक बहुमतसहित जनताको बहुदलीय जनवाद नामक विचारलाई स्थापित गराउन सफल भए । जबज क्रान्तिको नयाँ सिद्धान्तमा आधारित आफ्नै मौलिक विशेषता बोकेको कार्यक्रम हो । उक्त विशेषतामा संविधानको सर्वोच्चता,बहुलवादी खुल्ला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, मानवअधिकारको रक्षा, बहुदलीय प्रातिस्पर्धात्मक शासन प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार अल्पमतको प्रतिपक्ष, कानुनी राज्य, विदेशी पुँजी र प्रविधिको उपयोग, क्षतिपूर्तिसहितको सम्पत्ति अधिकरण,

सन्तुलित वैदेशिक नीति, जनवादी नेतृत्व र अधिनायकत्व, जनवादी व्यवस्थाको सुदृढीकरणजस्ता कुराहरू उल्लेख गरिएको पाइन्छ ।

जननेता भण्डारीले प्रतिपादन गरेको जबजको सिद्धान्तलाई आधार मानेर २०६२-६३ को जनआन्दोलन सुरु गरिएको थियो, जसको सफलताका कारण राजतन्त्रको अन्त्य भयो र देशमा गणतन्त्र, समावेशी समानुपातिक लोकतन्त्र र जनहितमा आधारित नेपालको अन्तरिम संविधान, २०६३ आयो । विद्रोही माओवादी र सरकारबीच विस्तृत शान्ति सम्झौता सम्पन्न भई माओवादी लगायत ८ वटा पार्टीले हस्ताक्षर गरेको संविधान मस्यौदाअनुरुप वि.सं. २०६३ माघदेखि नेपालको अन्तरिम संविधान २०६३ लागू भएको हो । संविधानसभाको निर्वाचान सम्पन्न भई त्यसले नयाँ संविधान निर्माण गरेर लागू नहुन्जेलसम्मका लागि यो संविधान लागू भएको थियो । जनताका बीचमा राजनीति गर्ने र आम-निर्वाचन मार्फत जनताद्वारा निर्धारित स्थानमा बसी देश र जनताको मुहार फेर्ने संविधान निर्माण गर्ने उद्देश्य जबजको रहेको थियो । पुरानो सामन्तवादी समाज व्यवस्थाको अन्त्य गरी राष्ट्रियता,लोकतन्त्र, सामाजिक न्यायसहितको समानता, विभेदको अन्त्य, दिगो विकास, शान्ति, समृद्धि र जनताद्वारा चुनिएका प्रतिनिधिहरूबाट अनुमोदित संविधानको निर्माण गर्ने एकमात्र लक्ष्यकासाथ राजनीतिक सङ्घर्षमा होमिएका थिए जननेता मदन भण्डारी ।

अन्तत : नेपालको इतिहासमै पहिलो पटक जनतामाझ मस्यौदा तयार गरेर जनताकै प्रतिनिधिले पारित गरेको संविधान २०७२ लागू गरियो । साँढे छ दशक लामो समयदेखिको नेपाली जनताको चाहना र जननेता मदन भण्डारीको जीवनभरको राजनीतिक सङ्घर्षको एकमात्र लक्ष्यअनुरुप बनेको यो संविधान नेपालको सातौं संविधान हो । नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार र स्वशासनको हकअधिकारलाई आत्मसात् गर्दै राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनता र जननेताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै सङ्घीय लोकतान्त्रिक शासन प्रणाली,

नागरिकको हक अधिकारको सम्मान र गणतन्त्रात्मक शासन व्यवस्थाद्वारा देशमा दिगो विकास, सुशासन र समृद्धिको आकाङ्क्षा पूरा गर्ने प्रतिबद्धता यस संविधानमा गरिएको छ । २०४७ सालको संविधानमा उनले असहमतिमा प्रस्तुत गरेका २७ बुँदामध्ये वर्तमान संविधानमा ती कतिपय बुँदा हुबहु उल्लेख भएका छन् । यसबाट मदन भण्डारी एक कुशल, दूरदर्शी विचार भएका जनप्रिय नेता थिए भन्न सकिन्छ । सङ्घर्षको सीमा र अवधि हुँदैन भन्ने बृहत विचार लिएर हिँड्ने जननेता मदन भण्डारी भौतिक रूपमा हामी सामु नभए तापनि उनको सङ्घर्ष, त्याग र बलिदानका फल अझै पनि नेपालीहरूले चाखिरहन पाएका छन्, जसमध्ये जननिर्वाचित संसदबाट अनुमोदित संविधान पनि एक हो ।

एक कुशल सङ्गठक र सिद्धान्तकार मदन भण्डारी पार्टी र देशको स्वार्थलाई नै सबैभन्दा माथि राखेर दृढ विचार र अठोटका साथ अगाडि बढेका थिए । मदन भण्डारीद्वारा प्रतिपादित जबज विश्व साम्यवादी आन्दोलनको क्षेत्रमा एउटा ऐतिहासिक उपलब्धि मानिएको छ । विश्व कम्युनिष्ट आन्दोलन ओरालो लागिरहेको बेला चुनाबी प्रक्रियाबाट कम्युनिष्ट पार्टीलाई लोकप्रिय बनाउने श्रेय जननेता भण्डारीलाई नै जान्छ । विश्वव्यापी चर्चा कमाएका मदन भण्डारीको विश्वप्रसिद्ध पत्रिका 'न्युजविक' मा 'नेपालमा जीवित छन् कार्लमार्क्स' भनी अन्तर्वार्ता छापिएको थियो । त्यसपछि विभिन्न मुलुकबाट भ्रमण र भेटघाट कार्यक्रमका लागि उनलाई निमन्त्रणा अउन थाले । यसैक्रममा उनी भारतको कलकत्ता गए । मार्क्सवादी कम्युनिष्ट पार्टीले आयोजना गरेको 'समकालीन विश्वमा मार्क्सवाद' भन्ने विषयको अन्तर्राष्ट्रिय सम्मेलनमा उनले राखेका विचारलाई नौलो मानियो र उनले प्रदान गर्ने नयाँ मान्यताहरू बहसका विषय बने । चीनको भ्रमणपछि जननेता मदन भण्डारीले आफ्नो देशभित्रका कार्य र योजनाहरूलाई प्राथमिकता दिए । लोकतन्त्रका विश्वव्यापी मूल्य-मान्यतालाई आत्मसात् गर्दै कम्युनिष्ट पार्टीलाई नेपालको विशिष्ट परिस्थितिअनुसार क्रान्तिको मौलिक बाटो रोजेर सिद्धान्तको विकास गर्न र प्रगतिशील राष्ट्रवादका पक्षमा अथक सङ्घर्ष गर्न जननेता मदन भण्डारीको देन विशिष्ट छ । उनकै योगदानका कारण अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । मदन

भण्डारीका विचारहरूले नेपालको संविधान २०७२ लाई प्रशस्त आधार प्रदान गरेका छन् ।

सिद्धान्तका रूपमा मानिएको जबजले जातीय भेदभाव र अपहेलनालाई सबै क्षेत्रबाट अन्त्य गरी समानताको भावना सृजना गरिनुपर्ने कुरामा जोड दिएको छ, जुन आज संवैधानिक रूपमा समेत जातीय भेदभावको क्षतिपूर्ति भनेर उल्लेख गरिएको छ । यसका साथै जबजले पार्टीको नेतृत्व विकासलाई समावेशी, गतिशील, प्रतिस्पर्धी बनाउन अगाडि बढ्दै जानुपर्ने र राजनीतिक दलहरूबीच पनि समावेशी सहभागिता हुनुपर्ने कुरालाई समावेश गरेको छ । आफू र आफ्नो पार्टीलाई नेपाली जनताको सेवक र देशको कुशल निर्माताका रूपमा दरिलो खम्बाझैँ उभ्याउन सफल भएका मदन भण्डारीले छरिएका वामपन्थी दलहरूलाई एकीकृत गरी नेपाली राजनीतिक परिवेशलाई नयाँ दिशा र रूप दिन अविस्मरणीय योगदान पुऱ्याएका थिए । नेपाली इतिहासमा छोटो समयमा आमूल परिवर्तनकारी नवीन विचार ल्याउने मदन भण्डारी प्रत्येक नेपाली र विश्व कम्युनिष्टहरूका आन, बान, शान र प्राण हुन् ।

नेपालको कम्युनिष्ट आन्दोलनलाई दिशाहीनता र जडताबाट बाहिर निकालेर सत्मार्ग दिन सफल भएका जननेता भण्डारीको पार्थिव शरीर हामीसामु नभए पनि उनको क्रान्तिकारी विचार जीवित रहेको छ । जनताका कान ठाडा हुने गरी तिख्खर आवाजमा गुञ्जिएको मदन भण्डारीको राष्ट्रियताप्रतिको बोली नेपालीले कदापि भुल्ने छैनन् । राष्ट्रप्रेमी नेता मदन भण्डारी जीवित छँदा जति चर्चामा थिए, मृत्युपछि पनि उत्तिकै चर्चामा छन् । जननेता भण्डारी सदैव जनताको सर्वोच्चता र आमूल परिवर्तनलाई जोड दिन्थे । नेपाली राजनीतिको सर्वाधिक लोकप्रिय राजनेता मदन भण्डारीले अघि सारेका दृढ र दूरदृष्टिका विचार एवम् उनले निस्वार्थ भावका साथ दिएका योगदानका कारण लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित जननिर्वाचित संविधानसभाबाट अनुमोदित संविधान नेपाली जनताले पाउन सफल भएका छन् ।

भनिन्छ गाली र ताली दुवैलाई पचाएर देशमा समानता, मुक्ति, समुन्नति, स्वतन्त्रता, लोकतन्त्र र गणतन्त्र भित्र्याउने नेता सदैव देशका गहनका रूपमा रहन्छन् । यस्तै मदन भण्डारी पनि नेपाली राजनीतिक इतिहासका गहनाका रूपमा चिनिन्छन् । देशलाई आत्माभरि सँगालेर सङ्घर्ष गरेका जननेता भण्डारीले प्रतिपादन गरेको जबजको जनमुखी सिद्धान्तलाई आधार बनाएर आजको वर्तमान संविधान जननिर्वाचित संविधानसभाबाट अनुमोदन गरी जनतालाई दिगो विकासको फल दिने उद्देश्यका साथ ल्याइएको हो । यसमा देशप्रेमी नेता भण्डारीको अमूल्य योगदान छ भन्ने कुरामा दुईमत छैन । आज संविधान आएको पाँच वर्ष बितिसक्दा पनि यसको पूर्ण रूपले कार्यान्वयन हुन सकेको छैन । सरकार र अन्य क्षेत्रका सम्बन्धित व्यक्तिहरूले संविधानको कार्यान्वयनमा ध्यान पुऱ्याउनु पर्ने स्पष्ट रूपमा देखिन्छ । आशा गरौँ, मदन भण्डारीका विशिष्ट विचारलाई सम्मान गर्दै पार्टी र सरकारले सङ्घीय गणतन्त्रात्मक संविधानको उचित कार्यान्वयन गर्नेछन् र लोकतन्त्रात्मक पद्धति एवम् विकास प्रक्रियालाई समानान्तर गतिमा अगाडि बढाएर समृद्धिको कामनालाई मूर्तरूप दिनेछन् । मदन भण्डारीले कल्पना गरेजस्तो समुन्नत र समृद्ध देशका नागरिक हुने सपना साकार होला कि ? जननेता मदन भण्डारीप्रति हार्दिक श्रद्धाञ्जलि ।

●

उत्कृष्ट ९

# नेपालको संविधान
# र
# जननेता मदन भण्डारी

● सुजाता गौतम

**“सुतेको सिंहको होइन, मान्छेको रगत खाएर मातेको सिंहलाई जगरमा समातेर सडकमा पछार्दा यो प्रजातन्त्र आएको हो ।” - जननेता मदन भण्डारी**

कुनै पनि मुलुकलाई रीति, स्थिति, विधि र पद्धतिमा सञ्चालन गराएर अगाडि बढाउनका निम्ति त्यहाँका राज्य सञ्चालकदेखि लिएर जनता सबैले नीति, नियम र अनुशासनको घेराभित्र रहनुपर्दछ । सोही नियम तोकिएको राजनीतिक र कानुनी अधिकार भएको राज्य सञ्चालनको आधारभूत मार्गदर्शक दस्तावेज नै संविधान हो । यो राज्यरूपी शरीरमा विभिन्न अङ्गहरूको सृजना गर्ने, त्यस्ता अङ्गहरूलाई शक्ति प्रदान गर्ने एवम् शक्तिउपर आवश्यक नियन्त्रण गर्ने कानुनी हतियार पनि हो । यसले शासकलाई शक्ति र शासितलाई अधिकार प्रदान गर्ने काम गर्दछ । मुलुकको संरचना निर्माण गरी मुलुकको भावी स्वरूप र भावी कार्यविधिलाई व्यवस्थित गर्न संविधानले मुख्य भूमिका खेलेको हुन्छ । समग्रमा संविधान भनेको राज्यको मूल कानुन हो र यो मुलुकको बडापत्र पनि हो ।

जब देशमा अन्याय र अशान्तिले सीमारेखा नाघ्न खोज्छ, तब जनताहरू असह्य भएर क्रान्तिको विगुल घन्काउँछन् । नेपालमा पनि एकतन्त्रीय निरङ्कुश जहाँनिया राणा शासनको आगोमा पिल्सिएका नेपाली जनताले क्रान्तिमार्फत संविधानको माग गरेका थिए । सम्पूर्ण नेपाली जनताका अधिकारहरू हनन गरेको र आर्थिक अनि शैक्षिक विकासलाई पनि अवरुद्ध गरेकाले राणाहरूको विरूद्धमा जनताले क्रान्ति गरे । राणाशासनविरुद्ध चर्केको जनसङ्घर्षको बेगलाई रोकेर जनताको मागलाई मत्थर पार्न नियम कानुनमा चल्ने भन्दै त्यसबेलाका राणा प्रधानमन्त्री पदम शमशेरले वि. सं. २००४ माघ १३ गते 'नेपाल सरकारको वैधानिक कानुन, २००४' निर्माण गरे जुन् नेपालको पहिलो संविधान थियो । नेपालको संवैधानिक विकासक्रमलाई हेर्दा हालसम्म जम्मा सातवटा संविधान बनेका छन् । जसमध्ये ६ वटा संविधान लागू भए भने सर्वप्रथम नेपालमा बनेको संविधान लागू हुन सकेन ।

नेपालमा हालसम्मका संविधानहरू यसप्रकार रहेका छन् :

१) नेपाल सरकारको वैधानिक कानुन, २००४
२) नेपालको अन्तरिम शासन विधान, २००७
३) नेपाल अधिराज्यको संविधान, २०१५
४) नेपालको संविधान, २०१९
५) नेपाल अधिराज्यको संविधान, २०४७
६) नेपालको अन्तरिम संविधान, २०६३
७) नेपालको संविधान, २०७२

संविधान बनेपछि पनि जनआन्दोलन मत्थर भएको थिएन । राणा शासन हट्नुपर्ने उनीहरूको माग थियो । तसर्थ २००७ सालको क्रान्तिपछि दिल्ली सम्झौता भयो । त्रिपक्षीय सम्झौताबाट वि.सं २००७ फागुन ७ गते राजा त्रिभुवनले देशमा प्रजातन्त्रको घोषणा गरे र १ सय ४ वर्षे क्रूर राणाशासन सदाका लागि अन्त्य भयो । त्यसपछि अर्को व्यवस्था नभएसम्मका निम्ति वि.सं २००७ चैत २९ गते राजा त्रिभुवनबाट नेपालको अन्तरिम शासन विधान २००७ जारी भयो, जुन राजाबाट जारी भएको प्रजातन्त्रपछिको प्रथम संविधान थियो ।

त्यसपछि नेपालमा वि.सं २०१५ फागुन १ गते नेपाल अधिराज्यको संविधान निर्माण भयो । यो संविधान बेलायती मोडेलको प्रभावमा बनेको थियो । प्रस्तावनामा संवैधानिक राजतन्त्रको उल्लेख भएपनि संविधानमा राजाको सक्रिय भूमिका रहने व्यवस्था यो संविधानमा रहेको थियो । सो संविधानको धारा ५५ लाई टेकेर राजा महेन्द्रले प्रजातान्त्रिक सरकारले देशमा जनताका पिरमर्का बुझ्न नसकेको भन्दै उक्त संविधानलाई निष्क्रिय बनाए । त्यसपछि राजा महेन्द्रले वि.सं २०१७ पुस १ गते जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालालाई अपदस्थ गरे र एकदलीय निरङ्कुश पञ्चायती व्यवस्था लागू गरे जुन दिनलाई नेपालका राजनीतिक पार्टीहरूले कालो दिनका रूपमा लिने गर्दछन् । पछि राजाले वि.सं. २०१९ मा 'नेपालको संविधान २०१९' जारी गरे । पञ्चायती संविधानमार्फत फेरि पनि जनताका सम्पूर्ण मौलिक अधिकार र स्वतन्त्रता कुण्ठित पारी जनताबाट प्रजातन्त्र खोसियो । यसरी नेपाली राजनीतिको आकाशमा कालो बादल मडारिएको अवस्थामा बादल फाटेर एउटा चम्किलो सूर्यको उदय भयो - मदन भण्डारी नामको ।

पिता देवीप्रसाद भण्डारी र माता चन्द्रकुमारीका माहिला सुपुत्रका रूपमा मदनकुमार भण्डारीको जन्म वि.सं. २००९ साल असार १४ गते ताप्लेजुङ जिल्लाको ढुङ्गेसाँघुमा भएको थियो । उहाँको प्रारम्भिक शिक्षा जन्मथलो गाउँमै रहेको एक विद्यालयबाट भएको थियो । वि.सं. २०१५ सालबाट औपचारिक रूपमा शिक्षा सुरु गर्नुभएका भण्डारी विलक्षण प्रतिभा भएका व्यक्ति हुनुहुन्थ्यो । औपचारिक शिक्षा सकेर त्यसपछिको अध्ययनका लागि उहाँ भारतको मथुरा, देहरादून हुँदै बनारस पुग्नुभयो । सानैबाट राजनीतिमा अत्यन्त चाख देखाउने स्वभाव भएकाले बनारसमा अध्ययनरत हुँदा त्यहाँको राजनीतिक वातावरणको प्रत्यक्ष प्रभाव उहाँमा पर्‍यो । बनारसमा अध्ययन गरिरहेको अवस्थामा नै उहाँ विद्यार्थी आन्दोलनमा संलग्न रहनुभएको पाइन्छ । खास गरेर वि.सं २०२८ पछि उहाँ एक सक्रिय छात्र नेताका रूपमा देखापर्नुभयो । प्रगतिशील चिन्तनले युक्त साहित्यिक रचनाहरू विभिन्न मञ्चमा पाठ गर्दै उहाँ राजनीतिक नेताहरूको सम्पर्कमा पुग्नुभयो । अन्याय सहन नसक्ने, विद्रोही स्वभाव, शैक्षिक ज्ञान एवम् राजनीतिकर्मीहरूसँगको उठबसले मदनलाई राजनीतिको नजिक पुर्‍याउनु स्वाभाविक थियो । यसै क्रममा उहाँ मोदनाथ प्रश्रितसँग निकट रहँदै पुष्पलालको सम्पर्कमा पुग्नुभयो । त्यहाँबाट उहाँको राजनीतिक यात्रा शुरु भयो ।

वि.सं. २०४६ को जनआन्दोलनमा उहाँको नेतृत्वमा रहेको नेकपा (माले) ले वाममोर्चाको निर्माणका साथै आन्दोलनको सफलताका निन्ति अग्रणी भूमिका पूरा गऱ्यो । त्यसबेला नेकपा (माले) को महासचिवको हैसियतले मदन भण्डारी भूमिगत रूपमा आन्दोलनको संयोजन गर्ने कुरामा अग्रमोर्चामा हुनुहुन्थ्यो । जनआन्दोलनमा जनताको सहभागिता, सत्ताको दमन एवम् आन्दोलनकारीहरूको सीमाबारे उहाँ पूर्ण अवगत हुनुहुन्थ्यो । पार्टीको चौथो महाअधिवेशनले पञ्चायती व्यवस्थाको अन्त्यको निम्ति अन्य वाम तथा प्रजातान्त्रिक शक्तिहरूसित न्यूनतम् सहमति बनाई आन्दोलनमा होमिने निर्णय गरेकाले नयाँ प्रजातान्त्रिक संविधानको सोच विकसित हुन थालिसकेको थियो । यो सोच वाममोर्चा तथा वाम-प्रजातान्त्रिक संयुक्त मोर्चामा क्रमशः मूर्त हुँदै गयो । सङ्घर्ष चल्दै थियो, राजा-जनताबीच अधिकारको तानातानी चरम रूपमा देखिन थाल्यो । जनआन्दोलनमा अपार जनसहभागिताको कारण राजतन्त्रको सक्रिय नेतृत्वमा रहेको पञ्चायत भने फुकिढल हुँदै धऱ्याङमऱ्याङ गर्न थाल्यो । जनआन्दोलनको बढ्दो चाप र तापले चैत २४ गते राजाले मरीचमानसिंह श्रेष्ठको मन्त्रिमण्डललाई विघटनगरी नयाँ मन्त्रिमण्डल गठन गरे र संविधानमा सुधार गर्न सकिने गुलियो आश्वासन बाँडे । जनता पुरानो व्यवस्थामा सामान्य हेरफेर वा सुधारमा सन्तुष्ट हुनेवाला थिएन । उपर्युक्त शाही कदमको विरोधमा मुलुक राँको बालेर जाइलाग्यो । फलतः दरबार अघि र अन्य कतिपय ठाउँमा वीभत्सकारी जनहत्याको दृश्य देखापऱ्यो । सडकमा बगेको रगत र मुटुमा लागेको गोलीले पञ्चायती व्यवस्थाको अन्त्य र नवीन संविधानको मागमा आन्दोलनकारीलाई थप ऊर्जा प्रदान गऱ्यो । आन्दोलनकारी जनतामाथि निर्ममतापूर्वक दमनमा उत्रिएका राजा आखिरमा केही सीप नलागी आन्दोलनकारीसँग वार्ता गरी प्रतिरक्षात्मक स्थितिमा आइपुगे ।

आन्दोलनको महत्वपूर्ण हिस्सा बनेको नेपाली कांग्रेस सीमित प्रजातान्त्रिक आधिकार प्राप्त गर्ने आश्वासनसँगै आन्दोलनबाट बाहिरिने प्रयासमा लाग्यो । असङ्ख्य जनता सडक सङ्घर्षमा खाली हात बन्दुक विरूद्ध लड्ने सङ्कल्पसाथ देखापरे पनि बाँकी हिस्सासहित आन्दोलनलाई गणतन्त्रात्मक लक्ष्यसम्म अघि बढाउने आत्मगत तथा भौतिक आधार परिपक्क थिएन । फलतः राजासित सम्झौता गर्नुको दोस्रो विकल्प नरहेकाले वार्ता गरेर त्रिपक्षीय सम्झौता भयो ।

सम्झौतामा नयाँ अन्तरिम सरकार बनाउन संविधानका कतिपय धारा निलम्बन गरियो। तर पञ्चायती संविधानको समूल खारेजी भएन। जनआन्दोलनको शक्ति सन्तुलनमा टुङ्गियो । अन्तरिम सरकार बन्यो तर अन्तरिम ऐन जारी भएन । सम्झौतापछि पनि राजाको वैधानिकता पञ्चायती संविधानद्वारा प्रदत्त असीमित अधिकारमै परिभाषित हुन थाल्यो ।

"**संविधान आउनु पर्छ, ठुलो कुरो यो होइन । संविधान जनताको आउनुपर्छ, ठुलो कुरो यो हो**" भन्ने मदन भण्डारीको धारणा थियो । उहाँ दरबारको खेलसँग पटक्कै सन्तुष्ट हुनहुन्न थियो । उहाँ पार्टीमै रही जनताको सङ्घर्षशीलतासित एकाकार भइरहनु भयो। उहाँले हरेकपल दरबारिया प्रतिक्रियावादी खेलको सूक्ष्म निरीक्षण गरी सडकबाट प्रहारात्मक खेल खेलिरहनु भयो । उहाँले पञ्चायती संविधान सम्पूर्ण रूपमा खारेज गरी अन्तरिम विधानअन्तर्गत अन्तरिम सरकार सञ्चालन गर्ने र प्रजातान्त्रिक संविधान निर्माणको ग्यारेन्टीको सवाललाई ज्वलन्त रूपमा उठाउनुभयो। उहाँ सम्बद्ध पार्टी भूमिगत रहेकाले त्यतिखेर उहाँ केन्द्रीय प्रवक्ताको रूपमा मात्रै जनतासमक्ष देखापर्नुभयो । राजाबाट पार्टीसँग सल्लाह नगरी मनखुसी संविधान सुझाव आयोग गठन भयो । उहाँले त्यसको खुलेर आलोचना गर्नुभयो । भण्डारीले अब बन्ने संविधानमा राजाको हातमा रहेको सार्वभौमसत्ता जनताको हातमा आउनुपर्ने, राजाको स्थान जनताले तोकेबमोजिम हुनुपर्ने, जातीय तथा भाषिक समानता हुनुपर्ने जस्ता अभिव्यक्ति दिँदै जानुभयो।

राजाको मनखुसीले बनाएको संविधान सुझाब आयोग विरुद्ध पार्टीले जनपरिचालन गऱ्यो। मदन भण्डारीले विचार प्रवाह तथा जनसङ्घर्षको ज्वारमार्फत जनताको पक्षमा संविधान बनाउने अथक प्रयास गरिरहनुभयो । अन्तर्वार्ता, भेला तथा गोष्ठी, सम्बोधन तथा वक्तव्यमार्फत उहाँले जनताको संवैधानिक अधिकारबारे खरो अभिव्यक्ति प्रदान गरी राष्ट्रव्यापी रूपमा जनतालाई सचेत गराउने काम गर्नुभयो। अब बन्ने संविधान निम्न किसिमको हुनुपर्छ भन्ने उहाँको धारणा थियो:

- संविधान प्रजातान्त्रिक हुनुपर्ने, निर्दलीयताको आधारमा तयार गरिएको संविधानमा सुधार गरेर होइन त्यसलाई पूर्ण रूपमा खारेज गरेर नयाँ संविधान बनाउनुपर्ने ।

- संविधान सर्वोपरि हुनुपर्ने, त्यसभन्दा माथि कुनैपनि व्यक्ति वा परिवार नहुने, राजा होस् वा रङ्क, गल्ती गर्ने व्यक्तिलाई संविधानको आधारमा समान ढङ्गले आलोचना, दण्ड र विरोध हुनुपर्ने ।
- संविधानको स्रोत जनता हुनुपर्ने, संविधान बनाउने र संशोधन गर्ने आधिकार जनतालाई दिइनुपर्ने ।
- सार्वभौमसत्ता जनताको हातमा हुनुपर्ने ।
- राज्यलाई धर्म निरपेक्ष बनाउनुपर्ने र जनताको मौलिक हकहरूको निर्वाध रूपमा ग्यारेन्टी हुनुपर्ने ।
- राजा र राजतन्त्रका लागि नभई एकता, सद्भावना र राष्ट्रियबलका प्रतीक जनतालाई मानेर प्रजातान्त्रिक संविधान बन्नुपर्ने ।

संविधान निर्माणबारे पहिलो पटक दरबारको बाघचाल फन्दामा पऱ्यो । जनताको सडक सङ्घर्ष सेलाएको थिएन, सबैको ध्यान नयाँ संविधान निर्माणमै केन्द्रित थियो । राजनीतिक शक्ति तथा जनदबाबको कारण पहिलो संविधान सुझाव आयोगले काम सुरु गर्ने हिम्मत गर्न सकेन जसको फलस्वरूप उक्त आयोग विघटन भयो । त्यही असारमा अन्तरिम प्रधानमन्त्रीको सिफारिसमा त्रिपक्षीय आयोग बन्यो, नाम भने पुरानै रह्यो (संविधान सुझाव आयोग), संविधान आयोग बन्न सकेन । सो आयोगबारे मदन भण्डारीले कडा प्रतिक्रिया र ठोस सुझाव पेस गर्नुभयो । उक्त सुझाव पेस गरेपश्चात् मात्र संविधान निर्माण कार्य प्रारम्भ भयो । आयोगभित्रका त्रिपक्षीय शाक्तिबीच प्रस्तावना, राजाको भूमिका, सार्वभौमसत्ता, संविधान संशोधन, सङ्कटकालीन अधिकार आदि विषयमा मतमतान्तर हुनथाल्यो । मदनले जनताको संविधानप्रतिको चाख र चनाखोपनलाई अनेक कोणबाट मुखरित गरिरहनुभएको थियो । जनता दरबारी तथा प्रतिगामी दक्षिणपन्थी षडयन्त्रविरुद्ध जुध्न तत्काल तयार भए । सडकमा जनताको जीवन्त सहभागिता संविधान निर्माणमा देखापरेको गतिरोध कम पार्न सहायक सिद्ध भयो । संविधानको प्रस्तावनामा जनआन्दोलनको उपलब्धि उल्लेख गर्ने र सार्वभौमसत्ता जनताको हातमा हस्तान्तरण गर्नेसम्मका विषय बाहिरको सडक आन्दोलनको तापद्वारा नै लेखिन सम्भव भयो । सहमति/असहमति र विरोध हुँदै आयोगले तिन महिनामै संविधान मस्यौदा तयार पाऱ्यो । भदौ १७ गते संविधान अनुमोदन हुने भनियो, पछि फेरि २१ गते हुने भनियो तर भएन ।

भदौ २५ मा आयोगले मस्यौदा बुझायो तर घोषणाको अनुमान गर्दै असोज २, ३ र १० गते पुग्यो । अर्थात निर्मित संविधानको घोषणा दरबारले गरेन । मदन भण्डारीले एकातिर संविधान घोषणामा दरबारले गरेको आलटाल र षड्यन्त्रको तीव्र प्रतिवाद गनुभयो भर्ने अर्कातिर मस्यौदा संविधानको अन्तर्वस्तुलाई जनताको सामु छर्लङ्ग पर्दै त्यसमा अन्तरिम मन्त्रिपरिषद्ले सुधार्नुपर्ने कुराहरू स्पष्ट औँल्याउनुभयो । संविधान छलफलका निम्ति मन्त्रिपरिषद्मा पठाइयो । दरबारले अर्को संविधान बनायो - बैग्लै र निरङ्कुशतावादी । नेपाल टेलिभिजन तथा गोरखापत्र (५ कार्तिक, २०४७) मार्फत दरबारले तयार गरेको संविधानको अन्तर्वस्तु जनतासमक्ष आइपुग्यो । जसअनुसार संवैधानिक राजतन्त्रअन्तर्गतको बहुदलीय व्यवस्था, श्री ५ सहित जनताको हातमा सार्वभौमसत्ता, राजेच्छा बमोजिम संविधान संशोधन लगायतका बुँदाहरू समावेश थिए । त्यसमा जनआन्दोलनको उल्लेख कतै थिएन । मदन भण्डारीले त्यसको धुँवाधार विरोध गर्नुभयो । संविधानमा दरबारिया षडयन्त्रविरुद्ध पार्टीको तर्फबाट मदन स्वयम्ले आन्दोलनको नेतृत्व सम्हाल्नु भएको थियो । दरबारिया संविधानको विरोध गर्ने कुरामा मदनको स्वर सबैभन्दा स्पष्ट र तेजिलो देखापऱ्यो । पञ्चायती संविधानभन्दा पनि कैयौंगुना प्रतिगामी, निकृष्ट र तुच्छ संविधानको निर्माण भएको भन्दै उहाँले आक्रोश व्यक्त गर्नुभयो । त्यस समयमा के देखियो भने, कुर्सीमा बसेको मदन भण्डारीभन्दा पनि मदन भण्डारीभित्र रहेको जननेता यथासमय उपयुक्त निर्णय लिन र त्यसलाई वकालत गर्न सजग र सक्रिय रह्यो । यसैको फलस्वरूप सो दरबारिया मस्यौदा सखाप पारियो ।

मदन भण्डारी जहिले पनि संविधानमा आन्दोलनको भावना प्रतिबिम्बित गर्न, राजतन्त्रको भूमिकालाई निस्तेज पार्न, जनताको सार्वभौमसत्ता सुरक्षित गर्न, राष्ट्रिय एकताको आधारशिला निर्माण गर्न, भाषाहरूमा हुने भेदभाव अन्त्य गर्न, मानवअधिकार र बहुदलीयतालाई सुदृढ गर्न अविश्रान्त रूपले लाग्नुभयो । उहाँले संविधान सुझाव आयोगले मस्यौदा गरेको संविधानमा विद्यमान विसङ्गति, जनविरोधी कुरा र त्रुटिहरूलाई २७ बुँदामा समेटी अन्तिम समयसम्म पनि इमानदारिताका साथ खराबी विरुद्ध जनतालाई सचेत पार्ने काम गर्नुभयो । त्यही तथ्य, तर्क, इतिहास र वास्तविकता जनतालाई बुझाउँदै उहाँले २०४७ कार्तिक

२३ गते लालमोहर लागेको संविधानको आलोचनात्मक समर्थन गर्नुभयो । उहाँले सार्वभौमसत्ताको प्रयोग जनताबाट हुनुपर्ने, निशान छाप फेर्नुपर्ने, राजपरिषद्को व्यवस्था हटाउनुपर्ने, श्री ५ को सरकारको बदला नेपाल सरकार राखिनुपर्नेजस्ता विभिन्न बुँदाहरू अघि सार्नुभयो। जसको फलस्वरूप नेपालबाट तिस वर्षे निर्दलीय पञ्चायती व्यवस्था हटी नेपालमा वि.सं. २०४७ कार्तिक २३ गते प्रजातान्त्रिक संविधानको घोषणा गरियो । यसरी 'नेपाल अधिराज्यको संविधान, २०४७' लाई रोप्ने, गोड्ने, हुर्काउने र त्यसलाई अहिलेको संविधानको रूपमा विकसित बनाउने काममा मदन भण्डारीको अतुलनीय योगदान रहेको इतिहास सिद्ध छ ।

कांग्रेसका नेता गणेशमान सिंहले विश्वास गरेको कम्युनिष्ट पार्टीका युवा नेता, भर्भराउँदो योग्यता, क्षमतासहितको आकर्षक व्यक्तित्व, साँच्चै व्यवहार र सिद्धान्तले मिलाउन खोज्ने आदर्श व्यक्तित्व हुनुहुन्थ्यो - मदन भण्डारी । "राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन" भन्ने मदन भण्डारी आफ्नो प्रथम सम्बोधनबाट जनजनका हृदयमा प्रवेश गर्नुभयो र लोकप्रियताको शिखरतिर लम्कनुभयो । नेकपा (माले) र नेकपा (मार्क्सवादी) को एकीकरणमा उहाँको योगदान उल्लेखनीय रह्यो । संविधानको घोषणापछि काठमाडौं क्षेत्र नं. १ को निर्वाचनमा उहाँले नेपाली कांग्रेसका शीर्षस्थ नेता कृष्णप्रसाद भट्टराईलाई पराजित गरी नेपाली काङ्ग्रेसको अभिमानलाई चकनाचूर पारेपछि अमेरिकी ' न्युजविक' नामक पत्रिकाले उहाँतिर सङ्केत गर्दै लेख्यो, 'नेपाल जहाँ कार्लमार्क्स जीवित छन् ।' उहाँको नेतृत्वमा पार्टीले आम निर्वाचनमा ६९ स्थानमा विजय प्राप्त गऱ्यो भने स्थानीय निर्वाचनमा उल्लेखनीय स्थान हासिल गर्न सफल भयो । वि.सं २०४९ माघ १४-२० मा आयोजित नेकपा (एमाले) को पाँचौ राष्ट्रिय महाधिवेशनबाट पनि उहाँ महासचिवमा निर्वाचित हुनुभयो । 'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सृजनात्मक प्रयोग र विकास गरौँ' भन्ने नाराका साथ सम्पन्न सो महाअधिवेशनले उहाँद्वारा प्रस्तुत 'जनताको बहुदलीय जनवाद (जबज)' को कार्यक्रम पारित गरेको थियो । हतियारभन्दा पनि शक्तिशाली आँट र हिम्मतका साथ प्रतिस्पर्धाको राजनीतिमा आफ्नो सम्पूर्ण प्रतिभा र बुद्धि-शक्ति लगाएर उहाँले जनताको बहुदलीय जनवाद अघि सार्नुभयो । राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिको गहन विश्लेषणसहित आएको यो

कार्यक्रम नै नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा रहेको छ र लाखौँ जनताको समर्थन यसले पाएको छ ।

संविधानको सर्वोच्चता, बहुदलीय खुल्ला समाज, शक्ति पृथकीकरण, मानवअधिकारको संरक्षण, बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्था, आवधिक निर्वाचन, बहुमतको सरकार तथा संवैधानिक प्रतिपक्ष, कानुनी राज्यलगायतका विशेषतासहितका राज्यप्रणालीबाट कल्याणकारी जनवादी व्यवस्थाको सुदृढीकरण, विदेशी पुँजी र प्रविधिको प्रयोग गर्ने ठोस दृष्टिकोणसहित अगाडि सारिएको जबजलाई व्यावहारिक रूपमा उतार्न र व्यापक समर्थन जुटाउनका निम्ति मदनले अथक मिहिनेत गर्नुभयो । देशका विभिन्न भागमा पुगेर उहाँले विशाल जनसमुदायमाझ यसबारे प्रकाश पार्नुभयो । उहाँले चीनमा पुगेर आफ्नो योग्यता र दक्षता देखाउनुभयो । त्यसैगरी भारतको कलकत्ता (सन् १९९३ मे ५-७) मा आयोजित 'समकालीन विश्वपरिस्थिति र मार्क्सवादको सार्थकता' विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरेको कार्यपत्र सहभागीहरूमा विशेष प्रभाव पार्न सफल रह्यो । वास्तवमा सोभियत सङ्घ र पूर्वी युरोपका समाजवादी मुलुकहरूमा समाजवादको पतन भएको स्थितिमा नेपालबाट फहराइएको कम्युनिष्ट पार्टीको झण्डाले नेपालमा मात्र नभई विश्वमै नवीन आशाको सञ्चार गरेको थियो ।

'सिद्धान्तका निम्ति जीवन होइन, जीवनका निम्ति सिद्धान्त हुनुपर्छ' भन्ने कालजयी भनाइमा उहाँको समग्र चिन्तनको सार अन्तर्निहित छ । जीवनको यथार्थ, मान्छेका सपना र युगको परिवर्तन नै मदन भण्डारीका निम्ति मुख्य एजेन्डा थिए । त्यससँग तादात्म्य राख्ने हदसम्म मात्रै उहाँका निम्ति शास्त्रको सान्दर्भिकता थियो । नेपाली राजनीतिमा मदन भण्डारी जनताका प्रियनेता भएर आफ्नो जीवन उनीहरूकै हकहितमा सर्मपण गरेका शताब्दी पुरुषका रूपमा उदाउनुभयो । जनताले उहाँलाई लोकले चिन्ने नाम दिए - जननेता मदन भण्डारी । देशमा हुने कुनै किसिमका सुधारका आन्दोलनलाई समेत देशको सामाजिक परिवर्तनको दिशातर्फ लगाउनुपर्छ भन्ने उहाँको ध्येय थियो । देश र जनताका लागि लड्दालड्दै वि. सं. २०५० जेठ ३ गते उहाँको देहावसान भयो । यसरी नेपाली राजनीतिमा उज्यालो किरण छरिरहेको सूर्य सदाका लागि अस्तायो र राजनीतिमा फेरि कालो अन्धकार छायो । उहाँले ४० वर्ष १० महिना २०

दिनको अल्पायु यस धर्तीमा बिताउनु भयो र अत्यन्त अस्वाभाविक, असामयिक एवम् अप्रत्याशित मृत्युवरण गर्नुपर्‍यो । यस अवधिमा उहाँले दिनुभएको योगदानले देशका दुःखी, गरिब किसान, मजदुर एवम् श्रमजीवी समुदायलाई न्यानो प्रदान गर्‍यो भने सीमित सामन्ती,साम्राज्यवादी एवम् शोषक समुदायलाई बेचैन बनायो ।

जननेता मदन भण्डारीको उपस्थिति भौतिक रूपमा नभए पनि उहाँले अघि सार्नुभएको विचारले विजय प्राप्त गर्दै गएको छ । आज विश्वको समाजवादी आन्दोलनको कुनै पनि उल्लेखनीय पक्षले बहुदलीयताको सिद्धान्तलाई अस्वीकार गर्न सक्दैन । मदन भण्डारीको मृत्युपछि नेपाली राजानीतिमा कम्युनिष्ट पार्टीले ठुलो हार बेहोर्नुपर्‍यो । तर परिवर्तित सन्दर्भमा उहाँको विचार देशको आर्थिक-सामाजिक रूपान्तरणको नेतृत्व गर्न फलदायी बन्ने धेरैको बुझाइ छ । सैद्धान्तिक दृढता र व्यावहारिक लचकताको सही सन्तुलन नै मदन भण्डारीको समसामयिक राजनीतिमा ऐतिहासिक योगदानका रूपमा रहेको छ । जननेता भण्डारीले अघि सार्नुभएको विचार एवम् सिद्धान्त बहुदलीय जनवादको आलोकमा आज देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक बनेको छ । सार्वभौमसत्ता जनताको हातमा छ र जनताले प्रजातन्त्रको आभास पाएका छन् । 'नेपालको संविधान' २०७२ पछि उहाँले अघि सार्नुभएका विचारका आधारमा नेकपाले २०७४ सालमा सम्पन्न निर्वाचनमा लोकप्रिय जनमत प्राप्त गर्न सफल भई हाल सरकार सञ्चालन गरिरहेको छ । मूलधारका दुई कम्युनिष्ट पार्टी तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच २०७५ साल जेठ ३ गते उहाँकै स्मृतिदिवसका अवसरमा एकीकृत भई हाल देशको सबैभन्दा ठुलो दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेको छ । यी सबै कुरा जननेता मदन भण्डारी नहुनुभएको भए सम्भव हुने थिएन । तसर्थ आफ्नो जीवनकालमा कुनै विश्राम नलिई देश र जनताको प्रगतिका लागि क्रियाशील जननेता भण्डारी आजपनि जनताका माझ उत्तिकै लोकप्रिय हुनुहुन्छ र सदैव जनताको मनमस्तिष्कमा रहिरहनु हुनेछ ।

●

उत्कृष्ट १०

# नेपालको संविधान
# र
# जननेता मदन भण्डारी

● दिनेशराज रेग्मी

युरोपका प्रसिद्ध राजनीतिक चिन्तक जिन ज्याक रूसोका अनुसार, 'राज्यको सार्वभौम शक्तिको बाँडफाँड तथा शक्ति संरचना र स्वरूपको बन्दोबस्त, सार्वभौमसत्ता प्रयोगको वैधानिक माध्यम, राज्यबाट नागरिकहरूले प्राप्त गर्ने हकअधिकारको प्रमाणपत्र एवम् राज्य सञ्चालनको मूल कानुनको रूपमा रहेको लिखित दस्तावेज नै संविधान हो र यो संविधानवादका आधारमा हुने गर्दछ।' रूसोका अनुसार संविधान पित्तल वा मार्बलमा कुँदिएको नभई जनताको हृदयमा हुनुपर्दछ। संविधानले राज्य सञ्चालनका अङ्ग, निकाय, नीति निर्देशक सिद्धान्त, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड एवम् दायित्व किटानी गर्नुका साथै संवैधानिक परिवर्तनको तरिका, नागरिक र सरकारबीचको सम्बन्ध र सीमा निर्धारण गरी सरकारलाई शक्ति र नागरिकलाई अधिकार सम्पन्न बनाउँछ। संविधान लिखित वा अलिखित हुनसक्छ। बेलायतको संविधान अलिखित संविधान हो भने सन् १८८९ मार्च ४ मा संवैधानिक सम्मेलनबाट जारी भएको अमेरिकाको 'सात धारा' संविधान विश्वकै पहिलो लिखित र सानो संविधान हो। त्यस्तै

भारतको ४४८ धारा रहेको संविधान विश्वकै लामो संविधान हो । सन् २००० जनवरी १ देखि लागू भएको स्विट्जरल्यान्डको संविधान जनमतसङ्ग्रहबाट बनेको पहिलो संविधान हो ।

नेपालको संविधान निर्माण गर्दा अपनाइएका सिद्धान्तहरू, मदन भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवाद (जबज) र २७ बुँदे असहमतिमा आधारित छ । यस सिद्धान्तमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सार्वभौमसत्ता, शक्ति पृथकीकरण, संवैधानिक कल्याणकारी राज्य, आधार भूत मौलिक हक एवम् मानवअधिकार, नागरिकताको सुनिश्चितता, संविधानवाद, संविधान संशोधन, संवैधानिक अदालत, धर्मनिरपेक्षता, समावेशिता, समानता, स्वतन्त्रता र भ्रातृत्व, स्रोतसाधन र अधिकारको बाँडफाँड, र स्थिर सरकारको व्यवस्था जस्ता कुरा रहेका छन् ।

'जनताको राजनीतिमा थकाइ भन्ने हुन्न, प्रतिक्रियावादी शक्तिहरूले यदि हाम्रो शान्तिपूर्ण आन्दोलनलाई दवाउन खोजे भने जनता पनि हातमा दही जमाएर बसेको छैन, जनताका हातहरू पनि बाँसका ठुँटा होइनन्, हात्ती लम्किँदै गर्छ कुकुर भुक्दै गर्छ, काग कराउँदै जान्छ, पिना सुक्दै जान्छ हाम्रो अभियान जारी रहन्छ र निष्कर्षमा पुग्छ' भन्ने कुरा मदन भण्डारी बारम्बार भन्ने गर्नुहुन्थ्यो । उहाँ चुनौती दिँदै भन्नुहुन्थ्यो 'मान-सम्मानलाई उपयोग गर्दै किनारामा बसिबक्स्योस् महाराज, हात नचलाइबक्स्योस्, आखाँ नचम्काइबक्स्योस् र आफ्ना सुण्डमुण्डहरूलाई नै चलाउने हो भने महाराज श्रीपेच उतारेर सिंहासनमा राखेर मैदानमा आइबक्स्योस् हामी हजुरलाई जनताको बलमा हराइदिन्छौं, नत्र टाट्नामा घाँस हालेको बाख्रा जस्तो गरेर जनताले छुट्याएको ४ लाख खाइबक्सियोस् तर जनताको अधिकारमा गिद्धेदृष्टि नलगाइबक्स्योस् ।' नेपाली क्रान्तिका सम्बन्धमा उहाँ भन्नुहुन्थ्यो - 'साथीहरू हामी माओले भनेजस्तै जुत्ता हेरेर खुट्टा काट्ने होइन कि खुट्टा हेरेर जुत्ता काट्ने काम गरौँ अर्थात् देशअनुसार क्रान्तिलाई अघि सारौँ ।' यस्ता भनाइ राख्ने नेपाली वाम, जनवादी र लोकतान्त्रिक आन्दोलनका नायक जननेता मदन भण्डारी नेपाली जनताको आशा-भरोसाको केन्द्र, जनताको ढुकढुकी, शत्रुहरूको लागि बाघजस्तै गर्जने तथा मजदुर किसान शोषित पीडितहरूका लागि आँखाको

नानी हुनुहुन्थ्यो । मरणोपरान्त 'नेपालरत्न' द्वारा विभूषित जननेता मदन भण्डारीले नेपालको संविधान निर्माण प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउनु भयो । कम्युनिष्ट आन्दोलनका महानायक मदन भण्डारी हुरीबतास भएर आउनुभयो, लामपुच्छ्रे ताराझैं आउनुभयो र त्यसैगरी अलप हुनुभयो । नेपाली जनताका लागि संविधान बनाउन आमूल परिवर्तनको खाका कोर्नुभयो, जनतालाई लोकतान्त्रिक वामपन्थी आन्दोलनमा सरिक गराएर गाउँबस्ती बस्ती चलायमान पारेर निकै चर्चा बटुल्नुभयो ।

## नेपालमा संवैधानिक विकास क्रम

नेपालमा जयस्थिति मल्लले सन् १२८० मा जारी गरेको स्थितिको व्यवस्थालाई नै पहिलो संविधानको रूप मानिएको छ । यसैले नेपालमा विधिको शासन ६ सय वर्षभन्दा पहिले शुरु भएको हो । यसपछि महेन्द्र मल्ल, पृथ्वीनारायण शाहको समयमा विकसित भई विसं २००४ मा वैधानिक कानुनका रूपमा संविधानको विकास भएको हो ।

| संविधानको नाम | घोषणा मिति | घोषणाकर्ता | भाग, धारा, अनुसूची | प्रमुख विशेषता |
|---|---|---|---|---|
| नेपाल सरकार वैधानिक कानून २००४ | २००४ माग १३ | श्री ३ पद्म शमशेर | ६ भाग ६८ धारा फेहरिस्ता | पहिलोपटक मौलिक हक र अधिकारको व्यवस्था गरिएको |
| नेपालको अन्तरिम शासन विधान २००७ | २००७ चैत १७ | श्री ५ त्रिभुवन वीर विक्रम शाह | ७ भाग ४७ धारा ४ परिच्छेद | पहिलोपटक संविधानसभाकोपरिकल्पना गरिएको |
| नेपाल अधिराज्यको संविधान २०१५ | २०१५ फागुन १ | श्री ५ महेन्द्र वीर विक्रम शाहदेव | १० भाग ७७ धारा १० परिच्छेद | मूल कानुनको रुपमा स्वीकार गरिएको पहिलो संविधान |
| नेपालको संविधान २०१९ | २०१९ पुष १ | श्री ५ महेन्द्र वीर विक्रम शाहदेव | २० भाग ९७ धारा ६ अनुसूची | नेपाललाई पहिलोपटक हिन्दु राज्यको घोषणा गरेको |

| | | | | |
|---|---|---|---|---|
| नेपाल अधिराज्यको संविधान २०४७ | २०४७ कार्तिक २३ | श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव | २३ भाग १३३ धारा ३ अनुसूची | पहिलोपटक सर्वभौमसत्ता जनतामा कायम भएको |
| नेपाल आन्तरिम संविधान २०६३ | २०६३ माग १ | संसद | २४ भाग १६६ धारा ४ अनुसूची | नेपाली जनताका नामबाट जारी भएको पहिलो संविधान |
| नेपालको संविधान २०७२ | २०७२ असोज ३ | राष्ट्रपति रामवरण यादव | ३५ भाग ३०८ धारा ९ अनुसूची | संविधानसभाबाट जारी भएको विश्वको ४४ औं र नेपालको पहिलो संविधान |

## जननेता भण्डारी र नेपालको वर्तमान संविधान

नेपालका वरिष्ठ राजनीतिज्ञ तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का नेता मदन भण्डारीको जन्म नेपालको प्रदेश नं. १ मा पर्ने पूर्वी पहाडी जिल्ला ताप्लेजुङको ढुङ्गेसाँघु गाउँ विकास समितिअन्तर्गत वडा नम्बर ८ ठोट्ने गाउँमा अवस्थित एउटा सामान्य कृषक परिवारमा २००९ साल असार १४ गते (जुन २७, १९५२) शुक्रबारको दिन पिता देवीप्रसाद भण्डारी र माता चन्द्रकुमारीका माहिला छोराको रूपमा भएको थियो । स्थानीय टुनीबोटे हिउँदे स्कुल र ठोट्ने प्राथमिक विद्यालयबाट मदनले अक्षरारम्भ गरेका थिए । निम्नमाध्यमिक तहको अध्ययन पनि स्थानीय तेम्बे माध्यमिक विद्यालयमा र माध्यमिक तहको अध्ययन बालसुबोधिनी संस्कृत माध्यमिक विद्यालय, फुङलिङबाट पूरा गरेका थिए । बनारसमा अध्ययनसँगसँगै राजनीतिक चासो र गतिविधिमा संलग्न हुँदै उनले बनारस विश्वविद्यालयबाट २०३३ सालमा भाषा-साहित्यमा स्नातकोतर गरे । उनले बनारस संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्यमा आचार्य गरेका थिए । राजनीतिमा औपचारिक प्रवेशपूर्व २०२४ सालदेखि नै मार्क्सवादप्रति आकर्षित थिए भने २०२८ सालमा पुष्पलाल समूहको नेपाली जनवादी सांस्कृतिक सङ्घको केन्द्रीय सदस्य बनेका थिए । मदनले २०२ ९ सालमा कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए भने उनी २०३० सालमा पार्टीको पूर्णकालीन कार्यकर्ता भए । २०३३ सालमा मुक्तिमोर्चा समूहको निर्माण गरियो । त्यसको निर्माणमा सक्रिय रहेका नेताहरू पुष्पलालको पार्टीसँग विद्रोह

गरी २०३४ सालमा नेकपा (माले)को स्थापना हुनुभन्दा पूर्वको 'कोअर्डिनेसन केन्द्र' मा आबद्ध भई 'मुक्तिमोर्चा समूह' नै त्यसमा बिलय गराइयो । २०३५ सालमा नेकपा (माले) स्थापना गरी उनी केन्द्रीय सदस्य बने । वि सं.२०३९ साल साउन १४ गते विराटनगरको तिनटोलियामा माधवकुमार नेपाललाई सभापति राखेर उनले पार्टीको निर्णय बमोजिम विद्या पाण्डेसँग जनवादी विवाह गरेका थिए । २०४१ साल वैशाखमा भण्डारी पार्टीको पोलिटब्युरो सदस्य भए भने नेकपा (माले) को चौथो महाधिवेशन ( २०४६ भाद्र ९-१५ सम्म सिरहाको सर्रे अम्बास) बाट महासचिवको जिम्मेवारी लिन सफल भए ।

३० वर्षसम्मको क्रूर पञ्चायती व्यवस्था विरुद्धको ऐतिहासिक जनआन्दोलनबाट २०४६ साल चैत २६ गते बहुदलीय प्रजातन्त्रको स्थापनापश्चात् दलमाथिको प्रतिबन्ध फुकुवा भयो र भूमिगत दलहरू पनि क्रमशः सतहमा आउन थाले । यही क्रममा तत्कालीन नेकपा (माले) को प्रवक्ताको रूपमा मदन भण्डारी सार्वजनिक भएका थिए । अन्तरिम सरकारका बेला राजा वीरेन्द्रले नेपाल अधिराज्यको संविधान २०४७ घोषणा गरेका थिए । सो संविधानको व्यवस्थाले जनतालाई अधिकारसम्पन्न नबनाएको भन्दै मदन भण्डारी नेतृत्वको नेकपा (माले) ले ' नोट अफ डिसेन्ट' नै लेख्यो तर पनि मालेले प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था स्वीकार गर्दै संविधानको आलोचनात्मक समर्थन गरेको थियो । मदनले मस्यौदा संविधानमा प्रतिक्रिया, आलोचना र सुझाव भनेर संविधानको मस्यौदाप्रति सार्वजनिक टिप्पणी गर्दै पार्टीको तर्फबाट २७ बुँदाको सुझाव प्रस्तुत गरेका थिए । संविधान निर्माणको प्रक्रियामा अप्रत्यक्ष संलग्न रहेका भण्डारीले आलोचनाका २७ बुँदासहित टिप्पणी जनाउन परेको थियो भने संविधान जारी भएपछि ' आलोचनात्मक समर्थन' भन्ने निर्णय गरेका थिए ।

## आलोचनाका २७ बुँदा

१. संविधानको धारा ३ मा सार्वभौमसत्ता जनतामा रहेको र यसको प्रयोग संविधानमा व्यवस्था भएबमोजिम हुनेछ भनिएको छ । यस्तो अस्पष्ट हुनुहुँदैन । यसमा सुस्पष्ट रूपमा जनता र जनताबाट निर्वाचित

प्रतिनिधिहरूद्वारा सार्वभौमसत्ताको प्रयोग हुनेछ भनेर लेखिनुपर्छ, नत्र फेरि घुमाउरो ढङ्गले यो अधिकार राजाको हातमा पुग्नसक्छ ।

२. धारा ४ (१) मा भएको हिन्दु शब्द हटाउनुपर्छ । राजा हिन्दु धर्मावलम्बी हुनेछन् भन्नेकुरा धारा २७ मा लेखिएको हुनाले यहाँ अधिराज्यको परिभाषामा त्यसलाई राख्नु आवश्यक छैन्र । त्यसले अधिराज्यको सम्बन्धमा भ्रम खडा गर्न सक्छ ।

३. धारा ६ मा नेपाली भाषालाई राष्ट्रभाषा र देशका सबै मातृभाषाहरूलाई राष्ट्रिय भाषा लेखेको हुनाले पक्षघात गर्न खोजिएको भ्रम उत्पन्न भएको छ । सबै भाषालाई समान ढङ्गले सम्मान गर्नका निमित्त एउटै मात्र शब्दको प्रयोग गरी नेपाली भाषालाई राजकीय वा सरकारी कामकाजको भाषामात्र भन्नु पर्छ ।

४. धारा ७ को ३ मा उल्लेख भएको निशानछाप वर्तमान परिस्थिति अनुरुप फेर्नुपर्छ ।

५. भाग ३ को मौलिक हकसम्बन्धी व्यवस्थामा प्रतिबन्धात्मक उपधाराहरूमा राखिएका 'राजद्रोह' तथा 'हिंसात्मक' कार्य गर्न जस्ता शब्दहरू हटाउनुपर्छ, नत्र शासकहरूले जहिले पनि विपक्षीमाथि यस्तो आरोप लगाएर प्रतिबन्ध लगाउने खतरा रहन्छ ।

६. धारा १७ को सम्पत्तिको हकसम्बन्धी व्यवस्था लोककल्याणकारी राज्यको अवधारणा अनुरूप हुनुपर्छ । श्रमिकहरूले आफ्नो श्रम र श्रमको उत्पादनमाथि पूर्ण स्वामित्व प्रदान गर्ने कुरा उल्लेख गरिनुपर्छ ।

७. भाग-५ को 'श्री ५' सम्बन्धी महलमा धारा २७ को २ मा 'श्री ५' लाई नेपालको राष्ट्रियता र नेपाली जनताको एकताको प्रतिक भनिएको छ । 'श्री ५' भन्ने संविधानअनुसार एउटा व्यक्ति हो र व्यक्ति राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्दैन । यसलाई हटाउनुपर्छ । बहुदलीय प्रजातन्त्र र प्रजातान्त्रिक संविधानमात्र राष्ट्रियता र जनएकताका प्रतीक हुनसक्छन् ।

८. धारा २७ मा संविधानको संरक्षण श्री ५ बाट गर्ने भनिएको छ। संविधानको संरक्षणकर्ता जनता हुन्, श्री ५ वा कुनै व्यक्ति, राजनीतिक पार्टी वा संस्था हुन सक्दैन। श्री ५, राजनीतिक पार्टी र हरेक व्यक्तिले संविधानको पालना गर्नुपर्छ।

९. धारा २८ को १ र २ दुवैलाई हटाउनुपर्छ। राजा पूर्ण रूपमा संविधानको मातहतमा हुनुपर्छ। उत्तराधिकारीको क्रमसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार श्री ५ को स्वीकृतमा संसदमा रहनुपर्छ।

१०. धारा २९ को श्री ५ र राजपरिवारको खर्चसम्बन्धी व्यवस्थामा प्रचलित कानुनमा व्यवस्था भएको खर्च सुविधा गर्नेगरी कुनै कानुन बनाउन पाइने छैन भन्ने प्रतिबन्धात्मक वाक्यांशलाई हटाउनुपर्छ। यस धारामा उल्लेख गरिएको श्री ५ शब्द पनि हटाउनुपर्छ।

११. धारा ३० मा राजपरिवरको आय र निजी सम्पत्ति करमुक्त अनतिक्रम्य हुने व्यवस्था पूरै हटाई राजा र राजपरिवारको सम्पतिमा पनि नागरिकसरह कर लाग्ने व्यवस्था गरिनुपर्छ।

१२. धारा ३० मा गरिएको स्पष्टीकरणलाई अलग र सिङ्गो धारा बनाएर सुस्पष्ट व्यवस्था गरिनुपर्छ र 'राजपरिवार' भन्नाले के बुझिन्छ भन्ने किटान साथ उल्लेख हुनुपर्छ।

१३. धारा ३१ मा श्री ५ ले गरेका कुनै कामको सम्बन्धमा कुनै पनि अदालतमा सवाल-जवाफ गर्न नपाइने व्यवस्था गरिएको छ, यसलाई सच्चाएर श्री ५ ले संविधान बमोजिम गरेको कामका बारेमा अदालतमा सवालजवाफ नहुनसक्छ, संविधान मिचेर काम गरेको भएमा अदालतमा मुद्दा चलाउन र सवालजवाफ गर्न पाउनुपर्छ।

१४. भाग-६ को राजपरिषदले गर्ने भनिएको काम संसदले नै गर्नसक्ने हुनाले राजपरिषद्को अलग व्यवस्थालाई पूरै हटाउनुपर्छ।

१५. धारा ४० मा उल्लेख गरिएको कार्यकारिणीको अधिकारबाट श्री ५ लाई हटाई यसैको आधारमा (२) मा श्री ५ ले गर्ने काम मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गर्ने व्यवस्था किटान हुनुपर्छ ।

१६. धारा ४१ को (६) मा 'प्रतिनिधिसभामा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा' भन्ने कुरा पनि थप्नु पर्छ ।

१७. प्रतिनिधिसभा विघटन भई कार्यवाहक मन्त्रिपरिषद्ले निर्वाचन सम्पन्न गर्ने दायित्व निर्वाह गर्ने क्रममा प्रधानमन्त्रीको निधन भएमा राष्ट्रियसभाको सिफारिसमा श्री ५ बाट अर्को कार्यबाहक मन्त्रिपरिषद्ले गठन गरिने कुरामा स्पष्ट पारिनुपर्छ ।

१८. धारा ६१ को (१) मा 'बहसमा बन्देज' गरिएको कुरा हटाउनुपर्छ अनुचित आचरण भएको खण्डमा संसदमा बहस छलफल गर्न पाउनुपर्छ ।

१९. धारा ७३ को (२) विधेयकमा संशोधन पेश गर्न श्री ५ को पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थालाई हटाउनुपर्छ ।

२०. धारा ७७ को अध्यादेशसम्बन्धी व्यवस्थामा उपधारा १ को 'श्री ५ सन्तुष्ट होइबक्सेमा', मौसुफबाट आवश्यक सम्झिबक्सेमा' भन्ने वाक्यांशहरू हटाउनुपर्छ ।

२१. धारा ८२ को (१) र धारा ८४ को (१) मा गर्नुपर्ने कामहरू श्री ५ बाट गराउने भन्ने प्रावधान हटाउनुपर्छ । धारा ८६ र ८७ मा श्री ५ को स्वविवेक, सन्तुष्टि र स्वीकृति भन्नेजस्ता वाक्यांशलाई हटाउनुपर्छ ।

२२. धारा १८ बमोजिम सङ्कटकालीन स्थिति उत्पन्न भएमा धारा १२२ को (८) अनुसार निलम्बित धाराहरू बाहेक धारा २३ को संवैधानिक उपचारहरू प्राप्त गर्ने हकसमेत निलम्बन गर्नु हुँदैन ।

२३. धारा १२५ मा राष्ट्रिय सुरक्षा समितिको व्यवस्था उल्लेख गर्नु आवश्यक छैन । देशको सेना पूर्णरुपले मन्त्रिपरिषद्को मातहतमा हुनुपर्छ ।

२४. धारा १२९ मा बाधा अड्काउ फुकाउने अधिकारको व्यवस्था गरिएको ठाउँमा प्रधानमन्त्रीको सिफारिसमा श्री ५ बाट आदेश जारी गर्ने कुरा उल्लेख हुनुपर्छ ।

२५. धारा १३३ मा संविधान लागू भएपछि पनि संविधानसँग बाझिएका भए पनि खारेज वा संशोधन नभएसम्म पुराना कानुनहरू एक वर्षसम्म लागू रहने व्यवस्था गरिएको छ । त्यसलाई बदल्नुपर्छ र संविधान लागू भएदेखि नै त्यससँग बाझिएका कानुनहरू बाझिएको हदसम्म निष्क्रिय हुने र नबाझिएका कानुनहरू मात्र लागू रहने व्यवस्था गरिनुपर्छ ।

२६. श्री ५ को सरकार' मा श्री ५ हटाएर 'नेपाल सरकार' भन्ने व्यवस्था हुनुपर्छ । 'शाही सेना' भनिएको ठाउँमा 'नेपाली सेना' व्यवस्था हुनुपर्छ । सरकारी सार्वजनिक संस्थाहरू र निकायहरू सबै ठाउँमा रहेका 'शाही' शब्दहरू हटाउनु पर्छ ।

२७. श्री ५ ले संविधानविपरीत काम गरेको खण्डमा महाअभियोग लगाउन पाइने अधिकारको व्यवस्था गरिनुपर्छ । यदि यस्तो प्रावधान भएन भने इतिहासमा जस्तै फेरि निरङ्कुशता र स्वेच्छाचारिता बढ्दै जान सक्ने खतराबाट जोगिन सकिन्न ।

यसरी भण्डारीले २७ बुँदे आलोचनात्मक समर्थन गर्दै सतचालिस सालको संविधानप्रति टिप्पणी गरेका थिए: '**कुराले च्युरा भिज्दै भिज्दैन, चिउरा भिजाउन दूध, दही, मही वा घ्यु वा यस्तै राम्रा कुरा नभए पानी नै भए पनि चाहिन्छ, हामीले दूध नै चाहेका थियौं । त्यस्तै खालको असल चित्त चाहेका थियौं तर दुर्भाग्यको कुरा के भने पानीले च्युरा भिजाउन पर्‍यो र अलिकति चिनीसम्म छर्किएका हौँ ।**"यसरी मदन भण्डारीले २०४७ सालको संविधानमा आलोचनाका २७ बुँदा राख्दा जनताको संविधान बन्नुपर्छ भनेर स्पष्ट धारणा राखेका थिए । फलस्वरुप उनका सबै असहमतिका सवालहरू, नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ ले समेटेका छन् । यसबाट मदन भण्डारीको दूरदर्शी राजनीतिक सोच स्पष्ट बुझिन्छ ।

## जनताको बहुदलीय जनवाद र नेपालको संविधान

सन् १९९० को दशकमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा ठुला सङ्कटहरू उत्पन्न भए । सोभियत सङ्घ र पूर्वी युरोपमा कम्युनिष्ट सत्ता ढल्दै गएका थिए । संसारकै कतिपय कम्युनिष्ट पार्टीहरू दक्षिणपन्थी नीति बोकेर विसर्जनवादतिर अगाडि बढ्दै थिए भने कतिपय कम्युनिष्ट पार्टीहरू उग्रवामपन्थी भडकाउतिर अग्रसर हुन पुगेका थिए। यही बेला नेकपा (एमाले) ले 'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सृजनात्मक प्रयोग र विकास गरौं' भन्ने नाराका साथ मदन भण्डारीको नेतृत्वमा चौथो महाधिवेशनबाट बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्दै, पाँचौं महाधिवेशन (२०४९ माघ १४-२०) बाट नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम जनताको बहुदलीय जनवाद पारित भयो । छैटौं र सातौं महाधिवेशनले सोही कार्यक्रमलाई निरन्तरता दिँदै आठौं महाधिवेशन (२०६५ फागुन ५-१६ बुटवल) ले जबजलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा पारित गर्‍यो ।

जबजको कार्यक्रममा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक पक्षका साथै कम्युनिष्ट आन्दोलनको प्रजातान्त्रीकरणका सन्दर्भमा बहुदलीय प्रतिस्पर्धाको राजनीतिक प्रणालीसमेत १४ वटा मौलिक प्रकृतिका विशेषताहरू छन् । ती हुन् :

१. संविधानको सर्वोच्चता
२. बहुलवादी खुल्ला समाज
३. शक्ति पृथकीकरणको सिद्धान्त
४. मानवअधिकारको रक्षा
५. बहुदलीय प्रतिस्पर्धाको प्रणाली
६. आवधिक निर्वाचन
७. बहुमतको सरकार तथा संवैधानिक प्रतिपक्ष
८. कानुनको शासन
९. जनताको जनवादी व्यवस्थाको सुदृढीकरण
१०. विदेशी पुँजी र प्रविधिको प्रयोग
११. क्षतिपूर्ति (जमिनदारलाई)

१२. विदेश नीति (देशको लाभहानिमा आधारित)
१३. नेतृत्व र अधिनायकत्व (सर्वहारा अधिनायकत्वको ठाउँमा जनताको अधिनायकत्व)
१४. जनताको बहुदलीय जनवाद (क्रान्तिको कार्यक्रम)

भण्डारीले अगाडि सारेका यी चौधवटा विशेषताहरू कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरणका सारभूत मान्यता हुन् । क्रान्तिको कार्यक्रमका रूपमा मात्रै जबजलाई बुझ्नु भनेको गेरुवस्त्र लाउँदैमा त्यसलाई साधु ठान्नु भनेजस्तो मात्रै हो ।

जबजले क्रान्तिपछि लागू गर्ने राजनीतिक कार्यक्रमको रूपमा निम्न लक्ष्यहरू निर्धारण गरेको छ :

१. सामान्तवाद, दलाल-नोकरशाही पुँजीवाद र सामन्तवादको सत्ता तथा उनीहरूको शोषण उत्पीडन समाप्त गरी मजदुर, किसान तथा सामन्तवाद साम्राज्यवादविरोधी सम्पूर्ण जनवादी, देशभक्त र न्यायप्रेमी जनसमुदायको संयुक्त जनवादी राज्यसत्ता कायम गर्ने ।
२. नेपाललाई स्वतन्त्र, सार्वभौम, धर्मनिरपेक्ष जनताको जनवादी गणतन्त्र घोषणा गर्ने ।
३. मानव अधिकार र मौलिक हक अधिकारको प्रत्याभूति दिने ।
४. संविधानको सर्वोच्चता, कानुनको शासन र शक्ति पृथकीकरणको सिद्धान्त अवलम्बन गर्ने ।
५. बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष रहने व्यवस्था गर्ने ।
६. विकेन्द्रीकरण र स्थानीय स्वशासनको संवैधानिक व्यवस्था गर्ने ।
७. सामन्तवाद, दलाल-नोकरशाही पूँजीवाद र साम्राज्यवादको शोषण, उत्पीडनका सम्पूर्ण अवशेषहरूलाई कानुनसम्मत ढङ्गले निर्मूल गर्ने ।

जबजको आलोकमा नेपालको राजनीतिक अवस्था र कम्युनिष्ट आन्दोलनको मूलधार अघि बढिरहेको छ । २०६२/६३ को परिवर्तनबाट आएको नेपालको

अन्तरिम संविधान २०६३ मा माथि उल्लेखित लक्ष्यहरूमध्ये अधिकांश उल्लेख भएका थिए। संविधानसभाको दोस्रो निर्वाचनपश्चात नेपालको संविधान (२०७२) जारी भई आज मुलुकमा सात प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहको निर्माण भई संघियताको नवीन प्रयोग र अभ्यास भइरहेको छ। ठुला कम्युनिष्ट पार्टीहरू तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी) बीच पार्टी एकीकरण भई दुई तिहाइको बहुमतबाट सरकार हाँकिरहेका छन्। यसको आधार जबज नै हो।

माओको भनाइ थियो - सबै क्रान्तिकारी वर्गहरू, मजदुर, किसान, बुद्धिजीवी र साना व्यापारीको एकताबद्ध सङ्घर्षबाट अर्धऔपनिवेशिक र अर्धसामन्ती समाजलाई फेर्न र नयाँ जनवाद स्थापना गर्न सकिन्छ। माथि उल्लेख गरिएका जबजको मौलिक १४ वटा विशेषताहरू हिजो संविधान निर्माण प्रक्रिया र सङ्घीयतामा जाने प्रक्रियामा समेत सूत्रबद्ध गरिएका छन्। अर्धसामन्ती नेपाललाई समाजवादउन्मुख संविधान दिलाउने प्रक्रियामा सबैभन्दा प्रभावकारी सैद्धान्तिक वैचारिक ऊर्जा र बाटो जबजले दियो। अहिले जसले जे भनेपनि यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र पनि उहाँकै देन हो। 'राजा हिन्दु भएकोले देश हिन्दु भएको हो। कुनैदिन राजतन्त्र नेपालमा भएन भने त्यसपछि नेपाललाई हिन्दु भन्न पाइँदैन।' यो कुरा उहाँले २०४७ सालमा भन्नुभएको थियो। आजको तिनखम्बे अर्थनीति 'जबज' को मात्र विषय नभएर यसलाई मुलुकको संविधानले नै निर्देशक सिद्धान्तको रूपमा स्वीकार गरिसकेको छ। समाजको लोकतान्त्रीकरणको आधार भनेको स्थानीय सरकार, स्थानीय तहमा मात्र होइन व्यक्तिसम्म पुऱ्याउनुपर्छ भन्दै भण्डारीले २०४८ सालमा संसदमा बोल्नुभएको थियो। जबजको मुख्य सार कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरण नै हो। मार्क्सवादमा रहेका ३ अभिन्न अङ्ग (द्वन्द्वात्मक भौतिकवादी दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद) मा जबजले थप योगदान गरेको छ। आज जबज नेपाली कम्युनिष्ट आन्दोलनको एउटा कोसेढुङ्गा सावित भएको छ। दसवर्षे द्वन्द्व र बन्दुकबाट राज्यसत्ता कब्जा गर्ने रहर भएकाहरूको समेत घुमिफिरी रुम्जाटार भने झैँ जनमतको सन्दुक (मतपेटिका) थापेर बहुदलीय जनवादकै लहरमा पङ्क्तिबद्ध हुनुले पनि धेरै कुराको साक्षी बोकेको छ। बन्दुकले मात्र होइन सडक, सदन,

जनताको एकता र प्रतिबद्धताले पनि राज्यसत्ता परिवर्तन गरी जनताको संविधान बनाउन सकिन्छ भन्ने कुरा जबजले सावित गरिदियो ।

जननेता मदन भण्डारी नयाँ विचारमार्फत मार्क्सवादलाई पुनर्जीवन प्रदान गर्ने एक युगप्रवर्तक नेता हुनुहुन्थ्यो । लेनिनले सबैभन्दा पहिला संसारमा स्थापित गरेको सोभियत समाजवाद असफल भएर विश्व कम्युनिष्ट आन्दोलनले गम्भीर धक्का खाँदै महासङ्कटको आँधीबहेरीको सामना गरिरहेको बेला र पश्चिमाहरूले मार्क्सवादको पतनको माला जपिरहेको बेला,दोस्रो विश्वयुद्धको सेरोफेरोमा लहरकै रूपमा ठडिएका पूर्वी युरोपका कम्युनिष्ट शासनका आदर्श किल्लाहरू एकाएक ढलिरहेको बेला नेपालमा एक यस्ता नेताको उदय भयो, जसले जनताको मन र मुटु जितेर बुलेटबाट होइन ब्यालेटका माध्यमबाट पनि कम्युनिष्ट शासन व्यवस्था स्थापना गरी संविधान निर्माण गर्न सकिन्छ भन्ने सिद्धान्तमात्र दिएन, त्यसको प्रयोग समेत गरिदियो । विभिन्न चिरामा विभाजित कम्युनिष्ट आन्दोलनलाई एउटै मूलप्रवाहमा ल्याउन, मार्क्सवादी सिद्धान्तलाई नेपालको वस्तुस्थितिअनुसार सृजनात्मक प्रयोग र विकास गर्न मदन भण्डारीले महत्वपूर्ण भूमिका खेल्नुभएको छ । जबजको प्रतिपादन नभएको भए कम्युनिष्ट आन्दोलन अहिले पनि जङ्गलहरूमा सीमित भएको हुनेथियो र नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था नै हुने थिएन ।

विश्वको कम्युनिष्ट दर्शन आर्थिक न्यायका विषयलाई केन्द्रमा राखेर विकास भएको दर्शन हो । यो कुरा आज नेपालको संविधानमा समेत प्रतिबिम्बित भएको छ । सन् १९९१ मे २७ मा अमेरिकाको 'न्युजविक' म्यागाजिनले 'नेपालमा कार्ल मार्क्स जीवितै छन्' भन्ने मदन भण्डारीको अन्तर्वार्ता छापेर कम्युनिष्टहरूमा आशाको किरण छरेको थियो । सिद्धान्तका निम्ति जीवन होइन, जीवनको निम्ति सिद्धान्त हुनुपर्ने मान्यता राख्नुहुने मदन भण्डारीले नेपालमा मार्क्सवादको सृजनात्मक प्रयोग र विकास गरेर विशेष योगदान गर्नुभएको थियो । पुष्पलालले २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी स्थापना गरेर जुन ऐतिहासिक काम गर्नुभएको थियो, त्यसमा परिवर्तित परिस्थितिमा प्राण भरेर जनताका बीचमा लैजाने काम निःसन्देह जननेता मदन भण्डारीले गर्नुभएको थियो ।

मदन भण्डारी कतिसम्म दूरदर्शी हुनुहुन्थ्यो भन्ने कुरा नेकपा (मार्क्सवादी) सँगको एकीकरणले बताउँछ । नेकपा (माले) को सङ्गठन थियो तर सार्वजनिक छवि भएका नेता थिएनन् । अनि मार्क्सवादीसँग मनमोहन अधिकारी, साहना प्रधान, भरतमोहन अधिकारी जस्ता सार्वजनिक छवि भएका नेता थिए तर सङ्गठन थिएन । यस्ता दुई खालका कम्युनिष्ट पार्टीको एकताबाट मदनले एकीकरणको अभियानमात्र थाल्नु भएन, यसबाट पनि कम्युनिष्ट पार्टीलाई लोकप्रिय बनाउने काम गर्नुभयो । २०५० साल जेठ ३ गते चितवनको दासढुङ्गामा रहस्यमय दुर्घटनामा परी मदन भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको निधन भयो । उहाँहरूको देहावसानले सिङ्गो नेपालको वाम आन्दोलन, जनवादी आन्दोलन, सर्वहारा मजदुर किसान, भूमिहीन किसान, देशभक्तहरूको आन्दोलन र विशेषगरी कम्युनिष्ट आन्दोलनमा अपूरणीय क्षति पुगेको छ । देशले एउटा राजनीतिक चिन्तक र महान् राजनेता गुमाएको छ ।

●